रातो खबर साप्ताहिक
Ratokhabar weekly

वर्ष ६, अङ्क २७, पूर्णाङ्क २६०   २०७७ फागुन ५ गते बुधबार   Wednesday, 17 Feb 2021   www.eratokhabar.com   मूल्य रु. १०

## प्रगन्ना तथा बर्कापथ सिँचाइ आयोजना प्रक्रिया अगाडि नबढाउन नेकपाको चेतावनी

**दाङ** । नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोले प्रगन्ना तथा बर्कापथ सिँचाइ आयोजना लमही दाङलाई ठेक्का प्रक्रिया अगाडि नबढाउन चेतावनी दिएको छ । नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोका इन्चार्ज सुवासले आज एक प्रेस विज्ञप्ति जारी गरी आम निर्माण व्यवसायीहरूलाई कथित मापदण्डको नाममा यसअघिदेखि अहिलेसम्म पनि काम गर्ने अवसर र अधिकारहरूबाट बञ्चित गरी सीमित २/४ जना निर्माण व्यवसायीहरूले राज्यको राजस्व दुरुपयोग गरिरहेको भन्ने पार्टीमा जनगुनासो आएकोले उक्त आयोजना प्रक्रिया अगाडि नबढाउन आग्रह गरेका छन् । अन्यथा सबै प्रक्रियाहरू सहज रूपमा नबढ्ने पनि जानकारी विज्ञप्तिमा गराएका छन् ।

# २६औँ जनयुद्ध दिवसको अवसरमा महासचिव 'विप्लव' को शुभकामना

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले २६ औँ जनयुद्ध दिवसको अवसरमा शुभकामना व्यक्त गरेका छन् । उनले सम्पूर्ण सहिद बेपत्ता परिवार, घाइते अपाङ्ग, बन्दी नेता-कार्यकर्ताहरूलाई स-सम्मान स्मरण गर्दै पार्टी पंक्ति र आम जनसमुदायलाई भव्यतापुर्वक जनयुद्ध दिवस मनाउनसमेत आग्रह गरेका छन् ।

महासचिव विप्लवले एक वक्तव्य प्रकाशित गरी समय जति बित्दै जान्छ, त्यति नै जनयुद्धको स्मरण ताजा भइरहने बताउँदै आजको संसदीय व्यवस्थाको संकट, आम जनसमुदायले भोग्नुपरेको अनेकौं दुःखकष्ट र परिवर्तनको आकांक्षाले जनयुद्धको औचित्य र सहीपनालाई झनै सावित गरेको बताएका छन् । उनले जनयुद्ध कुनै पार्टीविशेषको क्रान्ति मात्र नभएर आम परिवर्तनप्रेमी, अग्रगामी जनताको चाहना र आवश्यकतासँग जोडिएको विषय भएको र जनयुद्धमा भएको बलिदान र उपलब्धि पनि जनताकै भएको उल्लेख गर्दै ती उपलब्धिहरू जनतालाई पराजित र असफल पार्ने खेलअनुरूप साम्राज्यवादी, प्रतिक्रियावादी, संशोधनवादीहरूको




मिलेमतोमा तहस-नहस पारिएको तर आ-नो पार्टी र अन्य क्रान्तिकारीहरूको सशक्त प्रतिरोधले उनीहरूको त्यो प्रयास कल्पनामै समाप्त भएको बरु दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्था नै आम नागरिकले बुझ्ने गरी आफैं असफल र संकटग्रस्त हुन पुगेको बताएका छन् ।

विप्लवले वर्तमान राजनीतिक संकटबारे धारणा राख्दै आजको संसदवादी व्यवस्थाको असफलतालाई विभिन्न पार्टीहरूले एक अर्काको पार्टी र गुटको असफलता बताउँदै कसैले संसदको पुनर्स्थापना, कसैले चुनावको विकल्प अघि सारेर संसदीय गोलचक्करमा घुमाउन खोजेको तर असफल भइसकेको संसदीय व्यवस्थाले जनअपेक्षाअनुसार निकास दिन नसक्ने ... बाँकी पृष्ठ ७ मा

## आपराधिक कार्य नरोके कडा प्रतिवाद गर्छौं : नेकपा

**काठमाडौं** । नेपाल कम्युनिस्ट पार्टी नवलपुरले नवलपुर जिल्ला बौंदीकाली गाउँपालिका नडा नं. ४, आमडाँडा गाउँमा घटेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ । जिल्ला इन्चार्ज ध्रुवले विज्ञप्ति जारी गर्दै नेपाल कम्युनिस्ट पार्टी नवलपुर सहिद परिवार भेटघाट तथा जनभेटघाटमा गएको बेला कथित माता भनेर चिनिने ६ जनाको समूहले भ्रमिक र काल्पनिक कुरा गरेर मोबाइल, झोला र सम्पूर्ण सामान नियन्त्रणमा लिई लाठी र ढुंगाले हानी कुटपिट गरी घाइते बनाएको कुरा सार्वजनिक गरेका छन् । साथै, यस्ता भ्रामक र काल्पनिक कुरा गरेर जनतालाई ... बाँकी पृष्ठ ७ मा

## जनयुद्ध दिवसको अवसरमा नेकपाले बेसाहाराहरुलाई फलफूल वितरण गरे

**कैलाली** : २६ औँ महान जनयुद्ध दिवसको अवसरमा अखिल (क्रान्तिकारी) कैलालीले बेसाहाराहरुको साहारा दृष्टि फाउन्डेसनमा फलफूल बितरण गरेको छ । अखिल (क्रान्तिकारी) को आयोजनामा भएको कार्यक्रमको प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी कैलाली जिल्लाका सेक्रेटरी करन, अतिथि अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य बबरजडसिंह रहेका थिए ।

शुभकामना तथा ... बाँकी पृष्ठ ५ मा

## रणनीतिक संयुक्त मोर्चा ऐतिहासिक : विप्लव

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयको आयोजनामा २६ औँ जनयुद्ध दिवसको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको खबर प्राप्त भएको छ । कार्यक्रममा प्रमुख अतिथि पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले महान् जनयुद्ध श्रमिक जनताको विद्रोह भएको र देशमा सामन्त, जाली फटाहाविरुद्धको कारवाहीबाट सुरुआत भएको उल्लेख गर्दै तत्कालीन नेतृत्वबाट भएको धोका र विश्वासघातबाट अपूर्ण भएको क्रान्तिलाई पूर्णता दिन र विजयसम्म पुऱ्याउन एकीकृत जनक्रान्ति गर्नुपरेको बताएका छन् । साथै, जनयुद्धका हजारौं सहिद बेपत्ता र एकीकृत जनक्रान्तिमा समेत ११ जनाको सहादतलाई स्मरण गर्दै सहिद, बेपत्ता परिवार, घाइते अपाङ्ग, पार्टीका नेता-कार्यकर्तासहित सम्पूर्ण पार्टीपंक्ति र जनसमुदायलाई शुभकामना व्यक्त गरेका थिए ।

उनले चलिरहेको ... बाँकी पृष्ठ ७ मा

## नेपालमा पहिलोपटक रणनीतिक संयुक्त मोर्चा घोषणा




■ **आशिष कुमार चौधरी**/काठमाडौं

नेपालको राजनीतिक इतिहासमा पहिलोपटक चार क्रान्तिकारी पार्टीहरूले रणनीतिक संयुक्त मोर्चाको घोषणा गरेका छन् । प्रज्ञा भवन, काठमाडौंमा भव्य कार्यक्रमका साथ उक्त मोर्चा घोषणा गरिएको हो । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट ... बाँकी पृष्ठ ७ मा

## २६औँ जनयुद्ध दिवस : एकीकृत क्रान्ति पूरा गर्न प्रेरणा र प्रतिबद्धता दिवस – प्रकाण्ड

■ **धनराज शाही**/काठमाडौं



नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले २६ औँ जनयुद्ध दिवस एकीकृत जनक्रान्ति पूरा गर्न प्रेरणा र प्रतिबद्धता दिवस भएको बताएका छन् । उनले जनयुद्धमा भएको विश्वासघात र आत्मसमर्पण विरुद्ध जनयुद्धका नेता-कार्यकर्ता र सम्पूर्ण श्रमिक र उत्पीडित जनसमुदायलाई फेरि संगठित गर्दै एकीकृत जनक्रान्ति अघि बढेको र वर्तमान संसदीय व्यवस्था असफल सावित भइसकेकोले जनताको जनगणतन्त्र छिट्टै स्थापित भइछाड्ने घोषणा गरे । विगत जनयुद्धका क्रममा महत्वपूर्ण भुमिका खेलेको उत्पीडित बस्तीमा जिल्ला पार्टीद्वारा आयोजित कार्यक्रममा पार्टी कार्यकर्ता र जनसमुदायलाई शुभकामना व्यक्त गर्दै उक्त कुरा उल्लेख गरेको प्राप्त समाचारमा जनाइएको छ ।

## रणनीतिक संयुक्त मोर्चाको अवधारणापत्र र सङ्घर्षका कार्यक्रम घोषणा

**नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले लगाएको प्रतिबन्ध फुकुवा गर : किरण**

■ **गोपाल गिरी**/काठमाडौं



नेत्रविक्रम चन्द 'विप्लव' ले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीसहितका चार कम्युनिस्ट पार्टीले बिहीबार काठमाडौंको कमलादीस्थित प्रज्ञा भवनबाट भव्य समारोहबिच नेपालमा पहिलोपटक क्रान्तिकारी पार्टीहरूका बिचमा क्रान्तिकारी संयुक्त रणनीतिक मोर्चा बनेको घोषणा गरेका छन् । विप्लवले नेतृत्व गरिएको नेपाल कम्युनिस्ट पार्टी, मोहन वैद्य किरणले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), ऋषि कट्टेलले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी र विश्वभक्त दुलाल आहुतिले नेतृत्व गरेको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका बिचमा समाजवाद र जनगणतन्त्र स्थापना गर्ने उद्देश्यका साथ रणनीतिक संयुक्त मोर्चाको अवधारणा पत्र र संघर्षका कार्यक्रम घोषणा गरेका हुन् ।

कार्यक्रममा मोर्चाको अवधारणापत्र, नीति र कार्यक्रम घोषणा गरेका छन् । संघर्षको कार्यक्रम माघ २९ गते मोर्चाको घोषणा ... बाँकी पृष्ठ ७ मा

## सम्पूर्ण राजबन्दीहरूलाई रिहा गर – सुदर्शन



■ **अम्बिका चन्द**/काठमाडौं

नेपालमा दश वर्षसम्म चलेको सशस्त्र र महान् जनयुद्धका सुरुआतकर्ता हेमन्तप्रकाश ओली 'सुदर्शन' अहिले नख्खु कारागारमा बन्दी छन् । प्रचण्ड-बाबुरामहरूले जनयुद्धका उपलब्धिहरूलाई संसदीय व्यवस्थामा पुऱ्याएर अवसान गराएपछि यो व्यवस्थासँग असहमति राखेकै कारण कम्युनिस्ट नामको सरकारले नै जनयुद्धका एक हस्ती सुदर्शनलाई अहिले कागारगारमा कोचेको हो । २०५२ साल फागुन १ गते तत्कालीन नेकपा माओवादीले रुकुमको राडी, रोल्पाको होलेरी र सिन्धुलीको सिन्धुलीगढीमा रहेका तीन प्रहरी चौकी हमला गरेर नेपालमा सशस्त्र ... बाँकी पृष्ठ ५ मा

# एकीकृत जनक्रान्तिका ६ वर्षहरू

**देश/परिवेश**

■ सन्तोष बुढा मगर



*"कार्यदिशा सही वा गलत हुने कुराले सबै कुराको छिनोफानो गर्दछ ।"*
*– क. माओ*

**एकीकृत जनक्रान्तिको कार्यदिशाका ७ विशेषताहरू :**

- नगर समाजको विकास
- नयाँ श्रमिक वर्गको विकास
- विज्ञान र प्रविधिको विकास
- मिश्रित सामाजिक चरित्र
- भूपरिवेष्ठित देश
- देशभक्त शक्तिको उपस्थिति
- सत्ताको पुँजीवादी चरित्र

– (**आठौँ महाधिवेशनबाट पारित राजनीतिक दस्तावेजबाट**)

### इतिहासको शिक्षा

सिद्धान्त कुनै जड्सूत्र हुँदैन, यसले वैज्ञानिक प्रयोगको माग गर्दछ । कुनै बेला कुनै देशमा सफल कार्यदिशालाई जस्तातस्तै अर्को देशमा लागु गर्नु जड्सूत्र हो, यसरी क्रान्ति हुँदैन । क्रान्ति आयात हुने चीज पनि होइन, यो त सम्बन्धित देशको परिस्थितिले सिर्जना गर्ने कुरा हो । क्रान्ति कुनै आकाशबाट बर्सिने र भुइँबाट उम्रिने वस्तु पनि होइन । यो त त्यो देशको वर्गसंघर्षले निर्क्योल गर्ने कुरा हो । क्रान्ति अरूले गरिदिने कुरा पनि होइन, क्रान्ति त सचेत वर्ग आफैं गर्ने कुरा हो । क्रान्ति केवल भोका नाङ्गिहरूको लागि गरिने कुरा पनि होइन, यो त समग्र मानव जातिको उन्नत र विकसित सभ्याता निर्माण गर्ने प्रश्न हो । कुन कुरा सत्य हो भने सबभन्दा बढी, तुलनात्मक रूपले तत्काल सबभन्दा उत्पीडित वर्गको हितको निम्ति क्रान्ति लाभदायक छ तर यसो भन्नुको अर्थ अन्य वर्गका मानिसहरूका लागि होइन भन्ने अर्थमा बुझ्नु बिल्कुल गलत हुन्छ । सामान्य बुझाइमा- हुनुपर्ने के हो भने क्रान्तिमा अग्रपंक्तिमा, सबभन्दा धेरै, सबैभन्दा उत्साहित रूपले उत्पीडित वर्ग नै लाग्नुपर्ने हो तर नेपालको सन्दर्भमा, सायद यो विश्व परिवेशमा पनि सही हुन सक्छ कि सबभन्दा उत्पीडित र सबभन्दा पछि परेका मानव समुदाय विचार, चेतना र संस्कृतिमा सबभन्दा पछि छ र उसले मार्क्सवादलाई हम्मेसी बुझ्दैन, अझ क्रान्ति भनेपछि त ऊ तर्सिन्छ किनकि समाजका, देशका, परपरका ठुला-बडा भन्नेहरूले उसको दिमागमा त्यही भरिदिएका छन् । ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# रणनीतिक संयुक्त मोर्चाबारे

गत बिहीबार नेपालको वर्तमान संसदीय व्यवस्था र संविधानप्रति असहमति राख्दै आएका चार राजनीतिक पार्टीहरूले रणनीतिक संयुक्त मोर्चा घोषणा गरेका छन् । राजधानीस्थित प्रज्ञा भवनमा आयोजित घोषणा कार्यक्रममा रणनीतिक मोर्चाको अवधारणा-पत्रसहित सांगठनिक संरचना र संघर्षका कार्यक्रमसमेत घोषणा गरेपछि त्यसबारे विभिन्न चर्चा-परिचर्चा सुरु भएका छन् । नेपालमा प्रतिनिधिसभा विघटन गरेपछि पैदा भइरहेको अन्यौलता र संसद् विघटनको औचित्यमाथि भएका समर्थन र विरोधलगायत संसदीय घेरावरिपरि बहस भइरहेको अवस्थामा संसदीय व्यवस्थाकै विरुद्धमा रहँदै आएका पार्टीहरूद्वारा घोषणा गरिएको यस किसिमको रणनीतिक संयुक्त मोर्चाको घोषणाले नेपालको राजनीतिक-वृत्तमा नयाँ खालको बहस सिर्जना गरेको छ । संसदीय धारभन्दा फरक राजनीतिक धार र अग्रगामी नयाँ विकल्प पेश गरेकाले पनि यसको बेग्लै र विशिष्ट महत्व रहेको छ । खासगरी संसदीय व्यवस्था असफलसिद्ध भइसकेको र अन्य वैकल्पिक व्यवस्थाको आवश्यकता रहेको निष्कर्षमा पुगेका तर तत्काल अर्को विकल्प पनि नदेखिरहेका राजनीतिक शक्ति, स्वतन्त्र विश्लेषक, नागरिक अगुवा तथा बौद्धिक व्यक्तित्व र आम जनसमुदायले समेत यसलाई निकै चासो र जिज्ञासापूर्वक हेरिएको छ ।

कुनै पनि राजनीतिक शक्तिहरूबिच आपनो साझा उद्देश्य वा स्वार्थ पूरा गर्न विभिन्न रूप वा स्तरको परस्पर सहयोग, गठबन्धन वा मोर्चा निर्माण हुने गर्दछ । विषय वा उद्देश्यका आधारमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अनेकौँ गठबन्धन र मोर्चाहरू निर्माण भइरहेको हुन्छ । त्यो कुनै पनि देश र देशका बिच वा कुनै पनि शक्ति र समूहबिच हुन सक्छ । शासक र शासकबिच पनि विशेष स्वार्थ हासिल गर्न वा क्रान्तिकारीविरुद्ध दमन गर्ने सहकार्यको रूपमा पनि हुने गर्छ । क्रान्तिकारीहरू भने क्रान्तिको लक्ष्य पूरा गर्न सबै परिवर्तनका पक्षधरहरूलाई संगठित गर्न संयुक्त मोर्चाको नीति अवलम्बन गर्दछन् । राजनीतिक पार्टीहरूबिच आफ्नो उद्देश्य प्राप्तिका लागि आपसी सहकार्य र मोर्चा निर्माण अनेकौँ दृष्टान्त पाउन सकिन्छ । यस किसिमका मोर्चाहरूको उद्देश्य र सहकार्यको स्तरले तिनको स्तर र विशेषतालाई निर्धारण गर्दछन् ।

समझदारी, सहमति र सहकार्यभन्दा उच्चस्तरको, विभिन्न पक्षहरूको निश्चित उद्देश्य, नीति, कार्यक्रम तथा पक्षधरहरूको सहभागितामूलक सांगठनिक ढाँचा र कार्यविधिसहितको संरचना नै संयुक्त मोर्चा हो । उद्देश्य र सांगठनिक स्तरका आधारमा संयुक्त मोर्चा विभिन्न किसिमका हुने गर्छन् । तत्कालीन संयुक्त मोर्चा, कार्यनीतिक संयुक्त मोर्चा, रणनीतिक संयुक्त मोर्चा आदि । राजनीतिक रूपमा संयुक्त मोर्चा निर्माणको अर्थ र महत्वलाई भिन्न र विशेष रूपमा हेरिन्छ । त्यसमा पनि कम्युनिस्ट आन्दोलन विशेष गरी क्रान्तिकारी पार्टी र आन्दोलनमा संयुक्त मोर्चाको विषयलाई निकै महत्वको विषय मानिन्छ । नेपालमा पनि विभिन्न जनआन्दोलनमा सहभागी दलहरूबिच सहकार्य र तत्कालीन मोर्चा निर्माणको अभ्यास देख्न सकिन्छ । तर, त्यस किसिमका मोर्चाहरू तत्कालीन उद्देश्यमा सीमित र अस्थायी प्रकृतिका पाइन्छ । कार्यनीतिक उद्देश्यका लागि निर्मित मोर्चा कार्यनीतिक मोर्चा हुन्छ भने रणनीतिक उद्देश्य प्राप्तिका लागि गरिने मोर्चा रणनीतिक संयुक्त मोर्चा हुन पुग्छ । यसरी हेर्दा नेपालमा अहिलेसम्म रणनीतिक संयुक्त मोर्चाको निर्माण भएको थिएन । यस अर्थमा यो रणनीतिक मोर्चा नेपाल नेपालको राजनीतिक इतिहासमा पहिलो रणनीतिक संयुक्त मोर्चा हुन पुगेको छ ।

त्यसो त कम्युनिस्ट पार्टीहरूमा सैद्धान्तिक र रणनीतिका विषयमा प्रायः समान विचार र धारणा हुने गर्छ तर तत्कालन परिस्थितिको विश्लेषण, तत्काल पार्टीले लिनुपर्ने नीति र कार्यक्रमबारे फरक दृष्टिकोण, असमान बुझाइ र धारणाले पार्टीमा अन्तरविरोध सिर्जना हुने र कतिपय अवस्थामा तिनै कार्यनीतिक महत्वका विषयलाई लिएर पार्टी विभाजनसमेत हुने गरेका उदाहरण छन् । कार्यनीतिक भिन्नताको आधारमा पार्टी फुट्नसमेत तयार हुने कम्युनिस्ट पार्टीहरू रणनीतिमा देखिने एकरूपताको आधारमा किन जुट्न सक्दैनन् ? भन्ने प्रश्न सबै क्रान्तिकारी पार्टीहरूमाथि जहिले पनि उठिरहेको विषय हो ।

कुनै पनि देशमा आमूल परिवर्तनका पक्षमा संघर्षरत राजनीतिक पार्टी विशेष गरी क्रान्तिद्वारा राज्यसत्ता परिवर्तन गर्ने मान्यता राख्ने क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू कुनै पनि देशमा क्रान्ति सम्पन्न गर्न मुख्यतः तीन किसिमको आधारभूत पक्ष आवश्यक पर्ने ठान्दछन । जसमा पहिलो क्रान्तिकारी कम्युनिस्ट पार्टी, दोस्रो जनताको जनसेना र तेस्रो विद्यमान राज्यसत्ताबाट उत्पीडित सबै जनसमुदायको प्रतिनिधित्व गर्ने संयुक्त मोर्चा । यो अवधारणा चिनिया क्रान्तिको समयमा क. माओले अघि सार्नुभएको थियो । त्यसैले, माओवाद वा माओविचार, विचारधारा मान्ने पार्टीहरूले यसलाई तीन जादुगरी हतियारको रूपमा परिभाषित गर्ने गर्दछन् ।

अवधारणा-पत्रको आधारमा हालै गठन भएको मोर्चा नेपाली क्रान्तिकारी आन्दोलनको इतिहासमा पहिलो रणनीतिक संयुक्त मोर्चा हो । सबै क्षेत्रमा रहेका क्रान्तिकारीहरूका लागि यो एउटा महत्वपूर्ण उपलब्धि हो । यसको थप विशेषता के रहेको छ भने यो संयुक्त मोर्चा कुनै एक पार्टीको नेतृत्वमा अरू विभिन्न उत्पीडित क्षेत्र, समुदाय वा पक्षहरू संलग्न भएको नभई क्रान्तिकारी पार्टीहरूकै बिच सहभागी पार्टीहरूले एकले अर्को पार्टीको राजनीतिक स्वत्व र महत्व स्वीकार गर्दै समानताको आधारमा गठन भएको हो । यो आकस्मिक रूपले नभई सचेतन प्रयत्नका साथ निर्माण भएको हो । साथै, यो तत्कालीन वा कार्यनीतिक सवालमा मात्र सीमित मोर्चा होइन । यो रणनीतिक संयुक्त मोर्चा नेपालमा संसदीय व्यवस्थाको अन्त्य गरी जनगणतन्त्र र वैज्ञानिक समाजवाद स्थापना गर्ने रणनीतिक उद्देश्यका आधारमा संगठित भएको हो ।

त्यसकारण यसको स्थायित्व स्वभाविक रूपले अल्पावधिको नभई दीर्घावधिको हुनेछ । यसले विगत राष्ट्रिय र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा समेत देखिने आफूबाहेक अरू कोही पनि कम्युनिस्ट पार्टी होइनन् र क्रान्तिकारी त झन् हुँदै होइनन् भनी आफूलाई मात्र कम्युनिस्ट र क्रान्तिकारी दाबी गर्ने, आफू मात्र ठीक र अरू सबै खराब र खत्तम भन्ने संकीर्णताबाट मुक्त हुँदै माथि उठ्ने प्रयास गरेको छ । आफू मात्र सही हुनु वा हो भनेर डिङ हाँक्नु र आत्मरति लिनुको कुनै अर्थ हुँदैन, यो क्रान्तिकारिता पनि होइन, बरु वस्तुगत परिस्थितिको माग के हो ? क्रान्तिको आवश्यकता के हो ? क्रान्तिको आरम्भ वा विकासका लागि अरू क्रान्तिका पक्षधरसँग हातेमालो गर्न र त्यसमा आफ्नो र आफू संलग्न पार्टीको भूमिका कस्तो हुनुपर्ने हो, त्यसलाई निक्यौल गरी क्रान्तिको मार्गमा अघि बढ्नु र क्रान्तिलाई विजयसम्म पुऱ्याउनु नै कम्युनिस्ट इमानदारिता हो, बुद्धिमानी हो र त्यो नै क्रान्तिकारी कदम हो । त्यस अर्थमा यो रणनीतिक संयुक्त मोर्चा क. माओले प्रस्तुत गर्नुभएको क्रान्तिकारी संयुक्त मोर्चाको अवधारणाको दुरुस्त प्रयोग नभएर त्यसभन्दा भिन्न प्रकृतिको क्रान्तिकारी पार्टीहरूबिचको रणनीतिक संयुक्त मोर्चा बन्न पुगेको छ । यसले आगामी दिनहरूमा सहकार्यको प्रक्रियामा रणनीतिक संयुक्त मोर्चामा संलग्न पार्टीहरू र अन्य क्रान्तिकारी मित्र शक्तिहरूबिच पार्टी एकताकै आधार तयार हुने विश्वास गर्न सकिन्छ ।

समग्रमा यो रणनीतिक संयुक्त मोर्चाको गठनले नेपालमा क्रान्तिकारीहरू फुट्ने मात्र होइन, आवश्यकताअनुसार जुट्न र सहकार्य गर्नसमेत तयार हुन्छन् भन्ने सकारात्मक सन्देश दिएको छ । संसदीय व्यवस्थामा रुमल्लिएका पार्टी र नेताहरू आफ्नो स्वार्थका लागि जुट्ने र स्वार्थमा धक्का लाग्नासाथ फुट्न तल्लीन भइरहेको वर्तमान परिस्थितिमा क्रान्तिकारीहरूको सहकार्य र जुटतर्फको यस सहयात्राले देश-विदेशमा रहेका सबै क्रान्तिका पक्षधर, प्रगतिशील, परिवर्तनकारी र आम जनसमुदायमा समेत उत्साह र ऊर्जा पैदा गरेको छ । रणनीतिक संयुक्त मोर्चा आपनो उद्देश्य पूरा गर्न, स्वाधीन र समृद्ध राष्ट्र तथा समतामूलक समाज निर्माण गर्न सफल रहोस् ! हार्दिक शुभकामना !

# क. कञ्चनको गिरफ्तारीले जन्माएका केही प्रश्नहरू



माइला लामा

जब सङ्घर्षहरू दुई फरक वर्ग, राजनीतिक विचारधारा, सिद्धान्त र दृष्टिकोणका बिच चल्छन् र ती एकअर्कालाई निषेध गर्ने दिशातिर उद्यत हुन्छन् । स्वाभाविक हुन्छ कि एक पक्षले अर्को पक्षलाई कमजोर बनाउने, दबाबमा राख्ने, विध्वंस गर्ने र नियन्त्रणमा राख्ने । त्यसका निमित्त उनीहरूले अपनाउने हतकण्डाको कुनै सीमा हुँदैन । यसैले होला, युद्धमा अनैतिक भन्ने केही हुँदैन भनिएको । सङ्घर्ष जब टकरावको स्तरमा विकास हुन्छ, तब आकारमा सानो या ठूलो, जे भए पनि खास गरी राज्य पक्ष विद्रोही नेतृत्वलाई कब्जा गर्ने, कोर टिममा फाटो ल्याउने, प्रोपोगान्डा मच्चाउने रणनीतिसहित जोडतोडले लागिपरेको हुन्छ । यो यत्नमा ऊ हरपल मौकाको खोजीमा हुन्छ र कुनै सानो त्रुटिमै उसलाई सफलता मिल्छ पनि । यसका पछाडि उसलाई विद्रोही पक्षलाई भन्दा कैयौँगुणा सुविधा प्राप्त हुन्छ । किनभने, उसलाई राज्यका सम्पूर्ण संयन्त्र परिचालन गर्ने अवसर हुन्छ, जसका कारण योजना कार्यान्वयनमा उसलाई धेरै नै सहजता हुन्छ ।

यही सिद्धान्त अनुसरण गर्दै केपी ओली नेतृत्वको सरकारले २०७५ फागुन २८ मा हाम्रो पार्टीविरुद्ध प्रतिबन्धको घोषणा गऱ्यो र निकै आक्रामक गतिमा देशव्यापी दमन, धरपकड र हत्याको अभियान नै चलायो । सर्लाहीका क. कुमार पौडेल, भोजपुरका क. तीर्थ घिमिरेलगायत करिब दर्जन बढी सहिद भए, कैयौँ नेता-कार्यकर्ता अमानुषिक, शारीरिक र मानसिक यातनाका सिकार भए भने पार्टी शीर्षतहका क. सुदर्शन, क. वीरजङ्ग, क. रणवीर, क. ओम, क. आदर्शलगायत अग्रभागमा रहेका जुझारु र समर्पित सयौँ नेता-कार्यकर्ता कमरेडहरू आज पनि जेल-हिरासतमा बन्दी छन् । गिरफ्तारीका घटनामध्ये अधिकांश सञ्चार, यातायात, सेल्टर, रुट प्रयोगमा भएका लापरबाहीका कारणले घटेका छन् । ती घटना परिस्थितिमा आएको बदलावअनुरूप आफूलाई चुस्तदुरुस्त गर्न नसक्दा भएका छन् । यसो भनौँ, तिनका पछाडि कार्यशैलीगत कमजोरी रहेका छन् । तर, कतिपय गिरफ्तारीका घटना भने एकदमै रहस्यमय छन्, स्तब्धै पार्नेखालका । तिनले कैयौँ गम्भीर सवालहरू पनि खडा गरिदिएका छन् ।

ओली सरकारको प्रतिबन्धले दुई वर्ष पार गर्नै लाग्दा गत पुस २९ गते पार्टी कामका दौरान एक क्षेत्रबाट अर्को क्षेत्रमा जाँदै गर्दा हाम्रो पार्टीका उच्च तहका नेता, एक सरल, शालीन र विद्वान् धर्मेन्द्र बास्तोला 'क. कञ्चन' ललितपुरका जिल्लाको दक्षिणी बाग्मती क्षेत्रबाट ओली सरकारको कब्जाका पर्नुभएको छ; जुन घटनाले सम्पूर्ण पार्टीपङ्क्ति, शुभेच्छुक र जनसमुदायलाई मर्माहत तुल्याएको छ, स्तब्ध बनाएको छ र बैचैनी थपिदिएको छ । आफ्नै करिब दुईतिहाइको भार थेग्न नसकेर थला परेको सरकार यहाँ कसरी सफल भयो ? कसरी घट्यो यो घटना ? लापरबाही कहाँ भयो ? योजना 'प्रस्थानको' निर्माणमा ? कार्यशैलीमा ? घुसपैठको कारण ? लगायतका अनगिन्ती प्रश्नहरू जन्माएको छ उहाँको गिरफ्तारीले । जसबारे पार्टीका सम्बन्धित निकायहरूमा गम्भीर छलफलको आवश्यकता छ । त्यसो गर्दा वास्तविकता र तथ्यहरूमा उभिनु पनि जरुरी हुन्छ । हाम्रो सम्पूर्ण पङ्क्तिलाई झस्काइदिने यस घटनापछि उत्पन्न भएका केही प्रश्नहरूबारे यहाँ सङ्क्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ :

### १. नेतृत्वको रक्षाको प्रश्न

कुनै पनि सङ्घर्ष, आन्दोलन, क्रान्ति, सङ्गठन, राष्ट्रको सफलता, विजय या अग्रगतिका लागि दूरदर्शी, गतिशील, सक्षम, कुशल, साहसी, वैज्ञानिक र आदर्शवान् लोभलालचबाट मुक्त नेतृत्वको भूमिका निर्णायक हुने गर्दछ । जसले ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै वस्तुवादी र वैज्ञानिक नीति निर्माणका साथै, योजनाहरू बनाउन सक्छ र आफ्नो पङ्क्तिलाई हरदम एकताबद्ध पार्न सक्तछ । तर, वस्तुगत अवस्था जतिसुकै अनुकूल र परिपक्व भए पनि सुयोग्य नेताको अभावमा भने आन्दोलनले सफलता पाउन सक्तैन । त्यसमा पनि मूल नेतृत्व र वरिपरिको सहायक नेताहरूको केन्द्रीकरण अर्को महत्वपूर्ण सवाल हुने गर्दछ सदैव क्रान्तिकारी पार्टीका लागि । नेता भनेको कुनै भौतिक वस्तु मात्र नभएर त्यो विचार र योजनाको केन्द्रीकृत अभिव्यक्ति पनि हो । यसर्थ, आन्दोलनको सफलता र असफलताको प्रधान सवाल नेतृत्वसँग जोडिएको हुनाले क्रान्तिको नेतृत्वको रक्षा प्रधान र निर्णायक प्रश्न हो ।

संसारभरका वर्गसङ्घर्षको इतिहासले के प्रमाणित गरेको छ भने सही, सक्षम र वस्तुवादी नेतृत्वमा उठेका क्रान्तिकारीहरूले भयङ्कर विपत्तिको सामना गर्दै विजय प्राप्त गरेका छन् भने अदूदर्शी र असक्षमहरूको नेतृत्वमा उठेका सङ्घर्षहरू महान् भएर पनि तिनले असफलता व्यहोर्नुपरेको छ । लेनिन, माओ, किम इल सुङ, हो चि मिन्ह, फिडेल, चे आदिको कुशल नेतृत्वमा सम्पन्न सफल क्रान्तिहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । नेपालमै पनि प्रचण्ड सही हुँदासम्म जनयुद्धले अनेकौँ घुम्ती-मोडहरू पार गर्दै सफलताको शिखर चढिरहेको थियो भने जब प्रचण्ड विचलित भए, तब विजयको सँघारमा पुगेको नेपाली क्रान्तिले अकल्पनीय पराजय व्यहोर्नुपऱ्यो ।

तसर्थ, विरोधी पक्षले जहिले पनि मुख्य नेतृत्व, त्यस वरिपरिको सहायक नेतृत्व र विभिन्न तहका खास नेतृत्वलाई सदैव निसानामा पार्ने गर्दछ । सफलताको नजिकै पुगेको पेरुभियाली क्रान्ति क. गोन्जालोको रक्षा गर्न नसक्दा पराजित भयो । चीनमा च्याङ काईसेकले बारम्बार क. माओको हत्या गर्ने कोसिस गऱ्यो । एकपटक त क. माओलाई गिरफ्तार गरेर लगिँदै गर्दा खरघारीमा भागेर माओले ज्यान बचाउनुभयो र अट्ठाईस वर्षको लडाइँपछि चिनियाँ क्रान्ति सफल भयो । यसको पछाडि चिनियाँ कम्युनिस्ट पार्टी आफ्नो प्रमख नेता र हेडक्वार्टरको अन्य नेताको रक्षामा सफल भयो, जसका लागि चिनियाँ जनसेना, कार्यकर्ता र जनताको बलिदान र त्यागको ठूलो हात छ । नेतृत्वको यही महत्व बुझेर आफूलाई हैरान पारिरहेको चेचेन्याका विद्रोही कमान्डरसँग वार्ताको नाटक रची एक उच्च अधिकारीलाई वार्ताको लागि पठाएर लोकेसन पत्ता लागेपछि मिसाइल हमलाबाट विद्रोही कामान्डरको मात्रै हत्या गरेन, ऊसँगै आफ्नो विश्वस्त अधिकारीलाई पनि बलि चढाएको थियो रुसले । मध्यपूर्वमा एकछत्र दबदबा कायम गरिरहेको अमेरिकाले सन् २०२० मा इरानी जनरल कासिम सुलेमानीको हत्या पनि विरोधी पक्षको नेतृत्व सफाया अभियानकै एक हिस्सा थियो ।

विद्रोहमा नेतृत्वको यही निर्णायक भूमिकाबारे अवगत नेपालको केपी ओली सरकार पनि यस्तै षड्यन्त्रको तानाबाना बुन्दै हमला नेतृत्वउपर नै केन्द्रित गरिरहेको छ । जसका कारण क. सुदर्शनलगायतका केन्द्रीय तह र ब्युरो एवम् जिल्ला तहका सयौँ नेता-कार्यकर्ता कमरेडहरू देशभरिका जेल तथा हिरासतमा बन्दी जीवन बिताइरहेका छन् र पछिल्लो समय क. कञ्चन, क. रोजन, क. विवेकलगायतका कमरेडहरू ओली सरकारको कब्जामा पर्नुभएको छ, जसको धेरै गहिरा असरहरू आगामी दिनमा देखा पर्दै जानेछन् ।

माथिको उदाहरण र सन्दर्भहरूबाट नेतृत्व रक्षाको प्रश्न कति गम्भीर महत्वको सवाल हो भन्ने कुरा प्रमाणित हुन्छ । अनि यो सत्यलाई सबै तहका कमरेडहरू र शुभेच्छुकहरूले त्यत्तिकै गहिरोसँग आत्मसात् गर्नु पनि जरुरी छ । आफ्नो कार्यक्षेत्रमा आइपुगेका नेतृत्वलाई सहज वातावरण बनाएर सम्बन्धित क्षेत्रले सहयोग गर्ने मात्रै होइन कि सुरक्षित तवरले सम्बन्धित पार्टी वा ठाउँसम्म पुऱ्याउनु पनि उसको दायित्व हुन्छ । यस मामिलामा यहाँ सम्बन्धित पार्टी कमिटी नराम्रोसँग चुकेको छ । क. कञ्चनको गिरफ्तारीको घटनाको साङ्गोपाङ्गो अध्ययन गर्दा मलाई २०५६ भदौ २२ गते गोरखाको सिरानचोकस्थित गाँखुमा तत्कालीन माओवादी पीबीएम सुरेश वाग्ले 'क. वासु' को हत्या घटनाको स्मरण हुन्छ । जहाँ प्रहरी छापा मार्न आउँदा क. वासुहरू रहेको ठाउँमा सेन्ट्री बसेका कार्यकर्ता प्रहरीलाई देखेपछि कुनै सङ्केत नै नगरी कुलेलम ठोकेका थिए । जब कि उनी हतियारसहित सेन्ट्रीमा थिए । बाहिर सेन्ट्री छँदै छ भनेर ढुक्कसँग सेल्टरमा बसेका क. वासुसामु एक्कासी जब प्रहरीको डफ्फा पुग्यो, उहाँहरू आश्चर्यमा पर्नुभयो तर धेरै ढिला भइसकेको थियो । प्रहरीले कब्जामा लिएपछि क. वासु र क. भीमसेन पोखरेलको हत्या गरियो । त्यतिबेलाको त्यो घटनाले सिङ्गो पार्टीलाई स्तब्ध पारेको थियो, जसले पार्टी आन्दोलनमा अपूरणीय क्षति पुऱ्यो नै, मध्यक्षेत्रमा नराम्रोसँग पार्टीपङ्क्ति र जनताको मनोबल पनि गिरायो । साथै, त्यसपछि उक्त क्षेत्रमा आन्दोलन उठाउन नै निकै कठिन भएको थियो, जुन समय सिङ्गो देशमा 'किलो सेरा टु' अपरेसनको आततायी आतङ्क छाएको थियो । खतरादेखि आफू बँचेर नेतालाई कालको मुखमा हाल्ने त्यतिबेलाको भगौडा सेन्ट्री आज पनि जीवितै होलान् र उनलाई त्यो घटनाले छुन्छ कि छुँदैन, थाहा छैन मलाई तर कम्युनिस्ट मान्यता छ कि हरेक कार्यकर्ताले आफ्नो नेतृत्वको रक्षाका लागि जीवन दाउमा लगाउन अलिकति पनि आनाकानी गर्नुहुन्न । किनभने, नेतृत्वको रक्षाबिना हामी लडिरहेको क्रान्तिको विजय करिब करिब असम्भव छ । क्रान्तिकारी आदर्श भनेको पार्टी, आन्दोलन र नेतृत्वको विकास र रक्षाका खातिर प्राणको आहुति दिन पनि पछि नपर्ने भन्ने हो ।

### २. कार्यशैलीको प्रश्न

अर्को केन्द्रीय सवाल हो कार्यशैलीको प्रश्न, जुन कार्यदिशा र नेतृत्वको रक्षासँग अन्योन्याश्रित रूपमा जोडिएको हुन्छ । कार्यशैली त्यस्तो सवालको, जसलाई तपाईंले परिवेश, भूगोल, समय, सामाजिक संस्कार, माहोलअनुसार अदल-बदल गरिरहनुपर्ने हुन सक्छ । यसमा जडता या उदारता (कार्यशैलीगत) भनेको आफ्नो चिहान आफैँले खन्नु बराबर हो । कार्यशैलीमा यान्त्रिकता या लापरवाहीले तपाईंलाई अकल्पनीय क्षति र पश्चात्तापबाहेक केही दिँदैन । क. कञ्चनको गिरफ्तारीका उदारवादी लापरवाही भयो कि ! विरोधीलाई कम आँक्नु र खतरालाई नजरअन्दाज गर्नुको परिणाम पो हो कि ! प्रायः नेतृत्वहरू एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण हुँदा अगुवाइ गरिरहेका कमरेडहरूकै निर्देशन या सुझाव नै निर्णायक हुन्छ । सामान्यतया यो सिद्धान्त सबैले पालना गर्छन् तर जब तपाईं उच्च निगरानीमा हुनुहुन्छ भने खतराको थोरै मात्रा पनि सङ्केत पाउनुभएको खण्डमा नेतृत्वले लगाम आफ्नो हातमा लिनुपर्छ र शीघ्र वस्तुवादी निर्णय लिनु बुद्धिमानी हुन्छ । अघि बढ्ने, पछि हट्ने या तत्काल दिशा बदल्ने, नेताले आफ्नो अनुभव र विवेकको प्रयोग गर्नुपर्छ । त्यस्तो सङ्गीन समयमा भोलाभालापन आत्मघाती हुन जान्छ । यसर्थ, सामान्य कार्यकर्ताको हातमा पहलकदमी छाडेर यात्राको निरन्तरतामा रहँदा अनपेक्षित क्षति आइलाग्छ पार्टीलाई ।

### ३. योजना रक्षाको प्रश्न

नेतृत्वको रक्षा र आन्दोलनको सफलताको चुरो कुरो भनेको योजना रक्षाको प्रश्न पनि हो । तपाईंले जति वस्तुवादी र वैज्ञानिक योजना बनाउनुभए पनि यदि त्यसको रक्षा वा गोपनीयताको रक्षा गर्न सक्नुभएन भने तपाईंको भागमा पराजय पर्नेछ । कहिलेकाहीँ क्षतिको स्तर यति भयानक हुन्छ कि त्यसको बहुआयामिक असरका कारण आन्दोलन नै धेरै पछि धकेलिन बेर लाउँदैन । यसकारण विरोधी पक्ष हरहालतमा, कुनै पनि मूल्यमा अर्को पक्षको योजना पत्ता पाउन अनवरत मिहिनेतमा हुन्छ किनभने त्यसमा उसको विजय र विरोधीको हार सन्निहित हुन्छ । एउटा मान्यता छ- यदि सफलतापूर्वक वस्तुवादी योजना बनाइयो भने आधा कार्य पूरा हुन्छ र बाँकी आधा कार्य कार्यान्वयनमा सम्पन्न हुन्छ । यहाँ क. कञ्चनसँग सम्बन्धित घटनाउपर विचार गर्दा योजना पहिले नै कतै न कतैबाट चुहिएको आशङ्का जन्मन्छ । हिरातभित्र क. कञ्चनलाई भेट्न गएका अधिवक्ताहरूसँग उहाँले घटनाको बारेमा गर्नुभएको चर्चाले पनि यो कुराको सङ्केत गर्दछ । क. कञ्चन जाँदै गरेको क्षेत्रको धेरै भू-भाग नै सिल गरेर काठमाडौंबाट गएका सीआईबीको फोर्स सिभिलमा तैनाथ थियो आवश्यक सरसामग्रीसहित । को कता जाँदै छ भन्ने सीआईबीलाई पूर्व-जानकारी थियो । यहाँ यस योजनाको अनभिज्ञता र घटना आकस्मिक भएको भए लोकल पुलिस फोर्स नै परिचालन हुन्थ्यो नि त ! यसरी योजनाको रक्षा गर्न नसक्दा पार्टीले भयङ्करको धक्का सहनुपरेको छ ।

योजना रक्षाको साथसाथै जोडिएको अर्को महत्वपूर्ण सवाल हो, त्यसको सफल कार्यान्वयनको पक्ष । योजनाको संवेदनशीलता र स्तरअनुसार परिपक्व र चुनिएको जनशक्तिको प्रयोग त्यसको सफलताको अर्को महत्वपूर्ण पक्ष हुन्छ । संवेदनशील योजना कार्यान्वयन त्यस्तो कुशल, साहसी र वफादार योद्धाहरूले नै गर्न सक्छन्, जो हरहमला आफ्नो कुर्बानी दिएर पनि योजनाको सफलताको लागि डटेर लागिपर्छन् । जनशक्तिको साथसाथै, नखुलेका र छानिएका स्रोत-साधनको परिचालनमा पनि ध्यान पुऱ्याउनुपर्दछ ।

### ४. समय र भूगोल छनोटको प्रश्न

योजना निर्माणपछि त्यसको कार्यान्वयन प्रधान सवाल हुँदैन, प्रधान सवाल हुन्छ, त्यसको सफल कार्यान्वयनको । अनि योजना सफलताको अर्को महत्वपूर्ण आधार भनेको त्यसको कार्यान्वयन हुने क्षेत्र (भूगोल) र कार्यान्वयनको समय हो । भूगोल राज्यको नजरमा संवेदनशील छ कि सामान्य भन्ने हिसाब गर्न पनि भुल्नुहुँदैन । दक्षिण ललितपुरको त्यो क्षेत्र जहाँबाट क. कञ्चन पक्राउ पर्नुभयो, लामो समयदेखि सरकारको उच्च निगरानीमा रहेको, विभिन्न शैली प्रयोग गरेर सीआईडी परिचलान गरिरहेको क्षेत्र हो । यसको अर्थ त्यस भूगोलमा कुनै पनि गतिविधि गर्नै सकिन्न भन्ने होइन । विद्रोहीका लागि निकै अनुकूल छन् त्यहाँका बस्ती, जङ्गल, डाँडापाखा र जनसमुदायको भावना । अनुकूल छ भन्दैमा दिनदहाडै साँघुरो बाटोमा मोटरसाइकलमा यात्रा, पर्याप्त सूचनाको अभाव, एकाधबाहेक पर्याप्त स्कटिङको अभाव- यो गम्भीर समीक्षाको विषय भयो नि हैन र ? यहाँ भूगोल र समय छनौटमा अलि बढी छलफल पुगेको भए क्षति रोक्न सकिन्थ्यो कि ! भूगोल अलि घुमाउरो र अप्ठ्यारो, समय रातको र यात्रा पैदल गर्नुभएको भए पक्का यो दुर्घटना टर्थ्यो कि ! हतार किन गर्ने ? आज नपुगे भोलि पुगौँला ! बाटो सरल नभए कठिन होला- तर सफल त पक्का भइन्छ नि ! त्यसमाथि विरोधीको निरन्तर निगरानी रहेको भूगोलमा यस स्तरका संवेदनशील कार्य गर्दा त झन् धेरै पटक सोच्नु र विचार पुऱ्याउनु जरुरी छ, जसले हामीलाई यस्ता गम्भीर क्षतिबाट बँचाउँछ ।

### ५. सूचना सञ्चार र यातायात प्रयोगको प्रश्न

तथ्यहरू पछाडि खुल्दै पनि जालान् र वास्तविकता थप सतहमा आउनेछ नै तर कतिपय विवरणहरूले यस घटनाको पछाडि प्रयोग भएका सञ्चार र सवारी साधन पनि कारक रहेको देखाउँछ । सूचना प्रविधि प्रयोगको मामिलामा हामीकहाँ दुईखाले अति छन् । पहिलो- आवश्यकताभन्दा बढी खुला र उदार । दोस्रो- आवश्यकताभन्दा बढी गोप्य र सङ्कीर्ण । आफ्नै सहयोद्धा र मातहतका जिम्मेवार कमरेडहरूसँग पनि सम्पर्क नराख्ने, आफ्नैबाट लुकेर हिँड्ने । यी दुवै शैली घातक छन् र उत्तिकै हानिकारक पनि । उदार र लापरवाहीपूर्ण प्रविधि प्रयोगमा अझै पनि कतिपय साथीहरू सेटको माया र सिमको लोभमा खुलेको नम्बर प्रयोग गर्ने, मातहत र उपल्लो निकायका प्रयोग गर्ने सिम एउटै मोबाइल सेटमा राख्ने, 'कसैलाई नभन्नू है तपाईंलाई मात्र भनेको' भन्दै सूचना चुहाउने आदि छन् ।

सवारी साधनको प्रयोगमा योजनाको महत्वअनुसार अनिवार्य रूपमा उचित ख्याल पुऱ्याउनैपर्दछ, अन्यथा सजिलै फलामे ढोकाभित्र पाउनुहुनेछ- आफूलाई । सहरमा पनि लापरवाही त गर्नुभएन तर ग्रामीण

... बाँकी पृष्ठ ३ मा

पृष्ठ १ बाट क्रमशः

# एकीकृत जनक्रान्तिका ६ वर्षहरू

कहिलेकाहीँ त पुँजीपति वर्गले, नेपालको सन्दर्भमा सामन्ती, फटाहा, अहिले भन्नुहुन्छ भने दलालहरूले त्यही उत्पीडित वर्ग-समुदायलाई कम्युनिस्टहरूको विरुद्ध, उनीहरूकै मुक्तिको निम्ति लड्ने वर्ग, जनसेनाका विरुद्ध सिआईडी, सुराकी गर्नमा प्रयोग गर्दै आएका छन्, संसदीय दलहरूले उनीहरूलाई भोटबैंक बनाएका छन्, एक बोटल सक्सी, एक बुट्को जाँड र चुनावहरूमा १,००० रूपैयाँमा एक भोटमा बिक्छन् र क्रान्तिलाई हानी-नोक्सानी पुऱ्याउँछन् । यो उनीहरूको दोषभन्दा पनि सत्ताले बनाएको सामाजिक बाध्यताका कारणले हो । त्यसैले हरेक युगका, हरेक देशका र हरेक क्रान्तिहरूको अगुवाइ निम्न मध्यम, मध्यम वर्गीय सचेत तप्काले गर्दै आएको छ । यो वर्ग यदि विचार र सिद्धान्तमा सर्वहारा वर्गप्रति दृढ भएन भने आफ्नो वर्ग चरित्रले गर्दा विचलनको बाटो पनि पकड्छ जसले गर्दा क्रान्तिले ढोका खाने र क्रान्तिहरू तुहिने पनि गरेका छन् । सही ढंगले नेतृत्व गर्दा क्रान्तिको सुनिश्चितताको दुरी पनि घटेको छ । यसमा सबभन्दा सचेत वर्गको कम्युनिस्ट पार्टीले मात्र यो भूमिका पूरा गर्न सक्दछ । नेपालमा यो भूमिका पूरा गर्न हजारौँ हण्डर-ठक्करबाट पुनर्गठित हुँदै आज नेपाल कम्युनिस्ट पार्टी र एकीकृत जनक्रान्तिको कार्यदिशाको जन्म भएको छ । यो कार्यदिशाले आज छैटौँ वर्ष पूरा गरेर सातौँ वर्षमा प्रवेश गरेको छ । यो नेपालको वर्तमान सन्दर्भमा नयाँ र नौलो कार्यदिशा हो । यसले केही सफलता र सकारात्मक परिणामहरू हात पार्दै अघि बढेको छ ।

### एकीकृत जनक्रान्तिका ६ वर्षहरूको जराहरू

यतिबेला हामी एकीकृत जनक्रान्तिको प्रक्रियामा छौँ । यो भनेको नेपाली कम्युनिस्ट आन्दोलनको करबि उत्तरार्द्धतिरको चरण हो । नेपाली कम्युनिस्ट आन्दोलनले यतिबेला ७ दशक पूरा गरेर आठौँ दशकमा प्रवेश गरेको छ । नेकपाको स्थापनापछि नेपाली क्रान्तिको प्रक्रियाले,

- १०४ वर्षको राणा शासनलाई निषेध गरेको छ,
- ३० वर्षको निरङ्कुश राजतन्त्र र पञ्चायती व्यवस्थालाई निषेध गरेको छ,
- १७ वर्षको संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्थालाई निषेध गरेको छ,
- २०६३ पछिको करिब १५ वर्षको गणतन्त्रात्मक संसदीय व्यवस्था र नेपाली कम्युनिस्ट आन्दोलनमा देखा परेका विभिन्न रूपका संशोधनवादहरूलाई पनि व्यहोर्दै अहिले तिनलाई पनि सामाजिक दलाल पुँजीवाद र सामाजिक फासिवादमा पतन गराउन नेपाली क्रान्ति सफल भएको छ ।

यसले ७ दशकको नेपाली कम्युनिस्ट आन्दोलनको दिशालाई प्रगति र सफलतातिर उकालो चडेको ग्राफ प्रस्तुत गर्दछ । कम्युनिस्टहरू यी सफलता र सकारात्मक उपलब्धिहरूमा टेकेर अगाडि बढ्ने साहस र आँट गर्नुपर्दछ । इतिहासले हामीलाई के शिक्षा दिन्छ भने,

- राणा शासनको अन्त पनि वैकल्पिक सेना बनाएर सशस्त्र संघर्षको बलमा भएको थियो ।
- २००९ सालमा पश्चिम नेपालमा किसान नेता भीमदत्त पन्तको नेतृत्वमा सशस्त्र किसान विद्रोह भएको छ र यसले सामन्त जमिनदार तथा स्थानीय जाली-फटाहाहरूको सात्तो गएको छ । यसलाई भारतीय सेना लिएर दबाइयो ।
- ३० वर्षको निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य संयुक्त जनआन्दोलनको बलामा भएको भए पनि यसको जगमा अधुरो सशस्त्र झापा विद्रोह छ ।
- २०४६ पछिको करिब देडदशकको संवैधानिक राजतन्त्रको अन्त्य १० वर्षको सशस्त्र जनयुद्धको बलमा १९ दिने संयुक्त जनआन्दोलनबाट भएको छ ।
- २००७ सालपछिको ७ दशकको इतिहासमा ३० वर्षको पञ्चायती व्यवस्थालाई छाडेर पटक पटक गरी ३२ वर्षको दौरानमा संसदीय व्यवस्था ६ पटक विघटन भएको छ । जसमा ३ पटक काँग्रेसको नेतृत्वको सरकार र ३ पटक वामपन्थी नेतृत्वको सरकार (संविधानसभाको विघटनसहित) विघटनमा परेको छ । यो भनेको संसदीय व्यवस्थाको असफलता हो ।
- यी सबै आन्दोलन र विद्रोहहरूमा विदेशी शक्तिकेन्द्रहरूको प्रत्यक्ष हस्तक्षेप हुँदै आएको छ । यी चारओटै घटनाहरूमा प्रत्यक्ष रूपले राजनीतिक तथा फौजी हिसाबले भारतीय हस्तक्षेप रहेको छ ।

माथिका घटनाक्रमहरूले निम्न तथ्यलाई इङ्गित गर्दछन्–

- नेपालमा संसदीय व्यवस्थाको पटक पटकको विघटनको घटना र संसदीय व्यवस्थाको असफलताले अब नेपाली चरित्रको समाज र नेपालको भू-राजनीतिक अवस्थाले संसदीय सिस्टम होइन, यसको विकल्पको खोजिरहेको छ । यसले अब पुरानो सिस्टम र नेतृत्व होइन, नेपाली मार्काको नौलो र नयाँ सिस्टम तथा नयाँ नेतृत्वको आवश्यकताको माग गर्दछ ।
- हरेक घटनाहरूमा र राजनीतिक परिवर्तनको जगमा सशस्त्र संघर्ष छ । यसले सशस्त्र संघर्षको अनिवार्यतालाई इङ्गित गर्दछ ।
- २०३६, २०४६, २०६२/०६३ का संयुक्त जनआन्दोलनहरूबाट रूपमा केही आंशिक परिवर्तनहरू भएको जस्तो देखिए पनि यसको जगमा (भित्री सारपक्ष) सशस्त्र संघर्ष रहेको संझौता र षड्यन्त्रबाट शान्तिपूर्ण जनआन्दोलनको प्रचार 'हाईलाइट' गर्ने काम हुँदै आएको छ । यी शान्तिपूर्ण भनिएका वैधानिक र दबाबमूलक आन्दोलनहरूबाट पनि केही आंशिक सुधारका कामहरू हुँदै आएका छन् तर यी सत्ता परिवर्तनको लागि निर्णायक देखिँदैनन् ।
- यी हरेक निर्णायक संघर्षहरूमा विदेशी हस्तक्षेप नै निर्णायक बन्दै आएको छ र नेपाली राजनीतिका खेलाडी नेताहरू कुनै न कुनै रूपमा विदेशी शक्तिसामु आत्मसमर्पण र संझौता गर्दै जनताको परिवर्तनको आकांक्षामाथि कुठराघात गर्ने र जनताको अग्रगामी कदममाथि पानी खन्याउने गर्दै आएका छन् ।

माथिका घटनाक्रमहरूले के स्पष्ट देखाउँछ भने,

- नेपाली क्रान्ति चीनको जस्तै लामो लगातारको क्रान्तिको चरित्रमा पनि देखा परेन, रुसको जस्तै दश दिने क्रान्तिको चरित्रमा पनि देखा परेन । नेपाली क्रान्ति आफ्नै विशेषतामा देखा परेको छ ।
- नेपालको वर्गसंघर्षको चरित्र कहिले सशस्त्र युद्ध, कहिले सशस्त्र जनयुद्ध, कहिले सहरी संघर्ष, कहिले जनआन्दोलनको प्रक्रियामा नेपाली कम्युनिस्ट आन्दोलन खण्ड-खण्डमा टुक्रे आन्दोलन र क्रान्तिहरू गर्दै आएको देखिन्छ ।
- सहरी संघर्ष र जनआन्दोलनबाट केही सुधारवादी परिवर्तनहरू र सशस्त्र संघर्षबाट तुलनात्मक रूपले अलि गुणात्मक खालका सत्ता परिवर्तनहरू हुँदै माथि भनिएका शासन सत्ताको स्वरूपहरूलाई बदल्दै नेपाली क्रान्ति सामाजिक तथा राजनीतिक परिवर्तनको उत्तरार्द्धतिर आइपुगेको हामी देख्न सक्छौँ ।
- सायद अन्तिम गुणात्मक क्रान्तिले गुणात्मक खालका परिवर्तनलाई जन्म दिन सक्ने संभावनालाई विगतका अनुभवहरूले संकेत गर्दछन् । सायद त्यसैको आवश्यकतामा यी सबै आन्दोलन र क्रान्तिहरूको समुच्च रूपलाई सशस्त्र संघर्षले नेतृत्व गर्दै अन्तिम र निर्णायक क्रान्ति गर्ने अबको आवश्यकता बन्न आइपुग्यो भन्न सकिन्छ । यो आवश्यकतामा एकीकृत जनक्रान्तिको सिद्धान्तले नेपाली क्रान्तिमा रंग लिन लागेको पनि स्पष्ट देखिन्छ ।
- यिनैको योगफलमा (सशस्त्र संघर्षको नेतृत्व र जनआन्दोलनको समर्थनमा) दलाल पुँजीवादका विरोधी शक्तिहरूसहितको समर्थनमा, रूपमा स्वदेशी दलालहरू र सारमा तिनको पछाडि पर्दा पछाडि रहेको साम्राज्यवादी चुनौतीसमेतलाई ख्याल गर्दै अगाडिको यात्रा तय गर्नुपर्ने स्थिति नेपाली क्रान्तिको कार्यदिशाले बोकेको छ । नेपालको सन्दर्भमा एकै समयमा (लामो) दीर्घकालिक वा (छोटो) अल्पकालिकभन्दा पनि टुक्रा-टुक्रामा हुँदै आएका परिवर्तनहरूलाई पनि जोड्दै क्रान्तिलाई पूर्णता दिने निर्णायक कार्यदिशा आवश्यक छ । यी सबैलाई ध्यान दिँदै एकीकृत जनक्रान्तिको कार्यदिशाको जन्म भएको छ ।

### एउटा गौरवमय इतिहास

यी टुक्रा-टुक्रामा हुँदै आएका आन्दोलन र क्रान्तिहरूले नेपाली क्रान्तिका समस्याहरूलाई पार गर्दै नयाँ-नयाँ क्रान्तिका चुनौतीहरूको सामना गर्दै आएको छ । यसै क्रममा नेपाली क्रान्तिको सबभन्दा भीषण र उथलपुथलकारी वर्गयुद्धको रूपमा नेकपा माओवादीको नेतृत्वमा २०५२ देखि २०६३ सम्म चलेको महान् जनयुद्ध नेपाली क्रान्तिको एक ऐतिहासिक परिघटना बन्न पुगेको छ, जसले हजारौँ वर्षदेखि नेपाली समाजमा जरो गाडेर बसेको सामन्ती सत्ता (राजतन्त्र) लाई उखेलेर फाल्न सफल भएको छ । यो इतिहासकै एउटा महत्वपूर्ण राजनीतिक घटना हो । यद्यपि यसले पूर्ण रूपमा आफ्नो लक्ष्य चुम्न नसक्दा नेपाली जनताले आशा गरेको जनताको सत्ता (नयाँ जनवादी व्यवस्था) प्राप्त हुन सकेन । यसले नेपाली जनता र नेपालको क्रान्तिकारी राजनीतिमा तात्कालिक हिसाबले असाध्यै गहिरो र गंभीर प्रकारको नकारात्मक असर पाऱ्यो, जसले अबका क्रान्तिका बाटोमा धेरै ठुला चुनौतीहरू पनि खडा गरिदियो । यसको कारण जनयुद्धको प्रक्रिया पूरा नहुनु र नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न हुन नसक्नु हो । यसको आन्तरिक कारण विश्व कम्युनिस्ट आन्दोलनमा साम्राज्यवादले खडा गरेको चुनौती, खासगरी क. माओपछि विश्व कम्युनिस्ट आन्दोलनमा देखा परेको दार्शनिक, सैद्धान्तिक र वैचारिक क्षेत्रमा देखा परेको समस्याहरूको अनुत्तरित प्रश्नहरूको हल नहुनु र माओवादी आन्दोलनमा पछिल्लो समयमा देखा परेको समस्या र चुनौतीहरूको हल खोज्नुको सट्टा मूल नेतृत्व आन्दोलनबाट भाग्नु हो । यसलाई हाम्रो पार्टीले मूल नेतृत्वमा आएको 'विचलन' भनेको छ । यही विचलनको परिणाम नै अन्ततः नेतृत्व आत्मसमर्पणसम्म पुगेको तथ्य पनि जगजाहेर छ ।

### क्रान्तिमा थपिएका जटिलताहरू

यसरी बाह्य र आन्तरिक मुख्यतः आन्तरिक कारणले नेतृत्वले क्रान्तिलाई बिच बाटामै अलपत्र पारेर भागेपछि बिचैमा विसर्जन हुन पुगेको नेपाली क्रान्तिको पुनरुत्थान गर्ने र क्रान्तिलाई फेरि मूलधारमा ल्याउने काम निकै चुनौतीपूर्ण र जोखिमपूर्ण थियो नै । त्यो चुनौतीको सामना गर्न नसकेर आत्मसमर्पण गर्न पुगेका अघिल्ला पुस्ताका नेताहरू यो वा त्यो बहानामा साम्राज्यवादका सामु आत्मसमर्पण र दलाली गर्नु पुग्नुका साथै, क्रान्तिकै विरुद्ध खडा हुन पुग्नु र कतिपय अकर्मण्यताको भुँमरीमा पर्नुले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रतिक्रान्तिकारीहरूलाई टेवा पुग्नुले यस कार्यलाई झन् जटिल बनाइदियो ।

### एक महान् कार्य

यी अफ्ठ्यारा र चुनौतीहरूका बाबजुद एक साहसी युवापुस्ताका कमरेड, एक आशावादी युवानेता कमरेड विप्लवले यो ऐतिहासिक कार्यभारलाई काँध थाप्ने साहस गर्नुभयो र चुनौतीको सामना गर्न तयार हुनुभयो । साँच्चै भन्ने हो भने यो कार्य चानचुने कार्य थिएन । यो एक महान् र ऐतिहासिक कार्य थियो । यस महान् काममा हामी क्रान्तिभीरुहरू उहाँको यो साहसिक कदमलाई साथ दिन तयार भयौँ । यसको परिणाम माओवादी आन्दोलनको मूलधार, क्रान्तिकारीहरूको असली टिम, यी तमामखाले गलत चिन्तन-प्रवृत्ति र भड्कावका विरुद्ध विद्रोह बोल्दै, कमरेड विप्लवको नेतृत्वमा नेकपाको पुनर्गठन गर्न सफल हुनु र एकीकृत जनक्रान्तिलाई सुसंगठित गर्न र नेतृत्व दिन सक्षम हुनु, अर्को ऐतिहासिक कार्य बन्न गयो । यसले नेपाली क्रान्ति र जनमानसमा समेत आएको घोर निराशालाई, आरसीपी अमेरिकाका नेता क. बब एभाकिनले भनेझैँ 'होप अफ द होपलेस' अर्थात् निराशहरूको आशमा बदल्न सफल भयौँ अर्थात् चकमन्न अँध्यारोमा टुकी बालेजस्तै, दिशाविहीनहरूको लागि दिशाबोध, बेसहाराहरूका लागि भरपर्दो सहारा बन्न पुग्यो ।

### सही कार्यदिशा

आखिरमा क. माओले डँडेलो लगाउन 'सलाईको एउटा काँटी' काफी हुन्छ भनेजस्तै ' एकीकृत जनक्रान्ति' नेपाली क्रान्तिको डँडेलो लगाउन एउटा 'काँटी' बन्न पुगेको छ । आज यसले दलाल पुँजीवादी 'मुढो' मा आगो सल्काउन सफल भएको छ । आगो सल्केपछि डँडेलो लाग्न धेरै समय कुर्नपर्छ भन्ने लाग्दैन । चैत महिनाको हावाहुरीको समय कुर्नुपर्छ । नेपालमा दलाल पुँजीवादमाथि आगो झोस्ने कार्य नेकपाले गरेको छ र एकीकृत जनक्रान्ति त्यो मशाल हो, जसले यो दलाल पुँजीवादलाई खरानी पार्नेछ ।

आज नेपाली कम्युनिस्ट आन्दोलनमा आफूलाई भयंकर विद्वान् ठान्ने कम्युनिस्ट नेताहरू दलाल पुँजीवादी व्यवस्थासँगै 'बयाली खेल्दै' संसदीय भासमा हेलिन पुगेको अवस्थामा,

- नेपाल कम्युनिस्ट पार्टी यतिबेला उत्पीडित जनता र राष्ट्रवादी, देशभक्त नेपालीहरू, सबैको आशा र भरोसाको केन्द्र र यो देशको एक अनिवार्य, निर्विकल्प वैकल्पिक शक्तिको रूपमा उभिएको छ ।
- यो कार्यदिशा सही हुनुको परिणाम हो । आखिरमा "कार्यदिशा सही वा गलत हुनुले सबै कुराको छिनोफानो गर्दछ" भन्ने कुरालाई सावित गर्दै 'एकीकृत जनक्रान्ति' ले आफूलाई पनि व्यवहारमा परीक्षित गर्दै अघि बढेको छ ।

यो कुरा केले पनि पुष्टि गर्दछ भने,

- आज नेकपा र एकीकृत जनक्रान्तिमाथि नेपालको प्रतिक्रियावादी दलाल सत्ताले प्रतिबन्ध लगाएको छ र क्रूर दमन गरिरहेको छ ।
- साम्राज्यवादले पनि गंभीर चुनौती ठान्दै नेकपालाई सिध्याउने रणनीति लिएको छ । हिन्द प्रशान्त रणनीति र एमसीसी परियोजना यसको उदाहरण हुन् ।
- यसले के पनि पुष्टि गरेको छ भने अब नेपालमा नेकपा जसले 'माओवादी केन्द्र' लाई 'काँचुली' को रूपमा छाडेर आज 'असली कम्युनिस्ट पार्टी' को रूपमा उभिएको छ र यो नै आजको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको मूलधार हो ।
- अर्को महत्वपूर्ण तथ्य यो पनि हो कि हिजोको माओवादीको काँचुलीको रूपमा रहेका माओवादीका नक्कली हिस्सा प्रचण्डको नेतृत्वमा एमालेमा विलीन हुनु, सत्तारुढ सामाजिक दलाल पुँजीवादी चरित्रमा नाँगो रूपमा उत्रिन बाध्य हुनु र आखिरमा सामाजिक फासिवादमा पतन हुनु 'एकीकृत जनक्रान्ति' को कार्यदिशाको अर्को सफलता हो ।

अतः के निष्कर्षमा पुग्न सकिन्छ भने,

- सत्ता दलाल पुँजीवादीहरूको हातमा नाचिरहेको छ । विदेशी हस्तक्षेप अधिकतम रूपमा बढेको छ । यसले देशभक्त शक्तिहरू, राष्ट्रिय पुँजीपति वर्ग, मध्यम वर्ग, बुद्धिजीवी र प्रगतिशील पक्षधरहरूलाई एक ठाउँमा ल्याएको छ । विदेशी शक्तिहरू र देशका दलाल पुँजीवादीहरूका विरुद्ध नेपाली जनताको एकता अझ सुदृढ बन्दै गएको छ ।
- तीन वर्ष नपुग्दै देशको अर्थतन्त्र तहस नहस भएको छ । २०७४ को चुनाव अगाडि प्रतिव्यक्ति नेपालीहरूको टाउकोको ऋण करिब २० हजार थियो भने दुई चरणका निर्वाचनपछि यो ऋण बढेर २२ हजार नाघेको थियो । अहिले ४ वर्ष नपुग्दै यो ऋणभार दोब्बरले बढेर ५० हजार नाघेको छ । यो सन् २०२० को सरकारी आँकडा हो । यो भनेको करिब १५ खर्ब चानचुन पर्न आउँछ । यसले नेपालको अर्थ व्यवस्था कति खराब बन्दै गएको छ भन्ने देखाउँछ ।
- अन्तर्राष्ट्रिय र राष्ट्रिय अन्तरविरोध असाध्यै पेचिलो अवस्थामा पुगेको छ । अमेरिकी चुनावमा ट्रम्पको पराजय र नेपालमा सत्ताधारी नेकपाबिचको चर्को अन्तरविरोध र पार्टी विभाजनसम्म पुग्नु र त्यसैको कारण आफ्नै नेतृत्वमा रहेको दुईतिहाइ बहुमतको सरकारको विघटन गर्नुले राष्ट्रिय राजनीति र नेपालमा सत्तामा आएको सत्ता संकटलाई पुष्टि गर्दछ ।
- राष्ट्रिय राजनीतिमा आएको संकटले संसदीय व्यवस्थाको संकट र असफलता तथा सत्ताधारी पार्टी र त्यसको नेतृत्व गर्ने शासक नेताहरूको समेत असफलता र अयोग्यतालाई पुष्टि गर्दछ । यसले अनिवार्य रूपमा सत्ता र यसको नेतृत्वको विकल्पको माग गर्दछ । सबै हिसाबले अबको विकल्प अब कुनै पनि हालतमा संसदीय व्यवस्था नहुने र यसको विकल्प पश्चागामी शक्ति र व्यवस्था नहुने कुरा पनि स्पष्ट छ । यसले अनिवार्य रूपमा वैज्ञानिक समाजवादको विकल्प दिएको छ ।
- घटनाक्रमहरूले के पुष्टि गर्दछन् भने अब दलाल पुँजीवाद वा सामाजिक फासिवादका विरुद्ध क्रान्तिकारी, देशभक्त, प्रगतिशील शक्तिहरू एक ठाउँमा आउनुको विकल्प छैन र देशलाई नयाँ निकास दिनुको विकल्प छैन भन्ने स्पष्ट गर्दछ । यसैले एकीकृत जनक्रान्तिको कार्यदिशाको वैज्ञानिकता अझ पुष्टि हुँदै गएको छ ।

अन्तमा,

- नेपाली उखानमा 'हुने बिरुवाको चिल्लो पात' भनेझैँ एकीकृत जनक्रान्तिले आफ्नो प्रारम्भिक सफलताहरूसहित नेपाली क्रान्तिलाई उत्कर्षतिर धकेल्दै गएको छ ।
- आखिरमा कार्यदिशा सही हुनुले नै सबै चीजहरूलाई निर्धारण गर्दछ । यसमा नेतृत्वको महत्वपूर्ण भूमिका रहन्छ भन्ने कुरालाई पनि पुष्टि गरेको छ ।
- अब हिजोका आन्दोलनका कतिपय पात्रहरू सकारात्मक वा नकारात्मक रूपमा क. माओले भन्नुभएझैँ केवल इतिहासको 'संग्रहालय' का विषय बन्न पुगेका छन् ।
- अब नेपालमा वैज्ञानिक समाजवादलाई कसैले चाहेर पनि रोक्न सक्नेछैनन् किनकि वैज्ञानिक समाजवाद र साम्यवादी सत्ता अबको अनिवार्य आवश्यकता बन्न पुगेको छ ।
- अन्तिममा दृढताका साथ यति भन्न सकिन्छ कि यदि हामीले गल्ती गरेनौँ भने र एकीकृत जनक्रान्तिलाई साँच्चै नै दृढतापूर्वक लागु गऱ्यौँ भने, यसलाई जनतासँग जोडेर पार्टी नीति, निर्णय र निर्देशनहरूलाई दृढतापूर्वक र इमानदारितापूर्वक लागु गऱ्यौँ भने हामीलाई क्रान्तिको अन्तिम विजयसम्म पुग्न कसैको तागतले छेक्न सक्नेछैन र त्यो दिन धेरै टाढा पनि छैन ।

त्यसैले, सबै क्रान्तिकारी, प्रगतिशील देशभक्त-लोकतन्त्रवादी तथा समाजका सचेत वर्ग र आम जनसमुदाय एक बनौँ । नेपाल हामी सबैको हो, क्रान्ति हामी सबैको निम्ति हो । एकीकृत जनक्रान्ति - जिन्दावाद ।

## क. कञ्चनको ....

भेगमा २-४ पटक ओहोर दोहोर गरेपछि त्यो सवारी साधन नोटमा परिहाल्छ र अझ खुलेका कमरेडहरूले प्रयोग गरेको त थाहै नपाउने गरी त्यसको निरन्तर निगरानी भइरहेको हुन्छ । अझ सरकारलाई अहिले के सजिलो छ भने जनयुद्धका बखत विस्थापित प्रहरी चौकीहरू गाउँ-गाउँमा पुगेका छन्, झन् त्यसमाथि मोबाइलको सुविधा त छँदै छ । विज्ञान प्रविधिले आजको दुनियाँलाई निकै गतिशील, साँघुरो र तीव्र पनि बनाइदिएको छ । यो विद्यमान सत्ताका लागि मात्र हैन- विद्रोहीका लागि पनि हो । यसले क्रान्तिको दुरीलाई पनि छोट्याइदिन सक्छ । तसर्थ, क्रान्तिकारीहरूले सूचना प्रविधिको प्रयोग गर्दा विवेक र कला दुवैको प्रयोग गर्ने र हेलचेक्र्याइँ नगर्ने हो भने बिनाक्षति नै ठुला-ठुला उपलब्धिहरू हासिल गर्न सम्भव छ ।

### ६. जाल र डोरीको प्रश्न

विद्रोहबाट त्रसित र सशङ्कित राज्यले विद्रोही पक्षमा क्षति पुऱ्याउन अनेकन् उपाय अपनाउने गर्छन् । नतर्सियून् पनि कसरी, जसको हुँकारले लुटको स्वर्गमा आतङ्क फैलाइदिएको छ जब । विद्रोही आवाज कमजोर बनाउन उसले अपनाएको एउटा कलात्मक सिद्धान्त हो- जाल र डोरीको सिद्धान्त । जुन नीतिअन्तर्गत उसले विद्रोहीसम्बद्ध कतिपय नेता-कार्यकर्तालाई अव्यक्त वा गुप्त निगरानीमा राखी छायाझैँ पछ्याएर फुक्काफाल काम गर्न दिएझैँ गर्छन् । प्रतिबन्धको समयमा पनि हाम्रा महत्वपूर्ण कमरेडहरूले यसरी काम गर्न पाउनु पार्टी-क्रान्तिका लागि ज्यादै खुसीको कुरा हो । तर, हामीले यो कुरा कहिल्यै भुल्नुहुँदैन कि यो सरकारको जाल र डोरीको सिद्धान्तद्वारा निर्देशित नाटक हो । यो कुरा यहाँबाट पनि पुष्टि हुन्छ कि नेताहरू छोडेर सङ्गठनका जिल्ला तहका सामान्य कार्यकर्तालाई जेलमा खाँदिरहेको हुन्छ । सङ्गठन, आन्दोलन र नेताहरूलाई माया गरेर उसले यस्तो व्यवहार गरेको हुँदै हैन । यसको पछाडि राज्यको जाल बिछ्याउने र लहरो समाउँदै पहरोसम्म पुग्ने र ठुलै सिकार हात पार्ने कुटिल चालले काम गरेको हुन्छ ।

### ७. घुसपैठको प्रश्न

यो एउटा यस्तो शैली हो, अस्त्र हो, जुन विश्वमा निकै घातक ढङ्गले प्रयोग भइरहेको छ, एउटा बलियो हतियारको रूपमा । घुसपैठियाहरू आफ्नो पक्षको फाइदा र हितका लागि ज्यानै दिएर काम गर्छन् र उनीहरू कतिसम्म निष्ठावान् र समर्पित हुन्छन् भने भयङ्कर चुनौती र यातना पनि उनका सामु पराजित हुन्छन् । तिनीहरू कतिसम्म माहिर र सिद्धहस्त हुन्छन् कि विद्रोही पक्षले चालै नपाउने गरी उनकै मुकाम र संवेदनशील ठाउँमा घुसेर उनकै विरुद्ध काम गरिरहेका हुन्छन् ।

हामो पार्टी बनेपछि र प्रतिरोध सङ्घर्ष उठेपछि राज्यका सम्बन्धित निकाय विभिन्नस्तरका मानिसहरू हाम्रो पार्टी, जवस र मोर्चा आदिको विभिन्न तहमा र भित्री निकायमा घुसपैठको प्रयास जारी छ । र, विगतका कैयौँ घटनामा घुसपैठियाको कारणले पार्टीले अकल्पनीय क्षति व्यहोर्नुपरेका तथ्य सार्वजनिक भइसकेका पनि छन् । यो शैलीमा विरोधी पक्षले दुई तरिका अपनाउने गरेको पाइन्छ । पहिलो- आफ्नो वफादार मान्छे घुसाउने । दोस्रो- त्यहीँ काम गरिरहेकालाई खरिद गर्ने । हाम्रो पार्टीको मामिलामा विरोधीले यी दुवै तरिका प्रयोग गरेका छन् ।

घुसपैठहरू कतिपय बेलामा कति संवेदनशील ठाउँसम्म पनि भएका हुन्छन् या हुन सक्छन् भन्ने कुरा लेनिनको नेतृत्वमा सो.क.पा.को विद्रोहका योजनाहरू पार्टीमा तयार हुनासाथ राज्यले चाल पाएको घटनाले देखाउँछ । जब पोलिटब्युरो सदस्य मालिनोब्स्की स्वयम् जारको एजेन्ट भएको तथ्य सार्वजनिक भयो, तब मानिसहरू चकित परेका थिए । यहाँ कञ्चनको घटना योजना चुहावटको मामिला कुनै सामान्य कमजोरी मात्र देखिँदैन । घटनाका विवरणअनुसार कस्तो लाग्दछ भने- क. कञ्चन कता प्रस्थान गर्दै हुनुहुन्छ, उहाँका अघि पछि कति सवारी छन्, कतिजना कार्यकर्ता साथमा छन्, यतिसम्म कि कसले ड्राइभ गरेको साधनमा क. कञ्चन सवार हुनुहुन्छ, सम्मको जानकारी बोकेर शतप्रतिशत निश्चित गरेर एम्बुस बसेको देखिन्छ सीआईबी । मानौँ, मालिनोब्स्कीले पार्टीको योजना जारलाई दिएझैँ । यसर्थ, सङ्गठन, संवेदनशील कार्य, महत्वपूर्ण निकायमा कार्यकर्ता नियुक्त गर्दा वा छनौट गर्दा सम्बन्धित नेतृत्वले आग्रहहरूबाट मुक्त भएर काम गर्ने हो भने भत्तावाल सीआईडी नै घुसपैठ हुने खतरा रोक्न सकिन्छ र पार्टी-क्रान्तिको क्षति कम गर्न सकिन्छ ।

हाम्रो पार्टीलाई क. कञ्चनको गिरफ्तारीले पुऱ्याएको क्षति सामान्य छैन । साथै, यसले कैयौँ प्रश्न पनि सतहमा ल्याइदिएको छ, जहाँ पार्टीका नेता-कार्यकर्ताको समयमै ध्यान पुग्न जरुरी छ । विगतका त्रुटिहरूबाट शिक्षा नलिनेजस्तो महामूर्ख कोही हुँदैन भन्ने एउटा भनाइ छ । यसर्थ, क. कञ्चनको पक्राउले सिकाएका पाठहरू गम्भीरतापूर्वक मनन गरौँ, आगामी चुनौतीको मुकाविला गर्न आफूलाई तयार राखौँ, सफलताको सुन्दर सपना देखौँ ।

१० माघ, २०७७, संखुवासभा कारागार

# शैक्षिक साम्राज्यवादको विकल्प वैज्ञानिक समाजवादी शिक्षा



दर्शन कुमार नेपाली

वर्तमान अवस्थामा संसदीय दलाल पुँजीवादी राज्यसत्ताको नियन्त्रणमा रहेको हाम्रो मुलुकको शिक्षा प्रणालीद्वारा लाखौँ युवा विद्यार्थीहरूलाई आत्मदासताको सिकार बनाइएको छ । लाखौँलाख भविष्यका कर्णधारहरूलाई आत्मदासताको उपहार दिनेखालको शिक्षा प्रणाली सञ्चालन गरिएको छ । शिक्षा सभ्य मानव समाज निर्माण र मानव सभ्यताको रूपान्तरणको प्रमुख संवाहक तत्व हो, जसले मानव जीवनलाई अन्य प्रणालीभन्दा भिन्नै रूपमा प्रस्तुत गर्दछ । त्यसैले पनि शिक्षालाई मानव चेतनाको समृद्ध आधार मानिन्छ । सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, समग्र ज्ञान सिद्धान्त र विकासको महत्वपूर्ण आधार शिक्षा नै हो । मानव समाज निर्माणको प्रक्रियादेखि वर्गीय उत्पीडनको इतिहास हाम्रोअगाडि छर्लङ्ग छ । हाम्रो मुलुकको हकमा पनि परापूर्वकालदेखि जहानियाँ राणा शासन, निरङ्कुश राजतन्त्र होस् या नोकरशाही संसदीय दलाल पुँजीवादीहरूले सञ्चालन गरेको वर्तमानको संसदीय दलाल पुँजीवादी राज्यव्यवस्था होस्, वर्गीय समाजमा शिक्षा पनि वर्गीय नहुने कुरै भएन । वर्गीय उत्पीडन हिजो पनि थियो र आज पनि छ । जहाँसम्म श्रमजीवी उत्पीडित समुदायको विजयको झन्डा फहराउँदैन, त्यतिबेलासम्म वर्गीय उत्पीडन कायमै रहनेछ । उत्पादनका हरेक साधनमाथि नोकरशाही संसदीय दलाल पुँजीवादी वर्गको नियन्त्रण रहेको छ । त्यसको प्रभाव शिक्षा प्रणालीमा जबर्जस्त रूपमा रहेको छ ।

### शिक्षामा साम्राज्यवादको प्रवेश

आज इमानदार र श्रमजीवी वर्गका सन्तानहरूले प्रतिष्ठाका लागि भए पनि शिक्षा ग्रहण गर्न पर्ने बाध्यता हाम्रो मुलुकमा देखिन्छ । जुन शिक्षाबाट आत्मिक दासता मात्र प्रधान हुन्छ, यो अध्ययन गर्नैपर्ने सामाजिक बाध्यता बनिरहेको छ । चाहे त्यो निरङ्कुश राजतन्त्र होस् या अहिलेको नोकरशाही दलाल पुँजीवादीहरूले भन्दै आइरहेको समाजवादोन्मुख राष्ट्र यसको खासै कुनै अर्थ त छैन । तर, नोकरशाही दलाल पुँजीवादी उत्पादन सम्बन्धबाट शासक वर्गमा उत्पन्न हुने चेतना नोकरशाही दलाल पुँजीवादी हुनु स्वाभाविकै हो । त्यसका प्रभावहरू समाज र राष्ट्रमा परिरहेका हुन्छन् । जसरी मुलुकको राजनीति, अर्थनीतिलगायतका उत्पादनका हरेक क्षेत्रमा नोकरशाही दलाल पुँजीवादीहरूको नियन्त्रण रहेको छ, सोहीअनुसार नेपालको शिक्षा क्षेत्रमा पनि नियन्त्रण कायमै रहेको हुँदा फेरि पनि लाखौँलाख युवा-विद्यार्थीहरू पराधीनताको सिकार बन्ने कुरामा कुनै शंका नै रहेन । लामो समयदेखि विभिन्नखाले शासक वर्गहरूले थला पारेको हाम्रो देशमा न्याय, समानता र जनवादको लागि २०५२ सालमा फागुन १ देखि जनयुद्धको थालनी हुँदै गर्दा समाजवादी शिक्षा र समाजवादी विद्यालयको नमुना जसरी जनयुद्धले स्थापित गर्ने कोसिस गरेको थियो, शान्ति प्रक्रियापछिका पछिल्ला १५ वर्षदेखि संसदीय दलाल पुँजीवादी राज्यबाट प्राप्त उपलब्धिहरू मासिने काम भएको छ । हाम्रो संगठन अखिल ( क्रान्तिकारी) ले भन्दै आइरहेको वैज्ञानिक समाजवादी शिक्षा त धेरै टाढाको कुरा हो, वर्तमान संसदीय दलाल पुँजीवादीहरूले आफैँले बनाएको भनिएको कथित संविधानको सम्म ख्याल छैन, जसको परिणाम आम विद्यार्थीहरूले भोग्न परिरहेको छ । मुलुकको शिक्षा संसदीय दलाल पुँजीवादी वर्ग शैक्षिक माफियाहरूको नियन्त्रणमा रहेको परिस्थितिमा आम विद्यार्थीको हितमा हैन, प्रभुत्वशाली पुँजीवादी वर्गको निर्देशनमा शैक्षिक माफियाहरूको ग्राइन्ड डिजाइनमा शिक्षासम्बन्धी नीतिहरू निर्माण र कार्यान्वयन गराइने हुँदा विद्यार्थी र नागरिकहरूको भविष्य आत्मदासताको सिकार बन्छ र सिकार बन्ने निश्चित छ ।

### दुईखाले शैक्षिक संस्था

महान् गुरु कार्ल मार्क्सले भनेझैँ पुँजीवादी वर्गले कसरी कानुनी बाटोबाट बँच्न सकिन्छ, त्यो बाटो खोज्छन् र कसरी उदयमान पिंडीलाई मानसिक एवम् शारीरिक रूपले अपांग बनाउने, त्यो योजना बनाउँछन् । हाम्रो मुलुकको कथित संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ भने पनि त्यो व्यवहारतः लागु हुने कुरामा झिनो आशा पनि छैन । सामुदायिक विद्यालयहरूमा राज्यकोषबाट लगानी हुँदाहुँदै पनि राजनीतिको आवरणमा स्वाहा पारिन्छ र अभिभावकहरूले चर्को शुल्क तिरेर छोराछोरीहरूलाई पढाउनुपर्ने बाध्यता सिर्जना भएको छ । यो परिस्थितिको जिम्मेवार को हुने ? मार्क्सले भन्नुभएजस्तै कथित कानुनबाट बँच्नको लागि नीति निर्माण गर्ने र वैधानिक रूपमा शोषण गर्ने यो दलाल पुँजीवादी राज्यव्यवस्थाको मूल चरित्र हो । हाम्रो जस्तो मुलुकमा दुईखाले शिक्षा नीति बनाइएको छ, यो झन् कहालिलाग्दो छ । जन्मजात वर्ग जन्माउने र विभाजन गराउने दलाल पुँजीवादीहरूको यो अर्को डिजाइन हो । आफ्नो अनुकूलताको कानुन बनाउने र शिक्षाको नाममा आतंक मच्चाउँदै शैक्षिक व्यापार गर्ने, जसको संरक्षण वैधानिक रूपमा राज्यसत्ताले नै गरिरहेको छ । शिक्षा मन्त्रालय मातहतका विभागहरूलाई निर्देशन गरिन्छ, आफ्नो गुनगान गाउने, मलजल गर्नेखालको पाठ्यक्रम तयार पार्न र विद्यार्थीहरूलाई अध्ययन गराइन्छ । सामान्यतया विद्यार्थीको अध्ययनको उद्देश्य भनेकै उज्ज्वल भविष्य र सचरित्र निर्माणको लागि हो । बरु हाम्रो मुलुकको दृष्टिविहीन राज्यव्यवस्थामा त्यसको विपरीत जोन हल्टले भनेजस्तै विद्यालय विद्यार्थीहरूका लागि वैधानिक जेलजस्तै बनिरहेका छन्, जहाँ उनीहरूलाई कैदीभन्दा भिन्न व्यवहार गरिँदैन । अध्यापनको नाममा बोक्न नसक्ने किताबहरूको बोझ बोकाइन्छ, अनुशासनको नाममा आज्ञापालक अर्थात् कठपुतली बनाइन्छ । विद्यार्थीहरूले अध्ययन गरेर आनन्द लिने कुरा यातना बन्न पुग्छ भने मौलिक र सिर्जनात्मकता दण्डनीय वस्तु बन्न पुग्छ । सबैभन्दा ठूलो आतंक परीक्षाको नाममा सिर्जना गरिन्छ । अन्ततः रिजल्ट आउट हुँदासम्म कतिपय विद्यार्थी आत्महत्याको सिकार बन्न पुग्छन् । यसको जिम्मेवार नोकरशाही दलाल पुँजीवादी राज्यव्यवस्था र निर्देशित शिक्षा प्रणाली छ ।

नेपालमा केही सामन्ती अधिनायकवादीहरू र नोकरशाही दलाल पुँजीवादी राज्यव्यवस्थाले सिर्जना गरेको यो परिस्थितिमा शिक्षा नोकरशाही दलाल पुँजीवादी वर्ग र शैक्षिक दलालहरूको व्यवसायको रूपमा फस्टाइरहेको छ । शिक्षा प्रभुत्वशाली वर्गका सन्तानको लागि खास बनाइएको छ भने सर्वहारा-श्रमजीवी वर्गका छोराछोरीको लागि अर्कोखालको विद्यालयको व्यवस्था गरिएको छ । सोहीअनुरूपको पठनपाठनको पद्धति तयार गरिएको छ र अन्ततः आत्मदासताको परिस्थिति सिर्जना गराइन्छ । मुठीभर पुँजीवादी वर्ग र शैक्षिक माफियाहरूका सन्तानको लागि तयार गरिएका केही आवासीय विद्यालयहरूको उद्देश्य त्यस्ताखालका व्यक्ति निर्माण गर्नु रहेको छ, जसले शिक्षाबाट आनन्द लिन सिकोस् र भविष्यमा अन्य वर्गमाथि शासन जमाउन सकोस् । त्यस्ताखालका आवासीय विद्यालयहरूमा श्रमजीवी वर्गको पहुँच पुग्ने धेरै टाढाको कुरा हो, त्यहाँको विषयमा कल्पना गर्नसम्म सक्दैनन् । निजी शैक्षिक संस्थाभित्र पनि एकथरी यस्ताखालका परिदृश्य देख्न पाइन्छ, जहाँ सामान्य श्रमजीवी वर्गले कल्पना गर्न सक्छन् । त्यहाँको विद्यालय सञ्चालकलाई निल्नु न ओकेल्नु भइरहेको छ । ठुला माछाले सानो माछालाई खान्छ भनेझैँ शैक्षिक माफियाहरूको डिजाइन र दलाल राजनीतिसम्म पहुँच नभएका शैक्षिक व्यापारी बन्न खोज्नेहरू धरासायी बनिरहेका छन् । नोकरशाही दलाल संसदीय पुँजीवादी राज्यव्यवस्थाभित्र इमानदार श्रमिक वर्गले पाउने भनैकै हैरानी हो ।

### के हो वैज्ञानिक समाजवादी शिक्षा ?

वैज्ञानिक समाजवादी शिक्षा वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको मूल प्रवाह हो । आनातोली लुनाचार्स्कीका अनुसार सामाजिक जीवन सिद्धान्तको रूपमा समाज विज्ञान र शिक्षासम्बन्धी प्रश्नहरूको अनुसन्धान गर्ने सन्दर्भबाट सम्पन्न हुन्छ । वैज्ञानिक समाजवादी शिक्षा प्रणालीको उद्देश्य रूप र सीमा सामाजिक प्रणाली तथा समाज विज्ञानको प्रक्रियामा निर्भर हुन्छ । कुनै पनि विद्यार्थीले आर्जन गर्ने ज्ञानको अर्थ ऊभित्र रहेको ज्ञान, प्रतिभालाई कलात्मक रूपमा विकास गर्दै सामाजिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान, यान्त्रिक विज्ञानलगायतका भौतिक जगत्मा उत्पादन भएका र उत्पादन गर्न सकिने वस्तुको गतिको अध्ययन र प्रयोग गर्दै राष्ट्रिय आवश्यकता, राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय विकाससँग जोडिएको हुन्छ । सामान्य अर्थमा वैज्ञानिक समाजवादी शिक्षा भन्नेबित्तिकै निःशुल्क, अनिवार्य, वैज्ञानिक, व्यावहारिक शिक्षा भन्ने कुरा बुझ्दछौँ, जसको अर्थ गर्विलो र ओझिलो छ ।

लेनिनका अनुसार वैज्ञानिक समाजवादी शिक्षा समानता पूर्ण प्राप्तिको बाटोमा हुन्छ । नोकरशाही दलाल पुँजीवादी शिक्षा जो असमानता र अवैज्ञानिक छ, जो वर्गीय विभेद जन्माउने अखडा बनिरहेको छ, त्यसको विकल्पमा मानव जीवनका असीमित आवश्यकतालाई सजिलै परिपूर्ति गर्ने उद्देश्यसँग सम्बन्ध राख्छ । वर्गीय उत्पीडन, जातिय, क्षेत्रीय, लैङ्गिक, भाषिक, धार्मिक अतिवाद, सामान्तवाद तथा दलाल नोकरशाही पुँजीवादी शोषण र साम्राज्यवादी उत्पीडनबाट मुक्त बनाउने शिक्षा प्रणाली नै लेनिनले भन्नुभएको समानता पूर्ण बाटोबाट अगाडि बढ्ने शिक्षा प्रणाली हो । मानिस एक विवेकशील सामाजिक प्राणी हो । समाजमा समान अस्तित्वसहित बाँच्न पाउने अधिकार सुनिश्चितता हुन पर्छ । न कि विभिन्नखाले उत्पीडनबाट प्रताडित भएर नागरिकहरू अर्काको देशमा गुलाम बन्ने परिस्थिति सिर्जना होस् । शिक्षा निःशुल्क रूपले राज्यबाट नागरिकहरूले प्राप्त गर्छन् र वैज्ञानिक समाजवादी शिक्षा प्राणीको दायित्व पूर्णरूपले राज्यको मातहातमा रहन्छ ।

नोकरशाही दलाल पुँजीवाद र साम्राज्यवादका महान् दार्शनिक भनिनेहरूले टुप्पीदेखि बल गाएर जोडतोडका साथ बङ्ग्याउन खोजेको मार्क्सको महान् कृति ऐतिहासिक द्वन्द्वात्मभौतिकवाद (जसले विश्व साम्राज्यवाद र पुँजीवादको मुटु हल्लाउँछ), मा आधारित रहेर विश्व दृष्टिकोणबाट अध्ययन र अनुसन्धान गर्दै विचार, दर्शन, श्रम, समानतासँग जोडिएको शिक्षा प्रणालीद्वारा विद्यार्थीका आधार भूत आवश्यकतालाई राज्यद्वारा परिपूर्ति गर्दै भौतिकरूपमा नै मुलुकमा वैज्ञानिक खोज अनुसन्धान आवश्यकताअनुसार लागु गरिन्छ । पुँजीवादी राज्यव्यवस्थाले जसरी राज्यका उत्पादनका साधनमाथि नियन्त्रण गर्दै सामाजिक असमानता र वर्गीय उत्पीडन गरेको हुन्छ (जो माथि उल्लिखित गरिएको छ), त्यसको ठीक विपरीत वैज्ञानिक समाजवादी राज्यव्यवस्थामा वर्गविहीन समाज र समानतासहितको सामाजिक जीवन हुने भएकोले उपयुक्त सीप र ज्ञानका आधारमा मुलुकका युवा-विद्यार्थीहरूलाई राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय अध्ययन अनुसन्धानसँग जोडेर आत्मदासताबाट मुक्त हुन्छन् । उत्पादनका साधनमाथि राज्यको निःस्वार्थ नियन्त्रण रहने भएकाले युवा विद्यार्थीहरू आत्मनिर्भर त हुन्छन् नै, जसबाट दीर्घकालीन रूपमा शान्ति, सुशासन र मानवीय संवेदनासहितको साम्यवादी समाज निर्माण गर्नसम्म महत्वपूर्ण भूमिका खेल्दछ । वैज्ञानिक समाजवादी शिक्षाको महत्वपूर्ण आधार भनेको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोणमा आधारित सैद्धान्तिक समाज विज्ञानमा टिकेर व्यावहारिक समाज निर्माण गर्दै भू-बनावट र आवश्यकताअनुसारका उत्पादन कार्यलाई निरन्तरता दिँदै राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाएर वर्गीय विभेदको अन्त्य गर्दछ ।

वैज्ञानिक समाजवादी शिक्षा, वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको उत्पादनको स्रोत भएको हुँदा शैक्षिक दलाल शैक्षिक माफिया र पुँजीवादीहरूको चलखेलबाट मुक्त रहेको हुन्छ । जसको एक मात्र उद्देश्य युवा-विद्यार्थीहरूको रुचि र क्षमताको अध्ययन, अनुसन्धान गरी सामाजिक जीवनका मूल्य-मान्यतालाई आत्मसात् गर्दै राष्ट्रिय हित र विकासका कार्यमा अग्रसर गर्दछ । लेनिन भन्नुहुन्छ, “बच्चा हुन् या नौजवान, समाजका रचनात्मक काममा उनीहरूको सहभागिता हुनपर्छ । चाहे त्यो सरलभन्दा सरल र सानोभन्दा सानो रूपमा किन नहोस् ।” विद्यार्थीहरूको क्षमताको विकास त्यतिबेला हुन्छ, जतिबेला उनीहरूले रुचि राखेको कार्यमा स्वतन्त्रपूर्ण ढङ्गले कार्य गर्न दिनुपर्छ । दलाल नोकरशाही पुँजीवादी राज्यव्यवस्थाबाट निर्मित शिक्षा प्रणालीमा तहगत सिन्डिकेट लगाएर विद्यार्थीहरूको मनोविज्ञानलाई नै कमजोर बनाउने षड्यन्त्रपूर्ण ढङ्गले पाठ्यक्रम तयार गरिएको हुन्छ । महासचिव क. विप्लव भन्नुहुन्छ, “शिक्षा सिङ्गै मानव जातिको हजारौँ वर्षको अनुभव र अनुसन्धानबाट प्राप्त गरेको ज्ञान हो । त्यो ज्ञान कुनै व्यक्ति विशेष र कुनै समूह विशेष हुन सक्दैन । शिक्षामा नागरिकहरूको समान हक हुन पर्छ । वैज्ञानिक समाजवादी शिक्षा राज्यको दायित्वमा रहने भएको हुँदा निजीकरण, व्यापारीकरण र वर्गीय विभेदको अन्त्य गर्दै हरेक युवा-विद्यार्थीले समान अधिकारसहितको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारको ग्यारेन्टी गरिएको हुन्छ । वैज्ञानिक समाजवादी शिक्षा प्रणालीमा समानताको भाव कायम गर्ने गरी एकीकृत विद्यालयको व्यवस्था गरिएको हुन्छ जसबाट शिक्षामा भइरहेको वर्गीय, जातिय, लैङ्गिक, भाषिकलगायतका सम्पूर्ण विभेदको अन्त्य गरिन्छ ।

### विकल्प के हुन सक्छ ?

वैज्ञानिक समाजवादी शिक्षा र नोकरशाही दलाल पुँजीवादी शिक्षाको बारेमा अध्ययन गर्दा बिल्कुलै विपरीत ध्रुवको अध्ययन गरेको अनुभूति हुन्छ । पुँजीवादी शैक्षिक

... बाँकी ५ पेजमा

## युवा संगठन नेपाल कैलालीको सम्मेलन आयोजक समिति गठन

**धनगढी** : नेपाल कम्युनिस्ट पार्टी निकट युवा संगठन नेपाल कैलालीले जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ । युवा संगठन कैलालीको पूर्ण बैठकले ओम भट्टको नेतृत्वमा १५ सदस्यीय सम्मेलन आयोजक समिति गठन गरेको हो ।

नेकपा कैलाली सेक्रेटरी करण, युवा संगठन नेपालका सेती-महाकाली व्युरो संयोजक श्याम भट्ट लगायतका अतिथिहरूको उपस्थितिमा सम्पन्न बैठकले लागु औषध दुर्व्यसनी, जुवातास, जस्ता कुरिति र सामाजिक विकृतिविरुद्ध संघर्ष गर्ने समेत निर्णय गरेको जनाइएको छ ।

## अखिल (क्रान्तिकारी) ले भागरथीको हत्यारालाई फाँसिको माग गरे

**बर्दिया** : बैतडीकी किशोरी भागरथी भट्टको बलात्कार र हत्या गर्नेलाई कारवाहीको माग गर्दै अखिल (क्रान्तिकारी) बर्दियाले कोणसभा सम्पन्न गरेको छ । सयौँ विद्यार्थीहरूले जुलुस पश्चात कोणसभा सम्पन्न गरेका छन् ।

जुलुसमा सहभागी विद्यार्थीहरूले बलात्कारीलाई फाँसीको सजाय दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए । कोणसभालाई अखिल (क्रान्तिकारी) बर्दियाका संयोजक हरी प्याकुरेल, भेरीकर्णाली व्युरो सदस्य लोकेश जोशी लगायतले सम्बोधन गरेका थिए ।

वक्ताहरूले वर्तमान राज्यसत्ताले दलाल, भ्रष्टाचार र बलात्कारीलाई संरक्षण गरिरहेको भन्दै निर्मला पन्त र भागरथी भट्टको न्यायको लागि संघर्ष गर्नुपर्ने बताए । भेरीकर्णाली व्युरो सदस्य लोकेश जोशीले अखिल (क्रान्तिकारी) शैक्षिक विकृति र सामाजिक न्यायका निम्ति संघर्षमा होमिने घोषणा गरे ।

## अखिल (क्रान्तिकारी) दाङद्वारा भागरथी भट्टको न्यायको निम्ति विरोध सभा

काठमाडौँ : माघ २१ गते बैतडी जिल्ला दोगदाकेदार गाउपालिका वडा नं. ८ निवासी, सनातन धर्म मा.बि. कक्षा १२ मा अध्ययनरत १७ बर्षीय किशोरी भागरथी भट्टको आपराधिक गिरोहबाट बलात्कार पछि निर्मम हत्या गरिएको र अपराधीलाई प्रशासनले अहिलेसम्म गिरफ्तार नगरेको बिषयलाई लिएर अखिल (क्रान्तिकारी) दाङले सदरमुकाम घोराहीमा भागरथीको न्यायको निम्ति खबरदारी एवम् उक्त घटनाको अपराधीलाई अझैसम्म पनि कारवाही नगरी सरकार र त्यसको प्रशासन मौन रहेको भन्दै त्यसको विरुद्धमा विरोध पदर्शन गरेको छ ।

अखिल (क्रान्तिकारी) दाङ जिल्ला सम्मेलन आयोजक समितिका सदस्य खुम रिजालले उक्त विरोध कार्यक्रम सञ्चालन गर्दै यो भ्रष्ट सरकारकै संरक्षण र लाचारीका कारण समाजमा आपराधिक घटना एकपछि अर्को बृद्धि भइरहेको बताए । साथै उनले भागरथीको न्यायको निम्ति आफुहरु कडा संघर्ष गर्न तयार हुनुपर्ने बताए ।

त्यसैगरी अखिल (क्रान्तिकारी) दाङ जिल्ला संयोजक अनिल केसीले यो सरकार कुर्सीको बचाउमा लागेकोले घटना घटेको ८ दिन बितिसक्दा सम्म पनि कुनै चासो नदिएको बताए । सरकार जिम्मेवार नबन्दा नागरिकका डरत्रास सिर्जना भएको बताए । साथै अहिलेसम्म भएका बलात्कार पछि हत्याका घटनामा सरकार र त्यसको प्रशासनकै संरक्षण भएकाले यस्ता घटनाहरु मौलाएको, महिला राष्ट्रपति भएको देशमा दिनहु महिला बलात्कृत हुनु र न्याय नपाउनु दुःखद भएको भन्दै केपी सरकारको गृह प्रशासनले अन्याय, अत्याचार, दमन, शोषणको विरुद्ध र न्याय, सत्य, विद्यार्थीको हक-हित अधिकार, समानता, स्वाधीनताको पक्षमा बोल्ने युवा विद्यार्थीमाथि भइरहेको दमन, गिरफ्तारी रोकी हत्यारा, बलात्कारी, भ्रष्ट, अपराधीहरुलाई तत्काल नियन्त्रणमा लिई कडा भन्दा कडा कारवाही र निर्मला पन्त, भागरथी भट्टको परिवारलाई न्याय दिन माग गरे ।

साथै छोरी चेलीको रक्षाको निम्ति अखिल (क्रान्तिकारी) मैदानमा रहेको बताउँदै सबै एकजुट भएर यस्ता आपराधिक क्रियाकलापलाई रोक्नु पर्ने पनि बताए ।

करिब पाँच सय जना विद्यार्थी उपस्थित रहेको उक्त विरोध कार्यक्रममा अखिल (क्रान्तिकारी) दाङ जिल्ला सम्मेलन आयोजक समितिका सदस्यहरू खुमन, सरद, तार्जन, चुडामणि, हिमाल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा विद्यार्थीहरुले चर्को स्वरमा भागरथीको परिवारलाई न्याय दे ! नालायक केपी सरकार - मुर्दावाद !, संविधानमा फासीको व्यवस्था गर !, हत्या, हिंसा र बलात्कार - बन्द गर !, बलात्कारीलाई फासी दे !, अखिल (क्रान्तिकारी) - जिन्दावाद ! र भागरथीको हत्यामा संलग्न अपराधीलाई कारवाही गर ! जस्ता नाराहरु लगाएका थिए ।

## मकवानपुरमा २६ औँ जनयुद्ध दिवस सानदार ढङ्गले मनाइयो

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले जिल्लाका पुर्वी बेल्ट हेटौंडा-१७ र पश्चिमी बेल्ट मनहरी-२ गरि छुट्टाछुट्टै क्षेत्रमा सयौँ जनताहरुको बीचमा एकापसमा शुभकामना आदानप्रदान गर्दै २६ औँ जनयुद्ध दिवस भव्य एवम् सानदार ढङ्गले मनाएको छ । जिल्लाका दुबै स्थानमा सम्पन्न भएका कार्यक्रममा जिल्ला पार्टीको विभिन्न तह र तप्काका नेता तथा कार्यकर्ताहरुका साथै सयौँ समर्थक जनताहरुको समेत उपस्थिति रहेको थियो ।

त्यसैगरी, नेकपा मकवानपुरका इन्चार्ज र सेक्रेटरी लगायतको विशेष उपस्थितिमा उक्त कार्यक्रम हर्सोल्लासका साथ सम्पन्न भएको समाचारमा जनाइएको छ ।

जिल्लाको पुर्वी क्षेत्रमा सम्पन्न भएको कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका जिल्ला इन्चार्ज जमिनले ऐतिहासिक जनयुद्धको २६ औँ वार्षिक उत्सव मनाउनुको महत्व, औचित्य र उद्देश्यको बारेमा स्पष्ट पारेका थिए । पार्टीले राष्ट्रियता, जनतन्त्र, जनजीविका सम्बन्धी विभिन्न संघर्षका कार्यक्रम लन्च गरिरहेको बताउँदै उहाँले यो सामाजिक फासिवादी सरकारले पार्टीमाथि लगाएको प्रतिबन्ध अब तत्काल हटाउनुको विकल्प नरहेको समेत बताए ।

त्यस्तै जिल्लाको पश्चिमी बेल्टमा सम्पन्न भएको कार्यक्रमलाई सम्बोधन गर्दै नेकपाका जिल्ला सेक्रेटरी अटलले दसवर्षे जनयुद्धको तत्कालीन महत्व, उद्देश्य, कार्यनीतिका साथै जनयुद्धका अगुवाहरु नै दलाल संसदीय व्यवस्थाको दलदलमा फसिसकेपछिको अधुरो परिणाम पश्चात भएका धोकाधडिका कारण जनयुद्धको एजेन्डाहरु चोइटिएर बेपत्ता भएझैं हराएकोले जनता र सहिदका सपनाहरु पूरा नभएको कुरा जानकारी गराउँदै अब फेरि उक्त एजेन्डाहरु बटुल्दै एकीकृत गर्दै दलाल संसदीय व्यवस्था खारेज गरि वैज्ञानिक समाजवादी सत्ताको स्थापनार्थ महान सहिदहरुको सपना साकार पार्नका निमित्त एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशा तय गरिएको बताए ।

दुबै कार्यक्रमका सम्बोधकहरुले अझै पनि क्रान्तिको अन्त्य भइनसकेको कुरा स्पष्ट पार्दै फेरि पनि आम जनता आ-आफ्नो स्थानबाट उठ्दै, जुट्दै, गोलबद्ध हुँदै दिनप्रतिदिन नाङ्गिदै गइरहेको संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था ल्याउनका निम्ति तय गरिएको एकीकृत जनक्रान्तिको कार्यदिशा र बाटोमा अघि बढ्नुका साथै बढाउनका लागि आव्हान समेत गरेका छन् ।

## युवा संगठन नेपाल घोराही नगरको दोस्रो भेला सम्पन्न

**दाङ** । नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन युवा संगठन नेपाल घोराही नगरको दोस्रो भेला घोराहीमा सम्पन्न भएको छ । नेकपा दाङ जिल्ला इन्चार्ज प्रेमको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको अध्यक्षता युवा संगठन नेपाल घोराही नगर इन्चार्ज अजयले गरेका थिए । दोस्रो भेलालाई सम्बोधन गर्दै प्रेमले देशमा दलालीकरण, भ्रष्टाचार, हत्याहिंसा, बलात्कारजस्ता घटना दिन-प्रतिदिन बढिरहेकाले त्यसका विरुद्ध निर्मम संघर्ष गर्न आह्वान गरे । उनले आफ्नो पार्टी राष्ट्रघात, जनघात, भ्रष्टाचार तथा दलालहरूका विरुद्ध संघर्ष गरेकै कारणले नै दलाल पुँजीवादी सत्ता अत्तालिएर प्रतिबन्ध लगाएको जिकिर गर्दै एकीकृत जनक्रान्तिको कार्यदिशामा सम्पूर्ण युवाहरू गोलबन्द हुन र वैज्ञानिक समाजवादी सत्ता प्राप्तिको दिशामा अघि बढ्न अपिल गरे ।

कार्यक्रमका विशिष्ट अतिथि युवा संगठन नेपाल राप्ती ब्युरो इन्चार्ज अनिलले युवाहरूको काधमा ऐतिहासिक जिम्मेवारी थपिएको र त्यो पूरा एकीकृत जनक्रान्तिको कार्यदिशामा समाहित भएर हुने उद्घोष गरे । कार्यक्रममा युवा संगठन नेपाल दाङ जिल्ला संयोजक मनोज, नेकपा घोराही नगर इन्चार्ज जनक, अखिल (क्रान्तिकारी) दाङ जिल्ला सम्मेलन आयोजक समिति संयोजक अनिलको सहभागिता रहेको थियो भने कार्यक्रमको सहजीकरण खुमनले गरेका थिए । भेलाले प्रभुत्वको नेतृत्वमा १७ सदस्यीय नगर कमिटी चयनसमेत गरेको छ ।

# रणनीतिक संयुक्त मोर्चा र तीन विश्वको सिद्धान्त



खेम थपलिया

क्रान्तिका तीन जादुगरी हतियार क्रान्तिकारी पार्टी, सेना र संयुक्त मोर्चा सार्वभौम र सर्वग्राह्य भइरहेको सन्दर्भमा नेपालमा रणनीतिक संयुक्त मोर्चा निर्माणको पहलकदमीले फेरि माओले अघि सार्नुभएको तीन विश्वको सिद्धान्तको सान्दर्भिकताबारे बहस सुरु भएको छ । स्तालिनको मृत्युपछि सोभियत सङ्घ ख्रुस्चेबी संशोधनवादी राजमार्गमा उफ्रँदै गोर्बाचोभको नेतृत्वमा ग्लासनोस्त 'खुलापन' र पेरेस्त्रोइका 'पुनर्निर्माण' को मन्दविषद्वारा पतनमार्गोन्मुख हुँदै गर्दा माओले तीन विश्वको सिद्धान्त अघि सार्नुभएको थियो । उत्पीडित राष्ट्रहरूलाई एकजुट भएर आफ्नो मुक्तिमार्गमा निरन्तर अघि बढ्न प्रेरित गर्दै सामन्तवाद तथा विश्व साम्राज्यवादविरुद्ध विश्वका कम्युनिस्ट-सर्वहारालाई एकजुट हुन आह्वान गरेको उक्त तीन फरक विश्वको सिद्धान्त सन् १९७७ नोभेम्बर १ मा पेकिङ वैदेशिक भाषा प्रेसले प्रकाशन गरेको पुस्तकका रूपमा प्रकाशित छ। पुस्तकमा लेखिएको छ, 'साम्राज्यवाद, उपनिवेशवाद र प्रभुत्ववादविरुद्ध लड्ने प्रधान शक्ति तेस्रो विश्वका देशहरू र जनता हुन् ।'

माओको तीन विश्वको सिद्धान्त तत्कालीन विश्वको यथार्थपरक वैज्ञानिक विश्लेषण थियो । वर्गसङ्घर्षका अनेक वस्तुगत वास्तविकता हुन सक्तछन्, तर मार्क्सवादी विश्व दृष्टिकोणमा यसको एकीकृत र केन्द्रीकृत अभिव्यक्ति हुन जरुरी छ । माओले सन् १९७४ तिर भन्नुभएको थियो, "मेरो विचारमा अमेरिका र सोभियत सङ्घ पहिलो विश्व । जापान, युरोप, क्यानाडा र मध्यभाग दोस्रो विश्व र बाँकी हामी तेस्रो विश्व हौँ । तेस्रो विश्वमा ठूलो जनसङ्ख्या छ । जापानलाई छोडेर एसिया तेस्रो विश्वअन्तर्गत पर्छ । सम्पूर्ण अफ्रिकालगायत ल्याटिन अमेरिका पनि तेस्रो विश्व नै हो ।" यसअघि लेनिनले पनि सन् १९२१ मा भन्नुभएको थियो, "यहाँ दुई विश्व छन्- एउटा पुँजीवादको पुरानो विश्व र अर्को उदाउँदो नयाँ विश्व ।" लेनिनअनुसार हामी उदाउँदो नयाँ विश्वमा पर्छौं भने माओअनुसार हामी तेस्रो विश्वमा पर्दछौं, जुन उदाउँदो नयाँ विश्वको नयाँ जनक्रान्तिको आधारक्षेत्र हो ।

स्तालिनले भन्नुभएको थियो, "विश्व दुई शिविरमा विभक्त छ । एउटा शिविर साम्राज्यवादको अर्को समाजवादको । एउटा शिविर मुठीभर विकसित देशहरूको जसले वित्तीय पुँजी निर्माण गर्छ र गोलार्द्धका बहुमत जनसङ्ख्यामाथि पुँजीकै माध्यमबाट शोषण गर्छ । अर्को शिविर बहुमत शोषित र दबाइएका देशहरूको, जुन परनिर्भर छन् र उपनिवेश बनाइएका छन् ।" माओले सन् १९६६ अक्टोबर २५ मा भन्नुभएको थियो, "एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा उठेको क्रान्तिकारी आँधीले पुरानो विश्वसँग निर्णायक भिडन्त गर्नेछ र पुरानो विश्वको गतिलाई रोक्नेछ ।" यी सैद्धान्तिक, दार्शनिक एवम् ऐतिहासिक तथ्यहरूबाट स्पष्ट हुन्छ कि तेस्रो विश्वमा उठ्ने अबको जनक्रान्तिको आँधीबेहेरीलाई जति रोक्ने खोजे पनि पुरानो विश्वले कुनै पनि हालतमा रोक्न सक्नेछैन । पुरानो विश्व शोषणकारी पुँजीवादी-साम्राज्यवादी मुलुक हुन् । रणनीतिक संयुक्त मोर्चा क्रान्ति सम्पन्न गर्ने जनक्रान्तिको नयाँ रणनीतिक मोर्चा हो । यो तेस्रो विश्वका लागि रणनीतिक हतियार पनि हो ।

नेपालमा चुलीमा पुग्न लागेको क्रान्तिको रातो झन्डा फालेर हिन्द महासागरतिर तत्कालीन नेतृत्व बुर्कुसी मारेपछि तत्कालीन रूपमा धेरैलाई नेपाली क्रान्तिले सेटक्याक खाएको अनुभूति भएको थियो । यद्यपि नेपाली वर्गसङ्घर्षको ऐतिहासिक र जाज्वल्यमान विरासत जेजस्तो भए पनि तत्क्षणमा आइपरेका नकारात्मक विरासत आफ्नो ठाउँमा छ । तर पनि जेजति र जेजस्तो परिस्थिति आइलागे पनि नेपाली क्रान्तिको आधारभूत तहमा क्रान्तिकारी आदर्श र क्रान्तिकारी सपनामा कुनै स्खलन आएको थिएन । क्रान्तिकारीहरू त्यही सपना र आदर्शलाई आत्मसात् गर्दै क्रान्तिकारी राजनीतिक दल, शक्ति तथा अन्य विविध क्षेत्रका प्रतिनिधिहरू आ-आफ्नो ठाउँमा प्रतिबद्ध र क्रियाशील नै थिए । त्यही प्रतिबद्धता र क्रियाशीलताको बिचबाट नेपालको कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी राजनीति यतिबेला सामाजिक फासिवादी दलाल संसदीय व्यवस्थाका विरुद्ध भीषण वर्गसङ्घर्षमा टक्राइरहेको छ । रणनीतिक संयुक्त मोर्चा त्यही टकरावको अपरिहार्य वस्तुगत परिणाम हो ।

नेपालको जनक्रान्तिको आफ्नै विशेषता रहँदै आएको छ । दश बर्से जनयुद्ध पनि नेपाली विशेषतायुक्त थियो । नेपालको वर्गसङ्घर्षको इतिहासमा अनेक प्रकारका आन्दोलन, सङ्घर्ष, अवज्ञा, विद्रोहको उत्कर्षका रूपमा रहेको जनयुद्ध र पछिल्लो चरणमा उठेको जनक्रान्तिको झन्डाको आफ्नै महत्व र अपनत्व रहँदै आएको छ । जस्तोसुकै परिस्थितिमा पनि क्रान्तिकारीहरूले आफ्नो क्रान्तिकारी कार्यभारलाई बिर्सिएका हुँदैनन् । उनीहरूले अनेक तरहले क्रान्तिलाई अगाडि बढाउन चाहिरहेकै हुन्छन् । यसैबिचमा सामाजिक फासिवादी ओली सरकारद्वारा प्रतिबन्धित नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसहित मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), ऋषिराम कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र विश्वभक्त दुलाल 'आहुति' नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले संयुक्त रूपमा एक भव्य र ऐतिहासिक कार्यक्रमका साथ रणनीतिक संयुक्त मोर्चा घोषणा गरेका छन् । यो पहिलो पाइला भए पनि यसले आफ्नो हजारौँ माइलको यात्रा निर्देश गरेको छ ।

अन्तर्राष्ट्रिय गीतबाट प्रारम्भ भएको रणनीतिक संयुक्त मोर्चाको घोषणासभामा वक्ताहरूले विचारोत्तेजक सम्बोधन गर्नुभएको थियो । घोषणासभामा बोल्दै गुणराज लोहनीले नेपालमा प्रतिगमन जनमुक्ति सेनाको विघटनसँगै सुरु भएको बताउँदै प्रचण्ड-माधव समूहको जारी प्रतिगमनविरोधी आन्दोलनको कुनै औचित्य नभएकोले अब वैज्ञानिक समाजवादको बाटोमा जानुपर्ने कुरामा जोड दिनुभएको थियो । अर्का वक्ता मोहन वैद्यले चार कम्युनिस्ट पार्टीको संयुक्त कार्यक्रमको लक्ष्य नेपालका सबै क्रान्तिकारी शक्तिलाई एकताबद्ध गर्नु रहेको, जनगणतन्त्र र वैज्ञानिक समाजवाद प्राप्तिको लक्ष्य पूरा गर्न आवश्यक रहेको बताउँदै विप्लव नेकपालाई ओली सरकारले तत्काल प्रतिबन्ध नहटाए ठूलो आन्दोलनको आँधीबेहरी सिर्जना हुने उद्घोष गर्नुभएको थियो । अर्का वक्ता, ऋषि कट्टेलले सरकारले नेकपामाथि लगाइएको प्रतिबन्ध फिर्ता नलिए क्रान्तिकारी जनताले त्यसको प्रतिरोध गर्ने चेतावनी दिँदै विप्लव नेतृत्वको नेकपाका गिरफ्तार नेता-कार्यकर्तालाई ओली सरकारले रिहा नगरे जनताले जेलको ढोका फोरेर भए पनि मुक्त गर्ने चेतावनी दिनुभएको थियो । यसैगरी, अर्का वक्ता आहुतिले चार कम्युनिस्ट पार्टीको रणनीतिक संयुक्त कार्यक्रमको लक्ष्य पार्टी एकता भएको बताउँदै नेपालमा प्रतिगमन प्रचण्डको वैचारिक विचलनसँगै सुरु भएको दाबी गर्नुभएको थियो ।

रणनीतिक संयुक्त मोर्चा विश्व कम्युनिस्ट आन्दोलनमा भारत, चीन र कोरियामा आंशिक प्रयोग भए पनि त्यस्तो अन्येत्र प्रयोग नभएको जिकिर गरिएको छ । रणनीतिक संयुक्त मोर्चाले दलाल पुँजीवादी संसदीय व्यवस्था समस्याग्रस्त मात्रै भएको छैन कि दार्शनिक एवम् सैद्धान्तिक रूपमा समेत यो व्यवस्था पूर्णतः असफल भएकोले त्यसको विकल्पमा अग्रगामी राजनीतिक निकास दिने प्रतिबद्धता व्यक्त गरेको छ । नेपाली राजनीति, मुख्यतः क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूबिचको यो प्रतिबद्धतासहितको यो सहमति असामान्य र ऐतिहासिक छ । नेपालमा नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलालले संयुक्त जनआन्दोलनको नीति अघि सार्नुभएजस्तै २०४६ को संयुक्त जनआन्दोलन, जनयुद्धको जगमा उठेको २०६२/०६३ को एन्नाईसदिने संयुक्त जनआन्दोलनको एक चरणको सफलता क्रियाशील राजनीतिक दलहरूको संयुक्त पहलमै प्राप्त भएको थियो । रणनीतिक संयुक्त मोर्चालाई संयुक्त आन्दोलनात्मक शृङ्खलाको अर्को बृहत् र विशिष्ट कडी पनि मान्न सकिन्छ । सिद्धान्ततः नीति प्रधान हो, पार्टी प्रधान हो र मोर्चा सहायक नै हो । दलाल पुँजीवादविरुद्धको लडाइँमा क्रान्तिकारी पार्टीले आमूल परिवर्तनको अगुवाइ गर्छन्, यस्ता रणनीतिक मोर्चाहरू महत्वपूर्ण पूरक भूमिकामा रहन्छन् । त्यसैले, रणनीतिक संयुक्त मोर्चालाई अग्रगामी एवम् रूपान्तरणकारी मोर्चा भन्नु अन्यथा हुनुहुँदैन । यसबाट एकीकृत क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माणको आधार सुनिश्चित हुनेछ ।

नेपालमा यतिबेला संसदीय पुँजीवादी धाराका राजनीतिक दलहरू 'निर्वाचन' र 'पुनर्स्थापना' को नारामा अलमलिरहँदा रणनीतिक संयुक्त मोर्चा निर्माणबारे विभिन्न कोणबाट बहस सुरु भएका छन् । तर, नेपालका क्रान्तिकारीहरूले 'निर्वाचन' र 'पुनर्स्थापना' ले देशको जल्दोबल्दो समस्या समाधान नगर्ने भएकोले अब सबैले आफ्नो ध्यान वैज्ञानिक समाजवादी राज्यप्रणालीको स्थापनामा लगाउनुपर्ने कुरामा जोड दिइरहेका छन् । यसै सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले 'ई-रातोखबरमा' मा एक लेख लेख्दै भन्नुभएको छ, "रणनीतिक संयुक्त मोर्चा निर्माण गर्ने चार पार्टी सहमति संयुक्त मोर्चा निर्माणको पहिलो आधारशिला मात्र हो । हामीले प्रस्ट बुझेका र भनेका छौँ- यो मोर्चा दलाल पुँजीवादी तथा प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थाको विकल्पमा जनताको नयाँ सत्ता र व्यवस्था दिनुपर्छ भन्ने जुनसुकै राजनीतिक पार्टी, संस्था र व्यक्तित्वहरूसँग संस्थागत वा व्यक्तिगत रूपमा मोर्चाबन्दी र सहकार्य गर्ने मोर्चा हो । कम्युनिस्ट मात्र होइन, प्रगतिशील लोकतन्त्रवादी, देशभक्त शक्ति र व्यक्तित्वहरू सहभागी बन्न सक्ने मोर्चा हो । यही आधारमा हाम्रा कैयौँ मित्र पार्टी र व्यक्तित्वहरूसँग सौहार्दपूर्ण छलफल चलिरहेको छ ।"

माओको तीन विश्वको सिद्धान्तअनुरूप अहिले तेस्रो विश्वका उत्पीडित तथा श्रमजीवी सर्वहारा जनताले राष्ट्रिय स्वतन्त्रताको झन्डा उँचो बनाउने, भूमण्डलीकृत साम्राज्यवादको दमन, उत्पीडन र आक्रमणविरुद्धको लडाइँले फेरि एकपटक विश्वको क्रान्तिकारी परिस्थिति निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ । आजको विश्व जति भूमण्डलीकृत भए पनि सारतः माओकै भाष्यअनुरूप तीन विश्वको सिद्धान्तको सान्दर्भिकता उस्तै छ । हामीले विश्वभर मार्क्सवादी-लेनिनवादी-माओवादी पथप्रदर्शनमा दोस्रो र तेस्रो विश्वमा छरिएर रहेका श्रमजीवी तथा उत्पीडित जतताको एकताद्वारा आजको साम्राज्यवादविरुद्धको लडाइँमा शानदार विजय हासिल गर्न सक्तछौँ । आजको भूमण्डलीकृत अवस्थामा हामीले पनि बृहत् अन्तर्राष्ट्रिय एकता मञ्चहरू खडा गर्नैपर्दछ । हाम्रा युद्धनीतिहरू फरक-फरक भए पनि वर्गसङ्घर्ष साम्राज्यवाद र तिनका दलाल कठपुतली सरकार अर्थात् व्यवस्थामाथि नै केन्द्रित गर्नुपर्दछ । माओको तीन विश्वको सिद्धान्तले अन्तर्राष्ट्रिय सर्वहारा जनतालाई साम्राज्यवादविरुद्ध लड्न भरपुर आत्मविश्वास र हौसला प्रदान गरेको छ । यसले सम्पूर्ण मानवजातिको हित र मानवोचित उन्नयनका निम्ति शोषणविरुद्ध लड्ने बाटो देखाएको छ । यसर्थ, समकालीन विश्व राजनीतिमा रणनीतिक संयुक्त मोर्चा मूलतः तेस्रो विश्वमा सान्दर्भिकता कैयौँगुणा बढेको छ । यो २१ औँ शताब्दीमा मार्क्सवादको नयाँ प्रयोग पनि हुन सक्नेछ ।

वक्तव्यमार्फत् २०७७ पुस १४ मा चार राजनीतिक दलका बिचमा रणनीतिक संयुक्त मोर्चाको निर्माण गर्ने घोषणा गरेपछि नेपालको राजनीतिमा एउटा तरङ्ग आएकै थियो, त्यसमाथि झन् २०७७ माघ २९ गते धक्कामूलक ऐतिहासिक कार्यक्रमका साथ रणनीतिक संयुक्त मोर्चाको अवधारणापत्र सार्वजनिक गरिएपछि यसबारेका विविध तर्कहरू एकरेखीय बन्दै गएको छ । रणनीतिक संयुक्त मोर्चाको अवधारणापत्रको प्रारम्भमै भनिएको छ, 'नेपाली समाजको तत्कालीन वा दीर्घकालीन समस्या दलाल तथा प्रतिक्रियावादी संसदीय व्यवस्था र राज्यसत्ताबाट सम्भव छैन, त्यसका लागि क्रान्तिद्वारा जनगणतन्त्र/वैज्ञानिक समाजवादी व्यवस्था निर्माण अनिवार्य छ भन्ने यथार्थप्रति हामी स्पष्ट र दृढ छौँ । नेपाली क्रान्तिको यो रणनीति हासिल गर्न कम्युनिस्ट क्रान्तिकारीका अलावा वामपन्थी, देशभक्त र सच्चा लोकतन्त्रवादी शक्ति तथा व्यक्तित्वहरूको पनि अहम् भूमिका रहने हुनाले हामी त्यस्ता शक्ति एवम् व्यक्तित्वहरूलाई पनि यस रणनीतिक मोर्चामा सामेल हुन अपिल गर्दछौँ । सात दशक लामो नेपालको कम्युनिस्ट आन्दोलनमा रणनीतिक संयुक्त मोर्चा केवल नीतिमा सीमित हुन पुगेको थियो तर आजको वस्तुगत आवश्यकता र कम्युनिस्ट क्रान्तिकारीहरूको सचेत प्रयत्नबाट रणनीतिक संयुक्त मोर्चा व्यवहारमा प्रकट हुन सम्भव भएको छ । यस ऐतिहासिक क्रान्तिकारी प्रयोगमा आइपर्ने सबै खालका अड्चनहरूलाई सिद्धान्तको सिर्जनात्मक प्रयोग र क्रान्तिप्रतिको निष्ठामा आधारित भई समाधान गर्दै अघि बढ्नुपर्ने दायित्वप्रति हामी सचेत छौँ ।'

रणनीतिक संयुक्त मोर्चाले आफ्नो अवधारणापत्रमा नेपाली राजनीतिको वस्तुगत तथा आत्मगत अवस्थाबारे पनि सङ्क्षिप्त रूपमा उल्लेख गरेको छ । अवधारणापत्रमा भनिएको छ, ' लामो समयदेखि नेपाली जनता र प्रतिक्रियावादी व्यवस्था तथा राज्यसत्ताका बिचमा सङ्घर्ष चल्दै आएको छ । प्रतिक्रियावादी सत्तामा आमूल परिवर्तन गर्नका लागि कम्युनिस्ट पार्टीको नेतृत्वमा भएका विभिन्न जनसङ्घर्ष र जनआन्दोलनहरू, २००९-२०११ सम्म बारा-पर्सा-रौतहटलगायत स्थानमा भएका किसान आन्दोलनहरू, ऐतिहासिक झापा विद्रोह र महान् जनयुद्धको फलस्वरूप गणतन्त्र र राजनीतिक स्वतन्त्रताजस्ता विषयमा केही मात्रात्मक उपलब्धिहरू त हासिल भएका छन् तर गुणात्मक परिवर्तन र आधारभूत कम्युनिस्ट ध्येय उद्देश्य प्राप्त भएको छैन । त्यसैगरी, २०६२/०६३ को जनआन्दोलन र मधेसी, महिला, दलित, जनजाति, मुस्लिम आदि समुदायका आन्दोलनहरूले राखेका उद्देश्य र आकाङ्क्षा पनि पूरा भएका छैनन् । नेपालको सार्वभौमसत्ता तथा राष्ट्रिय स्वाधीनतामाथि साम्राज्यवादी शक्तिहरूले निरन्तर गर्दै आएका हस्तक्षेपका विरुद्ध नेपाली जनताले राष्ट्रिय मुक्ति सङ्घर्ष लगातार सञ्चालन गर्दै आएका छन् तर त्यसले पनि पूर्णता पाइसकेको छैन । फलतः आज पनि नेपाल साम्राज्यवादी नवऔपनिवेशिक साङ्लोमा बाँधिएकै अवस्थामा छ । सत्ता र संरचनाको मूल भूमिकामा दलाल पुँजीवाद र दलाल पुँजीपति वर्ग रहन पुगे पनि विभिन्न क्षेत्रमा अवशेषका रूपमा सामन्तवाद पनि जीवन्त छ ।'

आजको विश्व निगम पुँजीवादद्वारा आक्रान्त छ । त्यसैले त उहीसित समाजवादीहरूको सिधासिधा लडाइँ परिरहेको छ । त्यसैले, हामीले नेपाललगायत तेस्रो विश्वका देशहरूमा वैज्ञानिक समाजवादी आन्दोलन उठाउने आवश्यकता ज्वलन्त बन्न गएको हो । नेपालजस्तो तेस्रो विश्वका देशहरूमा अनगिन्ती समस्या त छन् तर त्योभन्दा कैयौँगुणा बढ्ता साम्राज्यवादी देशहरू जटिल समस्याद्वारा आक्रान्त छन् । माओले भन्नुभएझैँ अमेरिकी साम्राज्यवाद कागजी बाघ हो । उसलाई सानो सियोले प्वाल पार्न सकिन्छ । हामीलाई विश्वास छ, नवनिर्मित रणनीतिक संयुक्त मोर्चा कागजी बाघहरूको साम्राज्यमा प्वाल पार्ने सियो बन्नेछ; तेस्रो विश्वका देश र जनताका लागि मुक्ति र स्वतन्त्रताको रणनीतिक हतियार बन्नेछ; नेपालको सामाजिक फासिवादी दलालहरूको टाउकोमा बजार्ने बडेमानको घन पनि बन्नेछ । माओले भन्नुभएझैँ तिमी तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले लड्छौँ भन्ने कुरा त छँदै छ ।

४ फागुन, २०७७

## शैक्षिक साम्राज्यवादको ...

माफियाहरूका एजेन्टहरू वैज्ञानिक समाजवादी शिक्षाको विषयमा सुन्नसम्म तयार छैनन् । उनीहरूले जति बाङ्गोटिङ्गो कुरा गरे पनि तथ्य, तर्क र विज्ञानमा आधारित वैज्ञानिक समाजवादी शिक्षा विश्वसामु अपरिहार्य छ । केही एकाध राष्ट्रबाहेक पुँजीवादी समाज र शिक्षा प्रणाली असफलतातिर तेर्सिरहेका तथ्यहरूले प्रमाणित गरिदिएको छ । वर्तमान परिस्थितिमा हाम्रो मुलुकको शिक्षाको समाधान खोज्नको लागि निम्न कुराहरूको शल्यक्रिया गर्न आवश्यक छः

(१) शिक्षा क्षेत्रमा देखा परेका शैक्षिक समस्याहरूको समाधानका लागि नीतिगत प्रश्नहरूको हल गर्न आवश्यक छ । आम युवा-विद्यार्थी र नागरिकहरूको चाहना र राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्न सक्ने मालेमावादी मान्यतालाई अग्रस्थानमा राखी शैक्षिक समस्याको समाधान गर्ने प्रयत्न गर्नुपर्छ ।

(२) शैक्षिक प्रणालीबाट उत्पन्न हुने समस्या र उत्पीडनका समाधानका लागि राज्यले पूर्णरूपले शिक्षाको स्वामित्व ग्रहण गर्दै राज्यका नागरिकहरूलाई पूर्णरूपले निःशुल्क र अनिवार्य शिक्षाको व्यावस्था गरिनुपर्छ ।

(३) पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक छनोटजस्ता कार्यहरूलाई महत्वपूर्ण ढङ्गले विचार विमर्श गरी वैज्ञानिक र व्यवस्थित बनाइनुपर्छ ।

(४) विद्यार्थीको रुचि, क्षमता र आवश्यकताअनुसारको शैक्षिक पाठ्यक्रमको तयार गरी सम्बन्धित क्षेत्रका शिक्षक, प्रशिक्षकहरूको उचित व्यवस्थापन गरी विद्यालयहरू सञ्चालनमा ल्याउन पर्छ ।

(५) पोलिटेक्निकल शिक्षा प्रणालीलाई व्यवस्थित गरी लागु गरिनुपर्छ ।

(६) लोकसेवा आयोगबाट असक्षम मानिएका शिक्षकहरू शिक्षण पेशामा उपयुक्त मानिने गलत राजनीतिक आवरणका कारण शिक्षण पेसालाई दुर्गन्धित बनाइएको छ । शिक्षण पेसालाई सम्मानित, मर्यादित र जिम्मेवारपूर्ण बनाउन शिक्षकहरूको सीप, क्षमता र जिम्मेवारीको विकास नयाँ स्तरमा गरिनुपर्छ ।

(७) परीक्षा प्रणालीलाई सहज बनाउँदै विद्यार्थीको मूल्यांकन, उसको प्रतिभालाई रोक्ने निरुत्साहित गर्ने र मानसिक रूपले अपाङ्ग बनाउने नभईकन विद्यार्थीले आफ्नो क्षमता र शिक्षामा विकास गर्नेखालको हुनुपर्छ ।

(८) भू-बनावटअनुसार त्यहाँको मातृभाषामा शिक्षाको व्यवस्था गरी जातिय, क्षेत्रीय, भाषिक उत्पीडनको अन्त्य गर्दै मानवीय तथा सर्वहारा वर्गीय अन्तर्राष्ट्रवादको विकास गरिनुपर्छ ।

(९) राज्यका गल नीतिका कारण औपचारिक शिक्षाबाट बन्चित नागरिकलाई प्राप्त ज्ञान-सीपका आधारमा औपचारिक शिक्षा प्रदान गरिनुपर्छ ।

(१०) शिक्षकलाई सक्षम र सीपयुक्त शिक्षण कार्यमा संलग्नता गराई उपयुक्त तालिमको व्यवस्था गरी सम्बन्धित क्षेत्र र तहका शिक्षकलाई शिक्षण पेसामा प्रवेश गराउनुपर्छ ।

अन्तमा,

सारमा हेर्दा विद्यार्थीले पढिरहेका र लेखिएकोजस्तो देखिए पनि सारमा त्यो सत्य हैन । सत्य कुरा त त्यो हो, जहाँ पढे-लेखेका नागरिकहरूको भविष्य र समाज स्वर्णिम हुन्छ । जहाँ उनीहरूले आफू पढे-लेखेको अनुभूति गर्न पाएका हुन्छन् । मानिसहरूका आवश्यकता असीमित हुन्छन् तर वर्तमान परिस्थितिमा हाम्रो मुलुकको शिक्षा प्रणालीले सामान्यभन्दा सामान्य आवश्यकतालाई हल गर्न सक्ने परिस्थिति छैन । संसदीय नोकरशाही दलाल पुँजीवादीहरूले समाजवाद उन्मुख राष्ट्रको ढ्वाङ पिटिरहँदा समाजवादको दिशा कता हो भन्ने विषयमा समेत आम नागरिकलाई अलमलमा पारिरहेका छन् । छेपारे प्रवृत्तिलाई त्यति फरक नपर्ला तर आम नागरिकमा यसको ठूलो असर परिरहेको छ । विभिन्नखाले उत्पीडनको बिजारोपण गरिरहेको छ । नोकरशाही दलाल पुँजीवादी लुटेराहरूको राज्यव्यवस्थाबाट वैज्ञानिक समाजवादी शिक्षाको परिकल्पना धेरै टाढाको कुरा हो । राष्टिय पुँजीको विकास गर्दै आम नागरिकको समान अस्तित्वसहित बाँच्न पाउने अधिकारको ग्यारेन्टीसहितको वैज्ञानिक समाजवादी शिक्षा अपरिहार्य छ, जो लाखौँलाख युवा-विद्यार्थीको भविष्यसँग सम्बन्धित रहेको छ । अन्तमा कमरेड माओले भन्नुभएजस्तै राज्यसत्ताबाहेक अरू सबै भ्रम हो भन्ने कुरा नै अन्तिम सत्य हो । दलाल नोकरशाही पुँजीवादी शैक्षिक दलाल र लुटेराको चङ्गुलबाट देशलाई मुक्त बनाउँदै देशको शिक्षा प्रणाली समानरूपले नागरिकको पहुँचमा पुऱ्याउनको लागि वैज्ञानिक समाजवादी राज्यव्यवस्थाबाट प्राप्त हुने वैज्ञानिक समाजवादी शिक्षा प्रणालीको स्थापनाका लागि निरन्तर संघर्षको विकल्प छैन ।

*(लेखक अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य हुन् ।)*

## सम्पूर्ण राजबन्दीहरुलाई ...

जनयुद्धको घोषणा गरेको थियो । यी तीन प्रहरी चौकी हमला गर्दा रुकुमको राडी प्रहरी चौकी कार्वाहीको नेतृत्व तिनै सुदर्शन र गणेशमान पुनले गरेका थिए भने रोल्पाको होलेरीमा रहेको प्रहरी चौकी आक्रमणको नेतृत्व कृष्णबहादुर महरा, नन्दकिशोर पुन र वर्षमान पुनहरूले नेतृत्व गरेका थिए । यस्तै सिन्धुलीमा रहेको प्रहरी चौकी आक्रमणको नेतृत्व हरिबोल गजुरेललगायतले गरेका थिए । यीमध्ये सुदर्शनबाहेक सबै नेताहरू यही संसदीय व्यवस्थामा पटक पटक लाभको पदमा पुगिसकेका छन र पासाङ अहिले देशको उपराष्ट्रपति छन् । तर, यो राजनीतिक प्रणालीसग असहमति राखेको कारण विद्रोही नेकपाका नेता हेमन्तप्रकाश ओलीसहित सो पार्टीका सयौँ नेता-कार्यकर्ता हाल यो व्यवस्थाको जेल-हिरासतमा छन् ।

आफ्नै सहकर्मीहरूद्वारा नै बन्दी बनाइएका तिनै सुदर्शनले फागुन १ गते महान् जनयुद्धको वर्षगाठको अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै भनेका छन्- हामीले फरक राजनीतिक आस्था र विचार राखेकै कारण यो राज्यसत्ताअन्तर्गत रहेको न्यायालयको दृष्टिमा दोषी भएका छौँ । अन्यायीहरूले शासन गरेको देशमा असली न्यायप्रेमीहरू झ्यालखानामा थुनिनु कुनै अनौठो कुरा होइन । नेपाली जनक्रान्ति र जनआन्दोलनको इतिहासम पटक पटक धोका दिने विश्वासघातीहरू र जनघातीहरू वास्तविक अपराधी हुन् । दश वर्षको महान् जनयुद्धका सहिदहरू घाइते, अपांग योद्धाहरू, बेपत्ता योद्धाहरूको सपना लक्ष्यप्रति विश्वासघात गर्दै संसदीय व्यवस्थामा पुग्नेहरू वास्तविक अपराधी हुन् । अहिले उनीहरू जनतालाई भ्रमित पार्न सडकमा भुतभुताइरहेका छन् तर हामी जनयुद्धका वाहकहरू वैज्ञानिक समाजवादको लक्ष्यमा पुगेरै छोडने प्रतिवद्धता गर्नेहरू झ्यालखानामा कोचिएका छौँ ।

जनयुद्धको २६ औ वर्षगाँठको यो अवसरमा नख्खु परिसरमा आयोजना गरिएको एक कार्यक्रममा बोल्दै सुदर्शनले देशका विभिन्न कारागारमा फरक राजनीतिक आस्थाको आधारमा जबरजस्त कोचिएका राजबन्दीहरूको शीघ्र रिहाइको माग गरे । साथै, उनले नेपाली जनआन्दोलन र जनयुद्धको इतिहासमा सहादत प्राप्त गर्ने अमर सहिदहरू घाइते, बेपत्ता योद्धाहरू र धोका पाइरहने जनताहरूको सपना पूरा गर्ने प्रतिवद्धता जाहेर गरे । जनयुद्ध दिवसको अवसरमा आयोजित हाजिरी जवाफ प्रतियोगिताको सकारात्मक नतिजापछि सुदर्शनले भने- 'हामीले कारागारमा भए पनि ज्ञानप्राप्तिको लागि कडा मिहिनेत गरिरहेका छौँ, ज्ञान भनेको अन्धकारमा उज्यालो ल्याउने र झ्यालखानामा स्वतन्त्रता ल्याउने र अन्यायी शासन व्यवस्थाको अन्त गर्ने महत्वपुर्ण अस्त्र हो । हामीले ज्ञानद्वारा आफ्नै जीवनमा क्रान्ति ल्याउनेछौँ र बाहिर ठूलो झ्यालखानामा रहेका जनताको मुक्ति गर्नेछौँ । हामीले हरेक झ्यालखानालाई सच्चा ज्ञान प्राप्तिको तपस्यास्थल र प्रयोगशाला बनाऔँ, जसले शोषकहरूको आसुरी सत्ता डगमगाओस् र जनताको वैज्ञानिक समाजवादी सत्ता प्राप्त होस् ण कारागारभित्र रहनेहरूले कैयौँ जगन्य गल्ती गरेको भए पनि त्यसलाई हटाउने एक मात्र माध्यम वैज्ञानिक ज्ञान र व्यवहारको समायोजन नै हो । ज्ञान र व्यवहारको समायोजनले नै हरेक झ्यालखानाहरू सुधारगृहमा बदलिन सक्छन । यही अर्थमा महान् जनयुद्धको २६ औँ वार्षिकोत्वको अवसरमा सबै बन्दीहरूको शीघ्र रिहाइको शुभकामना व्यक्त गर्दछु ।'

हाजिरी जवाफ प्रतियोगितामा भरत गौतम टोली नेता रहेको टिम १ लोकेन्द्र खड्का टोली नेता रहेको टिम २ दोर्ची शेर्पा टोली नेता रहेको टिम ३ र मनिष बस्नेत टोली नेता रहेको टोली नम्बर ४ ले भाग लिएका थिए । ८१ वटा प्रश्नहरू सोधिएकोमा १२ वटाबाहेक सबै प्रश्नको जवाफ आएको थियो । प्रतियोगितामा प्रथम हुनेलाई १५ सय, द्वितीय हुनेलाई १ हजार र तृतीय हुनेलाई ५ सय पुरस्कारको व्यवस्था गरिएको थियो । प्रतियोगिताको नतिजा घोषणा गर्दै सृजनले प्रथम, द्वितीय र तृतीय हुनेलाई बधाई ज्ञापन गर्दै चौथो हुनेलाई आगामी दिनमा थप प्रयत्न गर्न प्रोत्साहन गरेका थिए ।

## जनयुद्ध दिवसको अवसर ...

फलफूल बितरण कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि करनले मानव मुक्ति र असाहाय वर्ग मानव जातिका लागि निरन्तर संघर्ष गरिरहने बताउँदै २६ औँ जनयुद्ध दिवसको शुभकामना दिए । साथै एकीकृत जनक्रान्तिमार्फत बैज्ञानिक समाजवादी राज्यसत्ता प्राप्तिका लागि असाहाय वर्ग र आम जनसमुदायलाई सहयोगको लागि हार्दिक अपिल समेत गरे ।

# २६ औँ जनयुद्ध दिवसको पूर्वसन्ध्यामा नेकपाद्वारा देशभर मसालजुलुस

**काठमाडौँ** : २६ औँ जनयुद्ध दिवसको पूर्वसन्ध्यामा शुक्रबार साँझ नेपाल कम्युनिस्ट पार्टीले देशव्यापी मसालजुलुस गरेको छ । नेपाल कम्युनिस्ट पार्टी सुर्खेतले २६ औँ जनयुद्ध दिवसको पूर्वसन्ध्यामा जिल्लाका विभिन्न स्थानमा मसालजुलुस सम्पन्न गरेको छ ।

मसालजुलुसमा एकीकृत जनक्रान्तिमा दृढतापूर्वक अगाडि बढौँ !, वैज्ञानिक समाजवादी सत्ता प्राप्तिका लागि एक जुट होऔँ !!, जनसत्ता निर्माण गरौँ !, पार्टीलाई जनतासँग मजबुत तरिकाले जोडौँ !!, सबै वामपन्थी शक्ति एकजुट होऔँ !, नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद !, लगायतका नारा लगाउँदै राँके जुलुसले जिल्लाका विभिन्न स्थानमा परिक्रमा गरिएको जनाइएको छ ।

मसालजुलुसपछि कोणसभाहरु समेत भएका छन् । कोणसभालाई सम्बोधन गर्दै नेकपाका सुर्खेत सेक्रेटरी यामराजले १० वर्षे जनयुद्धका लक्ष्य, उदेश्य र सपनाहरु अधुरो रहेको र ती सपना पूरा गर्न एकीकृत जनक्रान्तिमार्फत अगाडि बढ्नु पर्ने आवश्यकता रहेको बताए ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी निकट युवा संगठन नेपाल लुम्बिनी ब्युरो क्षेत्रीय समन्वय समितिद्वारा २६ औं महान जनयुद्ध दिवसको पूर्वसन्ध्यामा विभिन्न जिल्लामा मसालजुलुस निकालिएको छ ।

ब्युरो अन्तरगत गुल्मीको धुर्कोट, पाल्पाको तिनाउ, नवलपरासीको रामग्राम नगरपालिका, कपिलवस्तुको ३ स्थान शिवराज नगरपालिकाको हल्लानगर, बाणगंगा नगरपालिकाको बनगाई, कपिलवस्तु नगरपालिकाको पचेहरा र रूपन्देहीको मुर्गिया चोक लगायत अन्य जिल्लाका विभिन्न ठाउँमा मसालजुलुस निकालिएको हो ।

यस्तै २६ औँ महान जनयुद्ध दिवसको पूर्वसन्ध्यामा नेपाल कम्युनिस्ट पार्टी दाङले जिल्लाको विभिन्न ठाउँमा मसालजुलुस गरेको छ ।

पार्टीको केन्द्रिय कार्यक्रम अनुसार दाङको तुलसीपुर, घोराही, बङ्गलाचुली गाउँपालिका, बबई गाउँपालिकाका विभिन्न स्थान मसालजुलुस सम्पन्न भएको छ ।

मसाल जुलुस कार्यक्रममा महान जनयुद्ध जिन्दावाद, एकीकृत जनक्रान्ति जिन्दावाद, वीर शहिदहरु लालसलाम, दलाल पुँजीवादी संसदिय व्यवस्था मुर्दावाद, २६औं जनयुद्ध दिवस भब्यताका साथ सफल पारौं, सम्पूर्ण आस्थाका राजबन्दी रिहाइ गर१ जस्ता नाराहरु लगाइएको थियो ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी झापाले झापाका विभिन्न स्थानमा मसाल जुलुस निकालेको छ ।

२६ औं जनयुद्ध दिवसको पुर्वसन्ध्यामा झापाको शीवसताक्षी, कनकाई भद्रपुर, गौरादह, कमल, दमक, बुद्धशान्ति लगायतका स्थानमा मसाल जुलुस सम्पन्न गरिएको नेकपाले जानकारी दिएको छ ।

उक्त मसाल जुलुस कार्यक्रममा जिल्ला तहका नेताहरूले सम्बोधन गरेको र वैज्ञानिक समाजवादी सत्ता निर्माणका लागि जस्तोसुकै संघर्ष गर्न आफुहरू तयार रहेको नेकपा स्रोतले जानकारी दिएको छ ।

जुलुसमा एकीकृत जनक्रान्ति जिन्दावाद१, वैज्ञानिक समाजवाद जिन्दावाद१ नेकपा जिन्दावाद१, महासचिव विप्लव जिन्दावाद१, दलाल संसदीय व्यवस्था मुर्दावाद, जनयुद्ध जारी छ, आस्थाका बन्दीहरू रिहा गर लगायतका नाराबाजी गरिएको समाचार स्रोतले जानकारी दिएको छ ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन युवा संगठन नेपाल नवलपुरले दर्जनौं नेता कार्यकर्ताको उपस्थितिमा मध्यविन्दु नगरमा मसालजुलुस सहितको कोणसभा सम्पन्न गरेको छ ।

कोणसभालाई युवा संगठन नेपाल नवलपुरका अध्यक्ष अविनासले सम्बोधन गर्दै पुँजिवादी व्यवस्था, दलाल संसदिय व्यवस्था नै प्रमुख बाधक रहेको र अबको एकमात्र विकल्प वैज्ञानिक समाजवाद रहेको बताए । महान जनयुद्ध र महान सहिदहरूका अधुरा सपना पूरा गर्न सम्पूर्ण युवाहरू एकीकृत जनक्रान्तिको झन्डा मुनि गोलबन्द हुन आह्वान गरेका छन् ।

### युवा संगठन नेपालद्वारा जनकपुरमा मसालजुलुस

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी निकट युवा संगठन नेपाल जनकपुर ब्युरोको आयोजनामा जनकपुरमा मसालजुलुस गरिएको छ ।

युवा संगठन नेपाल जनकपुर ब्युरो इन्चार्ज छिरिङको नेतृत्वमा भएको मसालजुलुसपछि कोणसभा कार्यक्रम पनि गरिएको छ ।

सयौं युवाहरुको उपस्थितिमा मसाल जुलुस सम्पन्न गरिएको बताइएको छ । उपस्थित युवाहरुले भ्रष्टाचारीहरु होसियार, संसदिय व्यवस्था मुर्दावाद, एकीकृत जनक्रान्ति जिन्दावाद, २६ औं जनयुद्ध दिवस भव्यताका साथ सफल पारौं, आस्थाका बन्दीहरुलाई रिहाई गर, वीर सहिद लालसलाम जस्ता भन्ने नारा लगाइएको थियो ।

सभामा बोल्दै छिरिङले लाखौं देशभक्ति युवाहरु एक भएर मक्किएको संसदिय व्यवस्थाको विरुद्धमा क्रान्ति गर्दै वैज्ञानिक समाजवाद स्थापना गर्नु पर्ने बताए ।

### लुम्बिनी ब्युरोको विभिन्न जिल( लामा मशाल जुलुस

बुटवल : प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टी 'विप्लव' नेतृत्वको भातृ संगठन युवा संगठन नेपाल लुम्बिनी ब्युरो क्षेत्रीय समन्वय समितिद्वारा २६औं महान जनयुद्ध दिवसको पूर्वसन्ध्यामा विभिन्न जिल्लामा मशाल जुलुस निकालिएको छ ।

नेपाल कम्युनिस्ट पार्टीको अग्रभागीय संगठन युवा संगठन नेपाल नवलपुरले दर्जनौं नेता कार्यकर्ताको उपस्थितिमा मध्यविन्दु नगरमा मशाल जुलुससहितको कोणसभा सम्पन्न गरेको छ । कोण सभालाई युवा संगठन नेपाल नवलपुरका अध्यक्ष अविनासले सम्बोधन गर्दै, पुँजिवादी व्यवस्था, दलाल संसदीय व्यवस्था नै प्रमुख बाधक रहेको र अबको एकमात्र विकल्प वैज्ञानिक समाजवाद रहेको, महान जनयुद्ध र महान सहिदहरुका अधुरा सपना पूरा गर्न सम्पूर्ण युवाहरू एकीकृत जनक्रान्तिको झण्डामूनि गोलबन्द हुन आह्वान गरेका छन् ।

ब्युरो अन्तरगत गुल्मीको धुर्कोट, पाल्पाको तिनाउ, नवलपरासीको रामग्राम नगरपालिका, कपिलवस्तुको ३ स्थान - शिवराज नगरपालिकाको हल्लानगर, बाणगंगा नगरपालिकाको बनगाई, कपिलवस्तु नगरपालिकाको पचेहरा र रुपन्देहीको मुर्गिया चोकलगायत अन्य जिल्लाका विभिन्न ठाउँमा मशाल जुलुस निकालिएको हो ।

त्यसैगरी सुर्खेतमा नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद ! लगायतका नारा लगाउँदै राँके जुलुसले जिल्लाका भिभिन्न स्थानमा परिक्रमा गरिएको जनाइएको छ । दस वर्षे जनयुद्धका लक्ष उद्देश्य र सपनाहरु अधुरो रहेको र ती सपना पूरा गर्न एकीकृत जनक्रान्ति मार्फत अगाडि बढ्नु पर्ने आवश्यकता रहेको बताउँदै कोणसभाहरु पनि सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

# अखिल (क्रान्तिकारी) दाङद्वारा जनयुद्ध दिवसको शुभकामना आदानप्रदान कार्यक्रम

**काठमाडौँ** : ऐतिहासिक महान २६ औं जनयुद्ध दिवसको अवसरमा आज अखिल (क्रान्तिकारी) दाङको आयोजनामा सहिद आवासीय मा.वि. मा शुभकामना आदानप्रदान कार्यक्रम, एकीकृत जनदिशा अभियान उद्घाटन र अखिल (क्रान्तिकारी) सहिद आवासीय मा.वि. को दोस्रो इकाई सम्मेलन सम्पन्न गरेको छ ।

अखिल (क्रान्तिकारी) दाङ जिल्ला सम्मेलन आयोजक समिति संयोजक अनिल केसीको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि सहिद परिवार समाजका केन्द्रीय सदस्य एवम् सहिद स्मृति आवासीय मा.वि का विद्यालय व्यवस्थापन समिति सदस्य रैबहादुर बस्नेत 'धर्ती', अतिथिहरु अखिल (क्रान्तिकारी) दाङ जिल्ला सम्मेलन आयोजक समिति सदस्य सरद, भरत, तार्जन, पत्रकार महासंघ दाङ शाखा सचिव एवम् सहिद आवासिय मा.वि. ऋत्भ्क्ह का कोर्डिनेटर भुपेन्द्र वली, अखिल (क्रान्तिकारी) का पुर्व केन्द्रीय सदस्य मदन जिएम, सहिद आवासीय मा.वि. का सहायक प्रअ धनेश्वर पोखेल, उक्त विद्यालयका पुर्व प्रअ झविन्द्र पौडेल, विद्यालयका शिक्षकहरू माधव महरा, एकेन्द थापा, लालमणी बसेल, अखिल क्रान्तिकारी सहिद आवासीय मा.वि. का पुर्व सचिव कमल जिएम लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको संचालन अखिल क्रान्तिकारी दाङ जिल्लाका पुर्व सचिव एवम् २४ औं दाङ जिल्ला सम्मेलन आयोजक समितिका सदस्य खुमन पौडेलले गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि सहिद परिवार समाजका केन्द्रीय सदस्य एवम् सहिद विद्यालयका व्यवस्थापन समिति सदस्य रैबहादुर बस्नेतले प्रचण्ड, बाबुरामले जनयुद्धको सपनालाई कुर्सीसँग साटेर ठुलो घाट गरेको बताए । उनले जनयुद्धको मुख्य उद्देश्य लक्ष्य, बिचार सिद्धान्तहरु बिचलित हुँदै दलाल संसदीय व्यवस्था सामु आत्मसमर्पण गरेर १७ हजार सहिद, हजारौं घाइते, अपाङ्ग, बेपत्ता र परिवर्तनको पर्खाइमा रहेका जनताहरुलाई अलपत्र छोडेर प्रतिक्रियावादीसँग घाती जोड्न पुगेको बताए । साथै जनयुद्धको लक्ष्य, उद्देश्य, विचार, सिद्धान्त प्रचण्ड बाबुरामहरुले छोडिसकेको र विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीसँग मात्र जनयुद्धको मुद्दा, एजेन्डा, बिचार र सिद्धान्त रहेकाले उक्त पार्टीबाट मात्र जनयुद्धको क्रममा सहादत प्राप्त गर्ने सहिद, घाइते, अपाङ्ग, बेपत्ता योद्धाहरुको सपना पूरा हुने आशा रहेको भन्दै संसदीय व्यवस्था असफल भैसकेकाले वैज्ञानिक समाजवाद स्थापना अनिवार्य रहेको बताए ।

यस्तै कार्यक्रमका अध्यक्ष एवम् अखिल (क्रान्तिकारी) दाङका संयोजक अनिल केसीले जनयुद्ध र एकीकृत जनक्रान्तिका क्रममा आफ्नो जीवन बलिदान दिनुहुने महान सहिदहरुप्रति सम्मान, श्रद्धाञ्जली एवम् सबैमा शुभकामना व्यक्त गरे । साथै उनले १० बर्षे महान जनयुद्धले उठान गरेका एजेन्डाहरु पूरा नभएकाले ती एजेन्डाहरु पूरा गर्न सबै युवा विद्यार्थीहरु एकजुट हुनुपर्ने बेला भएको बताए । जनयुद्धको समयमा जनताको न्याय, मुक्ति, स्वतन्त्रता, समानता, निशुल्क शिक्षा, स्वास्थ, रोजगारीको चर्का-चर्का कुरा गर्ने नेताहरु अहिले आफ्ना छोराछोरीलाई विदेशका महङ्गा कलेज क्याम्पसहरुमा करोडौँ खर्च गरेर पढाई रहँदा यता जनयुद्धमा बुवा, आमा, आफन्त गुमाएका विद्यार्थीहरु साँझ बिहान कसरी छाक टार्ने, कसरी पढ्ने भनेर भौतारिने अवस्था आउनु दुःखद् भएको बताए ।

अगाडि उनले जनयुद्धका सहिद, घाइते, अपाङ्ग, बेपत्ता योद्धाका परिवारलाई यो सरकारले अझै पनि गलत दृष्टिकोणले हेरिरहेको बताए । जनयुद्ध, एकीकृत जनक्रान्तिका समयमा जीवन गुमाउनुहुने महान सहिद, घाइते, अपाङ्ग, बेपत्ताका सन्तानहरुलाई निशुल्क अध्ययन गर्ने वातावरण राज्यले बनाउनु पर्ने माग गरे । सहभागी विद्यार्थीहरु निराश नहुन आग्रह गर्दै नेपाल कम्युनिस्ट पार्टीले एक दिन दलाल संसदीय व्यवस्थालाई मिल्काएर समाजवादी राज्य व्यवस्था ल्याइछाड्ने र त्यसबाट मात्र यी तमाम समस्याहरू हल हुने र साथै सहिदको सपना पूरा गर्न सबै विद्यार्थीहरु आ-आफ्नो ठाउँबाट क्रान्तिलाई सहयोग गर्न अपिल गरे ।

उक्त कार्यक्रमकै अवसरमा अखिल (क्रान्तिकारी) दाङले एकीकृत जनदिशा अभियान उद्घाटन गरेको छ । साथै अखिल (क्रान्तिकारी) सहिद स्मृति आवासीय मा.वि. इकाई कमिटीको दोस्रो सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले गणेशको अध्यक्षतामा ३४ सदस्यीय मा.वि. इकाई कमिटी निर्वाचितसमेत गरेको छ ।

## सर्लाही र महोत्तरीले संयुक्त रुपमा २६ औँ जनयुद्ध दिवस मनाए

सर्लाही : नेपाल कम्युनिस्ट पार्टी सर्लाही र महोत्तरी जिल्ला समितिले संयुक्त रुपमा २६ औं जनयुद्ध दिवस बर्दिवास नगरपालिका १४ मा भब्यरुपमा सपन्न गरेको छ ।

जिल्ला इन्चार्ज हिमालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अतिथिमा किसान संघका केन्द्रीय सदस्य लाफा, मजदुरका केन्द्रीय सदस्य बिहानी, विद्यार्थीका केन्द्रीय सदस्य विकास रहेका थिए भने कार्यक्रम सञ्चालन वर्तमानले गरेका थिए ।

## सम्पर्क मञ्चले काठमाडौँमा २६ औँ जनयुद्ध दिवस भब्य रुपमा मनायो

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समितिले २६ औँ जनयुद्ध दिवसको पुर्व सन्ध्यामा दिप प्रज्वलन गरि कार्यक्रम भब्य रूपमा सम्पन्न गरि मनाएको छ ।

काठमाडौँमा गरिएको उक्त कार्यक्रमका प्रमुख अतिथि केन्दीय अध्यक्ष कमान सिंह र अथिति केन्दीय सचिव खेम प्रधानसहित दैलेख-काठमाडौँ सम्पर्क मञ्चका अध्यक्ष प्रेम विक.को नेतृत्वमा भब्य र सभ्य ढंगले कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा केन्द्रीय सदस्यहरु तथा नेताकार्यकर्ता र समर्थक सुभचिन्तकसहित उल्लेखनीय जनसहभागिता रहेको प्राप्त खबरमा जनाइएको छ ।

## देउखुरीमा युवा संगठन नेपाल लमही नगरको प्रथम भेला

**दाङ** । नेपाल कम्युनिस्ट पार्टीको सहायक संगठन युवा संगठन नेपाल लमही नगरको प्रथम भेला दाङको देउखुरीमा सम्पन्न भएको छ । भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि भगवानदासले प्रतिक्रान्तिका विरुद्ध सम्पूर्ण युवा एकजुट भई एकीकृत जनक्रान्तिको दिशामा अघि बढ्न आह्वान गरे । भ्रष्टाचार, महँगी, कालोबजारी, बेथिति, विसंगतिले सीमा नाघेको बताउँदै अब युवाले नै सुन्दर समाज सिर्जनाको पहलकदमी लिनुपर्ने बताए । उनले नेपालमा दलाल पुँजीवादी संसदीय व्यवस्थाले निम्त्याएको संकट समाधानको विकल्प एकीकृत जनक्रान्तिको कार्यदिशा नै भएको स्पष्ट पारे । वैज्ञानिक समाजवाद नै अहिलेको राजनीतिक विकल्प भएको बताउँदै युवाहरूलाई समाजवादी सत्ता स्थापनार्थ अन्तिम र निर्णायक लडाइँमा सामेल हुन आग्रह पनि गरे ।

राप्ती गाउँपालिका इन्चार्ज प्रविनको शुभकामना मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण नेकपा लमही सेक्रेटरी उज्ज्वलले गरेका थिए । नेकपा दाङ सेक्रेटरी भगवानदासको प्रमुख आतिथ्यतामा, अध्यक्षता युवा संगठन नेपाल देउखुरी क्षेत्र इन्चार्ज संघर्षले गरेका थिए भने युवा संगठन नेपाल दाङ जिल्ला सम्मेलन आयोजक समिति संयोजक मनोजको विशिष्ट आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

## युरोपका मोर्चाहरूले मनाए २६ औँ जनयुद्ध दिवस

**काठमाडौँ** । नेपाली जनप्रगतिशील मोर्चा युरोपले २६ औँ जनयुद्ध दिवस भव्यताका साथ मनाएको छ । ऐतिहासिक जनयुद्ध दिवसको अवसर पारेर मोर्चाले एक समारोहको आयोजना गरेको थियो । नेपाली जनजागरण मञ्चका संयोजक गुणराज लोहनी प्रमुख अतिथि रहेको उक्त कार्यक्रममा वाम बुद्धिजीवी धर्मेन्द्र केसीको विशेष उपस्तिथि रहेको थियो । प्रमुख अतिथि लोहनीले नेपालको वर्तमान राजनीतिक परि स्थितिमा जनयुद्धको महत्व झन बढ्दै गएको चर्चा गरेका थिए । नेपालमा अहिले दलाल पुँजीवादी सत्ता छ, यो दलाल पुँजीवादी उत्पीडनको अन्त्य वैज्ञानिक समाजवादी क्रान्तिले मात्र गर्दछ । अहिले क्रान्तिकारी वर्गको चरित्र पनि फेरिएको छ । बौद्धिक श्रमिक वर्ग बढिरहेको छ। त्यसैले वैज्ञानिक समाजवादी क्रान्तिको चरित्र स्वतः जनविद्रोहको कार्यदिशा हुन जान्छ र त्यो एकीकृत जनक्रान्ति गर्दछ । हामीले नेपाली क्रान्तिलाई अगाडि बढाउनका लागि रणनीतिक संयुक्त मोर्चा निर्माण गरेका छौं । रणनीतिक मोर्चामा हामी सत्ता र सरकारको विषयलाई हेर्ने दृष्टिकोणमा एकमत भएका छौं । संसदीय व्यवस्थाको अन्त्य गर्न जरुरी छ भन्ने कुरामा हामी सहमत छौं । अर्को नयाँ सत्ता निर्माणको अभ्याससम्म सँगसँगै जाने कुरामा पनि सहमति भएको छ । यो उपलब्धि नेपालको सन्दर्भमा हिजो भएको महान् जनयुद्धको आधारमा मात्र सम्भव भएको छ । विशेष अतिथि केसीले जनयुद्धको महत्वबारे दर्शाउँदै अब दलाल संसदीय व्यवस्था पूर्णरूपमा असफल भयो । त्यसको विकल्पमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले संश्लेषण गरेको वैज्ञानिक समाजवादी सत्ता आवश्यकता रहेको प्रस्ट पारे ।

२६ औँ जनयुद्ध दिवसको अवसरमा विश्वभर संगठित मोर्चाका सांगठनिक नेतृत्व गरेका अध्यक्ष तथा प्रतिनिधिहरूले शुभकामना मन्तब्य दिएका थिए । मोर्चाका उपाध्यक्ष बदन योङहाङले स्वागत गरेको कार्यक्रममा युरोपमा संगठित मोर्चाहरू बेल्जियम, जर्मनी, स्पेन र पोर्तुगलबाट क्रमशः मेख गुरुङ, सेरबहादुर तुम्बापो, ईश्वरी शर्मा र पूर्णबहादुर विश्वकर्माले जनयुद्ध दिवसको शुभकामना व्यक्त गरेका थिए । त्यसैगरी, अमेरिकाबाट मोर्चाका संयोजक विश्वबहादुर शाह मध्यपूर्वका मोर्चाहरू साउदी अरबका महासचिव टिकाराम ओली, कतारका महासचिव रविन पुन, बहराइनका महासचिव मिनराज नाथ र मलेसिया मोर्चाका सल्लाहकार सन्दिप खड्काले जनयुद्ध दिवसको महत्वबारे प्रकाश पार्दै शुभकामना दिएका थिए । मलेसियाबाट बुद्धिराम भुसालले 'धुरुधुरु नरोऊ प्रचन्ड विप्लवलाई सम्झेर' शीर्षकको ब्यङ्ग्यात्मक कविता वाचन गरेका थिए ।

कार्यक्रममा सहिद परिवारका सदस्य राजकुमार घमाल, टिकाराम ओली, गोपाल लामिछाने र उदयराज गौतमलाई सम्मान गरिएको थियो । उक्त कार्यक्रम नेपाली जनप्रगतिशील मोर्चा युरोपका अध्यक्ष विष्णु भुजेलको अध्यक्षतामा सम्पन्न भएको थियो । महान् सहिदहरूको सम्मानमा मुट्ठी उठाएर एक मिनेट मौन धारण गरी सुरु भएको कार्यक्रमको सञ्चालन मोर्चाका महासचिव डा. सुवर्णबाबु सापकोटाले गरेका थिए ।

## कविता

### स्वाभिमान सपनाहरूको सङ्गीतसँगै

**डा. शिवशंकर बस्याल**

उनका शासनका तराजुले
आफ्नै टाउकाको मूल्य तोक्दा
गोलीले छ्यान्द्रा पारेका छातीहरूले
ढल्न नदिई स्वाभिमान बोक्दा
जुन सपनाहरू फुलाएका थियौँ
आज तिनै सपनाहरूको लिलामी बोल्दै
तिमीजस्तै लाचार बनेर
मठअघि हाजिर भएका छैनौँ
उनैको जुठोपुरोको आशामा
तिनैको भतेरअघि लाचार उभिएका छैनौँ ।

तिमीले जस्तै
लाजको लगौँटी घाममा सुकाएर
कुस्तीखानाको पहलवान दाबी गरेका छैनौँ
फूलपातीसहित आफैँ टाउको चढाएर
मूर्कट्टा बनी उनैको आसनछेउ बसेका छैनौँ
बाटाहरू जटिल भए पनि
दु:ख, भोक र मृत्यु सहे पनि
सपनाका थुँगाहरूको
आफैँ कत्लेआम गरेका छैनौँ
आफ्नै पेटका नानीहरूलाई
निर्मम बनेर सिस्नोघारी फालेका छैनौँ
आफैँ हिँडेको पैतालाका रगत बिर्सेर
बासी सत्तासँगै
रगत बफाइएका मदिराको चेयर्स गरेका छैनौँ

हिजो
आँखा निकालेर जुनेली मारिँदै गर्दा
हेर्न चाहेको संसार बिर्सेका छैनौँ
ढिकीले कुटी छ्यान्द्रा पारिदिंदै गर्दा कोरेको
लिम्पिया र सुस्ताको मानचित्र बिर्सेका छैनौँ
तातो पानीमा उमाल्दै गर्दा खनाल बाले
गाउँदै गरेको अमरगीत बिर्सिएका छैनौँ
आफ्ना सपना बेपत्ता हुन नदिन
स्वयं बेपत्ता बनेका बेनोजहरू बिर्सिएका छैनौँ

ज्यूँदै पुर्दा नपुरिएका
ज्यूँदै बगाउदा नबगेका
दुध चुस्दै गरेको बच्चासहित
बिदा भएका फूलमायाहरू बिर्सेका छैनौँ

हो महोदय, हामीलाई थाहा छ
शरि गिडिनु पराजय होइन
शिर बेचिनु पराजय हो
शिर झुक्नु पराजय हो
त्योभन्दा ठूलो
शिर आफैँले चढाउनु पराजय हो ।

हामी पराजित होइनौँ
पराजय स्वीकार गरेका छैनौँ
हामी कायर होइनौँ
मैदान छोडेर भागेका छैनौँ
इतिहासमा सबैभन्दा ठूलो कायरता हो
आफ्नै सपनाहरू लावारिस छोडेर बरालिनु
इतिहासमा सबैभन्दा ठूलो पराजय हो
आफ्नै सपनाका लालावाला दुश्मनलाई बुझाउनु
इतिहासको सबैभन्दा ठूलो अश्लीलता हो
आफूले सिँचिएका सपना कुहाएर आफू जाग्नु
इतिहासको सबैभन्दा ठूलो बेइमानी हो
आफ्नै सपनाहरूको लिलामी आफैँले बोल्नु

त्यसैले
हामी हिँडिरहनेछौँ अनन्तसम्म
हामी लडिरहेछौँ निरन्तर
हाम्रा सपना विजेता नबनेसम्म
लक्ष्यसँग आलिगन गर्ने रहर बोकेर
चोट, घाम, पहिरो
पसिना र प्यासलाई साथी बनाएर
रगताम्य पैतलाहरूले बाटो नाप्दै
कैयौँपटक लडे पनि
फेरि उठेर साहस बटुल्दै अघि बढिरहेका छौँ हामी

त्यसैले यो मध्यरात
अनिँदो हिँडिरहेछौँ निरन्तर
ताजा सपनाहरूको उत्प्रेरणा बोकेर
यी सपनाहरू मुस्कुराइरहेछन् हामीसँगै
लक्ष्यको चुली नपुगेसम्म
यी सपनाहरू भर्भरमाइरहेछन् हामीसँगै
समाजवादको सँघारसम्म ।

# बाजुरा कारागारभित्रै आस्थाका राजबन्दीहरुले मनाए २६ औँ जनयुद्ध दिवस

बाजुरा : बाजुरा कारागारमा रहेका आस्थाका बन्दीहरुले २६ औँ जनयुद्ध दिवस भव्यताका साथ मनाएका छन् । धर्मराज सुनार 'धिरेन्द्र'को अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि चुडामणि वली 'आदर्श' रहेका थिए भने अतिथिहरुमा गोरखराज गिरि, निरप रावत, धुर्बबहादुर थापा रहेका थिए ।

कार्यक्रमको संचालन अम्मलाल थापा 'आशिष'ले गरेका थिए भने राजेश कुमार शाही 'आकाश'ले स्वागत मन्तब्य दिएका थिए। कार्यक्रममा १ मिनेट मौनधारणबाट सुरु भएको थियो ।

प्रमुख अतिथि आदर्शले जनयुद्ध दिवसको उपलक्ष्यमा सहिद परिवार, अपांग तथा घाइतेहरु, पार्टीका नेता तथा कार्यकर्ताहरु, पुर्व जनमुक्ति सेनाहरु, कारागारभित्र जेलजीवन बिताई रहेका आश्थाका बन्दीहरु र विश्व सर्वहारा वर्ग तथा आम नेपाली जनसमुदायलाई शुभकामना व्यक्त गरेका थिए । एकीकृत क्रान्तिमा लामबद्ध नेता तथा कार्यकर्तालाई कहिँ कतै बिचलित नभई निडर रहन समेत शुभकामना दिएका थिए ।

प्रतिगमनका बिरुद्ध भर्खरै गठित ४ वटा पार्टीको रणनैतिक सयुक्त मोर्चालाई बधाई तथा शुभकामना व्यक्त गर्दै पुरानो व्यबस्थाको बिरुद्ध निर्मम संघर्ष गर्न शुभेच्छा प्रकट गरेका थिए । नेता आदर्शले जेलभित्रैबाट अन्य पार्टीका देशभक्त तथा क्रान्तिकारी साथीहरुलाई बैज्ञानिक समाजबादका लागि एकीकृत क्रान्तिमा आबद्ध हुन अपिल समेत गरेका थिए ।

पछिल्ला राजनतिक घटनाक्रमहरुले बैज्ञानिक समाजबादका लागि एकीकृत क्रान्तिको आवश्यकतालाई पुष्टि गरेको बताउँदै पुरानो संसदीय ब्यवस्था र बैज्ञानिक समाजबाद बीच जनमत संग्रहको आवश्यकता भएको महसुस गरेका थिए ।

संसदीय ब्यवस्थाभित्र सबैको न्याय र आस्थाको केन्द्र मानिएको न्याय प्रणाली सबै भन्दा भ्रष्ट भएको आरोप लगाएका थिए । उनले भने, हाम्रा अदालतहरु पैसामा बार्गेनिङ गर्दै छन् । यति सम्म भ्रष्ट सुत्खोरी भएका छन कि मुद्दाहरुको चाँग लगाएर पैसामा वार्गेनिङ गर्दै पुराना फाइलहरुलाई थाँती राखेर जसले पैसा दियो त्यसैको मुद्दाको फाईल अघि सारिदिने घृणित कार्य अदालत भित्र भैरहेको छ । पैसाको मोलतोलमा ठुला ठुला अपराधीहरुलाई मुक्त गर्ने र राजनीतिक बन्दीहरुलाई भ्रुठ्ठा मुद्दा भिराएर अनाबस्यक सताउने कार्य भैरहेको छ ।

नेता आदर्शले भने 'हातहतियार खरखजना ओसारपसार किनबेच गर्नेहरुलाई बनाइएको कानुनलाई संगठित अपराध कसुर भन्दै अहिले आएर देशका विभिन्न ठाउँमा रहेका राजनीतिक नेता कार्यकर्तालाई लगाउदै डर धम्कि दिदै त्रासको बातावरण बनाएर २५ बर्षे सजाएको धम्कि दिइरहेका छन् भने डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला अपहरण सम्बन्धि कानुन ल्याई १५ बर्षसम सजाय गर्ने ब्यबस्था बनाए, त्यो अहिले आएर विभिन्न बहानामा क्रान्तिकारीहरुलाई निम्ट्यान्न पार्ने उद्देश्यमा प्रयोग गर्दै छन् र हातहतियार खरखजना राज्यले आफै ब्यवस्थापन गरि हाम्रा नेता कार्यकर्ताहरुलाई भ्रुठ्ठा भ्रुट्टा मुद्दा लगाई रहेका छन्।'

रगतको खोलो बगाएर राजतन्त्रलाई जनताले हटाए तर गणतन्त्रका लागि योगदान दिनेहरुलाई केपी प्रचण्डले आग्रह(पुर्बाग्रह) राख्दै राजनतिक दलमाथि प्रतिबन्द लगाए । प्रतिबन्दले यो ब्यबस्था र ति लिडरहरुलाई नै सिध्याउने स्पस्ट भएको नेता ओलीले बताए ।

राष्ट्रिय राजनीतिको विश्लेषण गर्दै १० बर्षे जनयुद्ध र ०६२/०६३ को जनआन्दोलनपछि १२ बुँदे समझदारीको आडमा काग्रेस र एमालेले धोका दिँदा त्यसको प्रत्यक्ष सिकार अहिले प्रचण्ड बनेको गम्भीर आरोप लगाए । जनमुक्ति सेना र हातहतियार बुझाएर पार्टी बिसर्जनगरि संसदीय ब्यवस्थामा आत्मसमर्पण गरेको बताउदै, प्रचण्ड बिचलित भएर संसदीय ब्यबस्थामै फर्किंदा त्यसकै परिणाम आज पुनः सडकमा पुमुपर्ने हबिगत भोगिरहेको उनको निष्कर्ष थियो ।

अहिले नेपालमा दुईतिहाई भनिएको कम्युनिस्टको संसदीय ब्यवस्था नै असफल भएपछि आफुलाई कम्युनिस्ट भन्नेहरु सखाप भएको दावी समेत गरे । असफल व्यवस्थाको बुइ चढेर अदालतदेखि स्थानीय तहहरु भ्रष्टको थलो बनेको ओलीले बताए ।

कार्यक्रमको बीचमा क्रान्तिकारी गित र गजलहरु प्रस्तुत भएका थिए । जसमा नरेश शाहीले गित र राजेश शाहीले गजल प्रस्तुत गरेका थिए । कार्यक्रममै चियापान समारोह पनि सम्पन्न भएको थियो भने सबै अतिथिहरुले मन्तब्य राख्ने कार्य भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि चुडामणि वली 'आदर्श', अतिथिहरु गोरखराज गिरि, निरप रावत, धुर्वबहादुर थापा, कृष्ण विक 'सुर्य', धर्मबहादुर थापा 'धनुष', डबल नेपाली 'दमन', नरेश शाही 'सिसिर', उदय कसेरा 'उदय' लगायतले कार्यक्रमलाई सम्बोधन गरेका थिए ।

२६ औँ जनयुद्ध दिवस फाल्गुन १ गते शनिबार सम्पन्न भएको थियो । कार्यक्रमको आयोजक नेपाल कम्युनिस्ट पार्टी कारागार शाखा बाजुराले गरेको थियो । सभापति राजेश कुमार शाही 'आकाश' द्वारा कार्यक्रमको समापन भएको थियो ।

# २६ औँ जनयुद्ध दिवस नवलपुर र पाल्पामा मनाइयो

काठमाडौँ : दलाल सत्ताद्वारा प्रतिबन्धित जनप्रिय नेपाल कम्युनिस्ट पार्टी नवलपुरले ऐतिहासिक २६ औँ जनयुद्ध दिवस दर्जनौं नेता कार्यकर्ता र सयौँ स्थानीयको उपस्थितिमा कावासोती नगरमा सम्पन्न गरेको छ । उक्त कार्यक्रममा प्रहरी हिरासतबाट रिहा हुनुभएका जनपरिषद् नवलपुर जिल्ला प्रमुख विशाललाई अभिनन्दन गरिएको थियो ।

प्रमुख अतिथि ध्रुर्वले महान् जनयुद्धका बाँकी कार्यभार र महान सहिदहरुका अधुरा सपना पूरा गर्न एकीकृत जनक्रान्तिमा लामबद्ध भई दलाल पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य गरि वैज्ञानिक समाजवाद स्थापना गरे मात्र जनयुद्ध दिवस मनाउनुको सार्थकता हुने बताए । एक्काइसौं सताब्दीमा पनि नेपाली महिलाहरुलाई दलाल सत्ताले थिचोमिचो र अन्याय/अत्याचार थोपरिरहेकोले दिनहुँ बलात्कार, हत्या-हिंसा जस्ता जघन्य अपराध हुँदा पनि पीडितलाई न्याय दिलाउन नसकेको र वैज्ञानिक समाजवादमा मात्र मुक्ति सम्भव रहेको भन्दै अखिल नेपाल महिला संघ क्रान्तिकारी लुम्बिनी ब्युरो संयोजक ममताले आक्रोश व्यक्त गरिन् ।

महान जनयुद्ध, एकीकृत जनक्रान्ति लगायत सम्पूर्ण न्यायपूर्ण आन्दोलनका महान् सहिद, बेपत्ता घाइते/अपाङ्ग योद्धाहरुको अधुरो सपना जुनसुकै मुल्य चुकाउन परे पनि पूरा गरेरै छोड्ने भन्दै सेक्रेटरी शितलले कार्यक्रम समापन गरेका थिए । कार्यक्रममा खुशियालीका साथ एक आपसमा अबिरयापन गरिएको थियो ।

नेपाल कम्युनिस्ट पार्टी नवलपुर जिल्ला इन्चार्ज ध्रुर्वको प्रमुख आतिथ्यता, अखिल नेपाल महिला संघ क्रान्तिकारी लुम्बिनी ब्युरो संयोजक ममताको आतिथ्यता रहेको थियो । यसैगरी जिल्ला सेक्रेटरी शितलको अध्यक्षता, गैंडाकोट सेक्रेटरी शैलेन्द्रको सञ्चालन रहेको कार्यक्रममा स्वागत मन्तव्य देवचुली नगर सेक्रेटरी संजयले राखेका थिए भने शुभकामना मन्तव्य युवा संगठन नेपाल नवलपुर जिल्ला अध्यक्ष अबिनाशले राखेका थिए ।

त्यसैगरी, नेपाल कम्युनिस्ट पार्टी पाल्पाले २६ औँ महान जनयुद्ध दिवसको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । पाल्पामा आयोजित उक्त कार्यक्रम जिल्ला पार्टीको विभिन्न तहका नेता, कार्यकर्ताहरुको उपस्थिति रहेको थियो भने सयौँ सङ्ख्यामा जनसहभागिता रहेको थियो ।

नेकपा पाल्पा इन्चार्ज प्रविणले जनयुद्ध दिवस मनाउनुको महत्वको बारेमा उल्लेख गर्दै आज नेपाली क्रान्तिले धक्का अवश्य खाएको छ तर क्रान्तिको प्रक्रिया नरोकिएको बताए । साथै एकीकृत जनक्रान्तिको दिशामा सम्पूर्णलाई गोलबन्द हुन आह्वान समेत गरे ।

# सेती-महाकाली ब्युरोद्वारा जनयुद्ध दिवस विभिन्न कार्यक्रम गर्दै सम्पन्न

अछाम : नेपाल कम्युनिस्ट पार्टीको सेती-महाकाली ब्युरोले विभिन्न कार्यक्रम गरि २६औँ जनयुद्ध दिवस मनाएको छ । सेती-महाकालीका सबै जिल्लाहरूमा जनयुद्ध दिवस मनाएको जनाइएको छ । अछाममा जिल्ला सेक्रेटरी प्रतिकको अध्यक्षता र जिल्ला इन्चार्ज तर्कराजको प्रमुख आतिथ्यतामा जनसभा गरि जनयुद्ध दिवस मनाएको हो ।

जनसभालाई सम्बोधन गर्दै इन्चार्ज तर्कराजले जनयुद्ध नेपाली वर्गसंघर्ष र समाज रूपान्तरणको महासमर भएको उल्लेख गरे । जनयुद्धका उपलब्धिको रक्षा गर्दै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्न नेकपा संघर्षमा रहेको जनाउँदै साथ दिन जनतालाई अनुरोध गरे ।

त्यसैगरी, नेकपा बैतडीले २६ औँ जनयुद्ध दिवसका अवसरमा २६ वटा झण्डा फहराउँदै शुभकामना आदानप्रदान कार्यक्रम गरि जनयुद्ध दिवस मनाएको छ । शुभकामना आदानप्रदान कार्यक्रमलाई जिल्ला इन्चार्ज सहदेव, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) व्युरो संयोजक पुर्णिमा धामी लगायतले सम्बोधन गरेका थिए ।

जनयुद्ध दिवसकै अवसरमा कैलालीमा समेत विभिन्न कार्यक्रम गरिएको जनाइएको छ । कैलालीको गोदावरी नगर समितिले शुभकामना आदानप्रदान सहित चियापान कार्यक्रम सम्पन्न गरेको भेला मार्फत पार्वती बि.क. को नेतृत्वमा अखिल नेपाल महिला संघ क्रान्तिकारीको १९ सदस्यीय एरिया समितिसमेत गठन गरेको नगर इन्चार्ज रुपेशले जानकारी दिए ।

कैलालीका सबै एरिया समितिले शुभकामना आदानप्रदान, चियापान, कोणसभा, मिठाई वितरण गरि जनयुद्ध दिवस मनाएको जिल्ला सेक्रेटरी करणले जानकारी दिए ।

# जनयुद्ध दिवसको अवसरमा काभ्रेमा शुभकामना तथा प्रशिक्षण

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी काभ्रे जिल्लाले २६ औँ जनयुद्ध दिवसको अवसरमा आयोजना गरिएको शुभकामना तथा प्रशिक्षण कार्यक्रम भव्य रुपमा सम्पन्न गरेको छ । उक्त कार्यक्रममा जिल्लाका नेता कार्यकर्ताको बाक्लो उपस्थिति रहेको जनाइएको छ ।

कार्यक्रममा प्रमुख अतिथि तथा व्युरो इन्चार्ज आधारले राष्ट्रको स्वाधीनता र देशको पूर्ण मुक्ति नै हाम्रो कार्यभार रहेको भन्दै अमेरिका र भारत मिलेर नेपालमा राजनीतिक संकट ल्याएको बताए । हाम्रो पार्टी लगायतको रणनैतिक मोर्चाले अगाडि सारेको विकल्प वैज्ञानिक समाजवादले मात्र आजको संकटको निकास दिने पनि बताए ।

त्यस्तै अर्को सन्दर्भमा उनले वास नरहे बासुरी नहुने तर्क गर्दै संसद नै नभएपछि पार्टी माथिको प्रतिबन्ध पनि स्वतः नरहेको उल्लेख गर्दै जनतामा कार्यकर्ताहरुलाई खुल्ला रुपमा प्रस्तुत हुन निर्देशन दिए ।

कार्यक्रमको अध्यक्षता जिल्ला इन्चार्ज शरदले गरेका थिए भने सञ्चालन जिल्ला सेक्रेटरी प्रकाशले गरेका थिए ।

# जनयुद्ध दिवसको अवसरमा पोखरामा दिप प्रज्वलन

पोखरा : ऐतिहासिक महान २६ औँ जनयुद्ध दिवसको अवसरमा नेकपा निकट अखिल क्रान्तिकारीले शनिबार कास्कीको सहिद आवसीय स्कुलमा दिप प्रज्वलन सहित विद्यार्थीहरुको साथमा जनयुद्ध दिवस मनाएको छ ।

पृथ्वीनारायण क्याम्पस जिल्ला समिति र कास्की जिल्ला समितिद्वारा गरिएको कार्यक्रममा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रकाश बास्तोलाले कविता सहित आफ्नो मन्तव्य शुरु गरेका थिए । उनले महान जनयुद्धमा बलिदानी गर्नु भएका तमाम सहिद, बेपत्ता र घाईते, अपाङ्गहरुप्रति उच्च सम्मान गर्दै स्मरण गरे ।

यस्तै कार्यक्रममा कास्की जिल्ला संयोजक पुरन पुन र पृथ्वीनारायण क्यापस जिल्ला समिति अध्यक्ष उपेन्द्रले दलाल संसदीय ब्यवस्था रहेसम्म देश र जनताको अधिकार सुनिश्चित नहुने बताए ।

## २६औँ जनयुद्ध दिवसको ....

बताएका छन् र वर्तमान संकटको निकास वैकल्पिक संयुक्त सरकार हुन सक्ने विकल्प प्रस्तुत गरेका छन् । 'वैकल्पिक संयुक्त सरकारको नेतृत्वमा सार्वभौम शक्तिसम्पन्न जनताको जनमतद्वारा पुँजीवाद वा वैज्ञानिक समाजवादको फैसला गर्नुपर्दछ', वक्तव्यमा उल्लेख गरिएको छ ।

वैकल्पिक संयुक्त सरकारद्वारा अग्रगामी राजनीतिक निकास दिने उद्देश्यका साथ क्रान्तिकारी र परिवर्तनकारी मित्रशक्तिहरु बिच गठन भएको रणनीतिक संयुक्त मोर्चा ऐतिहासिक महत्वको रहेको र दशकौँदेखिको जनताको आकांक्षालाई प्रतिनिधित्व र नेतृत्व दिन सक्षम रहेको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ– "२६औँ जनयुद्ध दिवस मनाउँदै गर्दा हामी इमानदारी एवम् जिम्मेवारीका साथ सबै मित्रहरुलाई यही राजनीतिक विकल्पका पक्षमा गोलबन्द भएर महान् जनयुद्ध एवम् जनआन्दोलनहरूका सुन्दर सपनाहरू साकार पार्न अगाडि बढ्न विशेष अपिल गर्न गर्दछौँ ।"

## नेकपा केन्द्रीय कार्यालय ....

एकीकृत जनक्रान्ति क्रान्तिकारी र जनसमुदायको आशाको केन्द्र बन्दै गइरहेको र भर्खरै निर्माण भएको रणनीतिक संयुक्त मोर्चा सबै क्रान्तिकारी र प्रगतिशीलहरूका लागि ऐतिहासिक महत्वको रहेको उल्लेख गरेका थिए । कार्यक्रममा अर्का अतिथि पार्टीका सचिवालय सदस्य विषमले जनयुद्धको ऐतिहासिक महत्व दर्शाउँदै निरन्तर क्रान्तिको बाटोमा अघि बढ्न आह्वान गरे । त्यसैगरी, मनिराज, गणेश आदिसमेत शुभकामना व्यक्त गरेका थिए । विजयको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन संजय र स्वागत प्रकाशले गरेका थिए । कार्यक्रममा सहभागीहरूबिच एकअर्कालाई अबिर वरण गरी शुभकामना आदान प्रदान गरिएको थियो ।

## नेपालमा पहिलो पटक ....

पार्टी, मोहन वैद्य 'किरण' नेतृत्व रहेको ने.क.पा.( क्रान्तिकारी-माओवादी), ऋषिराम कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र विश्वभक्त दुलाल नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीबिच नेपालमा संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवाद र जनगणतन्त्र स्थापना गर्न रणनीतिक संयुक्त मोर्चा गठन भएको छ ।

आजको घोषणा कार्यक्रममा सम्बोधन गर्दै नेता मोहन वैद्य 'किरण' ले कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले लगाएको प्रतिबन्ध तुरुन्त हटाउनु र गिरफ्तार गरी जेल-हिरासतमा राखिएका नेता-कार्यकताहरूलाई तुरुन्त रिहा गर्नुपर्ने माग गरे । यो मोर्चाले छरिएर रहेका सबै क्रान्तिकारीहरूलाई गोलबन्द गर्ने र यसलाई विकास गर्दै पार्टी एकतातर्फ अघि बढ्ने जनाए । उनले आफूलाई आधिकारिक पार्टीको दाबी गरिरहेका केपी ओली र प्रचण्ड-माधव पक्षलाई इँगित गर्दै दुवै नक्कली कम्युनिस्ट भएको उल्लेख गर्दै उनीहरुले विगतका संघर्ष र जनयुद्धको ब्याज खाँदै अहिलेको शक्तिसंघर्ष पनि जनताको अधिकार र हितमा नभई व्यक्तिगत स्वार्थकेन्द्रित भएको बताए । साथै, वर्तमान संसदीय व्यवस्था असफल भइसकेको निष्कर्षसहित अब निर्णायक संघर्षको समय आएकोले संघर्षमा साथ दिन सबैलाई आग्रह गरे ।

अर्का नेता ऋषिराम कट्टेलले जनताको पक्षमा जेल र हिरासतमा संघर्ष गरिरहेका नेता-कार्यकर्ताहरूलाई कार्यक्रमबाटै सम्मान व्यक्त गरे । विप्लव नेतृत्वको पार्टीमाथिको प्रतिबन्ध हटाउन र सबै नेता-कार्यकर्तालाई स-सम्मान रिहा गर्न सरकारसँग आग्रह गर्दै उनले यदि सरकारले रिहा नगरे जनताले जेल तोडेर आफ्ना प्रतिनिधिलाई छुटाउने घोषणा गरे । साथै, रणनीतिक मोर्चा इमानदारीपूर्वक जनताको मुक्तिका लागि संघर्षमा लागिपर्ने प्रतिबद्धता जनाए । नेता आहुतिले रणनीतिक संयुक्त मोर्चा आजको आवश्यकता भएको बताउँदै वर्तमान व्यवस्थामा प्वाल परिसकेको स्थितिमा मोर्चाको दोस्रो चरणको कार्यक्रमसम्म नयाँ क्रान्तिकारी ध्रुवीकरणका लागि आधार तयार हुने स्पष्ट पारे । कार्यक्रममा राष्ट्रिय जागरण मञ्चका अध्यक्ष गुणराज लोहनीले रणनीतिक मोर्चा गठन भएकोमा बधाई तथा शुभकामना दिँदै सबै वामपन्थी, देशभक्त र सच्चा लोकतन्त्रवादी शक्तिलाई समेत समेटेर अघि बढ्नुपर्ने बताए । नेकपा (क्रान्तिकारी-माओवादी) का नेता सीपी गजुरेलको नेतृत्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन धनकुमारी सुनार र नेकपाका सहसंयोजक लोकनारायण सुवेदीले स्वागत गरेका थिए ।

मोर्चाले आजै पहिलो चरणको संघर्षको कार्यक्रमसमेत सार्वजनिक गरेको छ, जसअन्तरगत माघ २९ गते मोर्चाको घोषणासभा : काठमाडौं, फागुन ६ गते जनसभा : बुटवल, फागुन १४ गते जनसभा : कैलाली, फागुन १८ गते, जनसभा : इटहरी रहेको छ । कार्यक्रममा मोर्चाको अवधारणापत्र, नीति र कार्यक्रम घोषणा गरिएको थियो । सांगठनिक संरचनाबारे नीति उल्लेख गर्दै, हाल केन्द्रमा पन्ध्र सदस्यीय समिति घोषणा गरेको छ । जसअनुसार– सीपी गजुरेल, ऋषिराम कट्टेल, सन्तोष बुढा मगर, नवीनकुमार विश्वकर्मा, अज मोहम्मद, रामसिंह श्रीस, पवनमान श्रेष्ठ, रामदुलार महतो, राजेश बान्तवा, जागृत रायमाझी, धनकुमारी सुनार र नवीन रिमाल रहेका छन् भने तीन सदस्य पछि थप गर्ने बताइएको छ । प्रथम बैठकले अध्यक्ष र सचिव चयन गर्नेसमेत मोर्चाले उल्लेख गरेको छ ।

## आपराधिक कार्य नरोके ....

ढाँट्ने र छलकपट गर्ने अपराधीहरूलाई सामाजिक बहिस्कार गरी कानुनी कारबाही गर्न सम्बन्धित निकायलाई अनुरोध गर्दै लुटिएका सम्पूर्ण सामान तत्काल फिर्ता गर्न र यस्ता गलत तथा आपराधिक कार्य नरोके कडा प्रतिवाद गर्ने चेतावनी दिएका छन् ।

इन्चार्ज ध्रुवले विज्ञप्तिमा भनेका छन्, ' नवपुर जिल्ला बौँदीकाली गाउँपालिका वडा नं. ४ आमडाँडा गाउँमा २०७७ माघ २९ गते हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी नवलपुर सहिद परिवार भेटघाट तथा जनभेटघाटमा गएको बेला कथित माता धामी, झाँक्रीहरू र गाउँका केही फटाहाहरूद्वारा नियोजित रूपमा घटाइएको घटनाप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । सहिद परिवारको घरमा बसिरहेको बेला कथित माताबाट 'यस्तो पुजा दुनामुना गर्दा कोही पनि गाउँ छिर्न पाईदैन, किन आयौ ?' भनी हाम्रो पार्टीका जिल्ला सेक्रेटरी कमरेड हिमाल, जिल्ला सदस्य कमरेड अर्जुनलाई कथित लामा र माता भनिने बौँदीकाली गाउँपालिका वडा नं. १ बस्ने भीमसेन ठाडाकी श्रीमती कथित माता भनेर चिनिने उमा ठाडा, कथित माता भनिने देवचुली नगरपालिका वडा नं. ९ की एञ्जिला विक, बौँदीकाली गाउँपालिका ४ आमडाँडा बस्ने कथित माता भनेर चिनिने सूर्य थापाकी श्रीमती, सोही गाउँकै बाबा भनेर चिनिने व्यक्ति र गाउँकै तिलप्रसाद गाहा, विनोद थापासहित कथित बाबा र माता भनेर चिनिने ६ जनाको समूहले मोबाइल, झोला र सम्पूर्ण सामान नियन्त्रणमा लिई लाठी, ढुंगाले हानी कुटपिट गरी घाइते बनाएका छन् ।'

ध्रुवले विज्ञप्तिको अन्त्यमा भनेका छन्, ' उनीहरुले हाम्रा कमरेडहरूको झोलासहितका सम्पूर्ण सामग्री लुटेर लगेका छन् । यो गलत कार्य भयो भने उक्त स्थानमा पुगेका बौँदीकाली गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष मनबहादुर सारु, सहिद परिवार दिलबहादुर राना, शिक्षक लोकबहादुर गाहामाथि समेत उक्त समूहले निर्घात कुटपिट गरेको छ । यो एक्काइसौँ शताब्दीमा पनि कथित माता र बाबाको नाममा भएका यस्ता अत्यन्तै घृणित र आपराधिक कार्यको भर्त्सना गर्दै यस्ता भ्रामक र काल्पनिक कुरा गरेर जनतालाई ढाँट्ने र छलकपट गर्ने अपराधीहरूलाई सामाजिक बहिस्कार गरी कानुनी कारबाही गर्न सम्बन्धित निकायलाई अनुरोध गर्दछौँ । हाम्रा कमरेडहरूका लुटिएका सम्पूर्ण सामान तत्काल फिर्ता गर्न र यस्ता गलत तथा आपराधिक कार्य नरोके पार्टीले कडा प्रतिवाद गर्ने यसै वक्तव्यमार्फत् जानकारी गराउँदछौँ ।'

## रणनीतिक संयुक्त ....

सभा : काठमाडौं, फागुन ६ गते जनसभा : बुटवल, फागुन १४ गते जनसभा : कैलाली, फागुन १८ गते, जनसभा : इटहरी रहेको छ । साथै, सांगठनीक संरचनाबारे नीति उल्लेख गर्दै, हाल केन्द्रमा १५ सदस्सीय समिति घोषणा गरेको छ । जसअनुसार– सीपी गजुरेल, ऋषिराम कट्टेल, सन्तोष बुढा मगर, नवीनकुमार विश्वकर्मा, अज मोहम्मद, रामसिंह श्रीस, पवनमान श्रेष्ठ, रामदुलार महतो, राजेश बान्तवा, जागृत रायमाझी, धनकुमारी सुनार र नवीन रिमाल रहेका छन् भने तीन सदस्यपछि थप गर्ने बताइएको छ । प्रथम बैठकले अध्यक्ष र सचिव चयन गर्नेसमेत मोर्चाले उल्लेख गरेको छ ।

संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यव्यवस्थाको स्थापना गर्दै वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्नुपर्ने विषयमा सहमत हुँदै चार कम्युनिस्ट पार्टीले रणनीतिक संयुक्त मोर्चा निर्माण गर्ने सहमति गरेका थिए । चार पार्टीको यो संयुक्त मोर्चाबाट क्रान्तिकारी पङ्क्ति उत्साहित बनेको छ भने आमूल परिवर्तनका पक्षधर जनताले पनि आशाको नजरले हेरेका छन् ।

संसद विघटनपछिको विकसित राजनीतिक परिस्थितिमा संसद्को पुनर्स्थापना तथा संसद्को निर्वाचनबाट मुलुकमा विद्यमान राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायतका समस्याहरूको वास्तविक समाधान नहुने भन्दै सम्पूर्ण सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारी शक्ति र व्यक्तिहरू सङ्घीय जनगणतन्त्रको विकल्पमा अगाडि बढ्नुपर्ने चार कम्युनिस्ट पार्टीको निष्कर्ष रहेको छ ।

हुलाक द. नं. ०२/०७७/७८ काठमाडौं जि.का. द. नं. १०७/०७१/७२ वर्ष ६, अङ्क २७, पूर्णाङ्क २६०
रातो खबर

# वैदेशिक मजदुरद्वारा २६ औँ जनयुद्ध दिवस सम्पन्न

**रबिन पुन/कतार :**

सम्पूर्ण वामपन्थी प्रगतिशील देशभक्त मजदुर जनसमुदायको साझा संगठन नेपाली जनप्रगतिशील मोर्चा कतारले २६ औँ महान जनयुद्ध दिवस भब्य रुपले मनाएको छ। वर्तमान कोरोना समस्यालाई मध्यनजर गर्दै अनलाइन मार्फत गरिएको कार्यक्रम संचालन मोर्चा महासचिव रबिन पुनले गरेका थिए भने मोर्चा अध्यक्षको सभापतित्व रहेको थियो।

कार्यक्रमको प्रमुख अतिथि नेपालबाट जनजागरण अभियानका अध्यक्ष तथा सहिद परिवार तथा नेपाल राष्ट्रिय शिक्षक संगठनका भुपु अध्यक्ष गुणराज लोहनी रहेका थिए। अन्य अतिथि वक्ताहरुमा मोर्चा सल्लाहकार समिति संयोजक रमेश गिरी, मोर्चा सल्लाहकार समिति सदस्य श्रीकृष्ण भट्टराई, मोर्चा सल्लाहकार समिति सदस्य रेशम पौडेल रहेका थिए। ज्ञातअज्ञात सहिदहरुको सम्मानमा एक मिनेट मौन धारण गरि शुरु गरिएको कार्यक्रममा उपस्थितलाई स्वागत मन्तव्य मोर्चा उपाध्यक्ष जमुना श्रेष्ठले गरेका थिए।

मोर्चाको इतिहास बारेमा बोल्दै रेशम पौडेलले कतारमा सक्रिय मोर्चाले जनसेवाका कामहरु गरिरहे पनि केही अबान्छित तत्वले राजनीतिक आरोप लगाउँदै प्रशासनमा बुझाउने प्रयत्न गरेकोप्रति जंगली व्यबहार भनी संज्ञा दिंदै त्यस्ता जंगली मानसिकता भएका ब्यक्तिले नेपाललाई कहिले पनि अगाडि बढ्न नदिने बताए।

त्यस्तै अर्का वक्ता श्रीकृष्ण भट्टराईले मोर्चाको स्थापनाकालदेखि नै अत्यधिक मात्रामा पीडामा परेका नेपाली मजदुरको सेवा गर्दै आएको र संगठन पनि अन्यको तुलनामा सक्रिय रहेको तर केही साथीहरूले बालापन देखाएर मिडियाको दुरुपयोग गर्दै मोर्चालाई बदनाम गराउन लागि परेको बारेमा बताउदै उहाँहरु आफू सच्चिएर मोर्चा समितिमै फर्कन जरुरी रहेको बताए।

मोर्चा सल्लाहकार समिति संयोजक तथा कार्यक्रम अतिथि रमेश गिरीले महान जनयुद्धको शुरूवातको इतिहास हुँदै बिदेशमा मोर्चा निर्माणको आवश्यकता बारेमा बताउँदै देश अनुसारको भेश भनेजस्तो मोर्चाले पनि स्थापना कालदेखि सामाजिक सेवामार्फत नै नेपाली युवाहरूलाई बिदेश आउन बन्द गराई स्वदेशमै श्रम गराउने र युवा बेचेर देश चलाउने सिस्टमको अन्त्यको लागि एकीकृत जनक्रान्तिमार्फत बैज्ञानिक समाजवादी ब्यवस्थाको लागि संघर्स गर्नुपर्ने र उत्पादन बेचेर देश धनी बनाउन युवाहरू लाग्नु पर्ने बताए।

कार्यक्रमका प्रमुख अतिथि गुणराज लोहनीले वर्तमान राजनीतिक समस्या र अबको विकल्प बारेमा प्रकाश पारेका थिए। महान जनयुद्धको सुप्रिम कमान्डर आज संसदबादको दलदलमा फसेर आफ्नो नेता नै माधव कुमार नेपाललाई मान्न पुगेको र रास्ट्रियतामाथि पनि आँच आउने गरि भारतलाई गुहार्न पुगेकाले अबको विकल्प बैज्ञानिक समाजवाद बाहेक अरु हुन नसक्ने भन्दै रास्ट्रिय राजनीतिमा संसदवाद पुरै फेल भएको कम्युनिस्ट आन्दोलनमा घुसपैठ गरि कमाउनिस्ट आन्दोलनमा रुपान्तरण गराउने प्रयत्न गरे पनि नयाँ युवा पुस्ताले त्यो हुन नदिने र अब छिटो नै बैज्ञानिक समाजवाद प्राप्त गर्ने आधार तयार हुँदै जानुको प्रमाण नै चार पार्टीको संयुक्त कार्यगत एकता हुनुले प्रमाणित गर्ने बताए।

कार्यक्रमको समापन गर्दै सभापति जयकिशोर पोद्दारले कार्यक्रम भब्य र सभ्य बनाउन सहयोग गर्नुहुने सबै उपस्थित अतिथि तथा मोर्चा सदस्यहरुलाई हार्दिक धन्यवाद दिंदै मोर्चाको बिधान अनुसार सबै संगठित भएर अगाडि बढ्न आह्वान गरे।

# जनयुद्ध दिवसको अवसरमा चलाउने र चौधरीबीच जनवादी बिवाह

**काठमाडौँ** : २६ औँ महान जनयुद्ध दिवस कैलालीले विभिन्न गाउँ, नगरकमिटीमा भब्य रूपमा मनाएको छ। धनगढी उप-महानगरपालिकामा आयोजित कार्यक्रममा प्रमुख अतिथि कैलाली जिल्ला सेक्रेटरी करन रहेका थिए भने सञ्चालन एरिया सेक्रेटरीले गरेका थिए।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा जिल्ला सेक्रेटरी करनले जनयुद्धकै कारण नेपालमा लोकतान्त्रिक गणतन्त्र आएको र जनयुद्धका बाँकी कार्यभार एकीकृत जनक्रान्ति मार्फत पूरा गर्न आम जनसमुदायलाई एकीकृत जनक्रान्तिमा होमिन अपिल समेत गरे।

यसैगरी गोदावरी नगर कमिटीले पनि नगरमा अखिल नेपाल महिला संघ क्रान्तिकारीको तेस्रो भेलासहित २६ औँ जनयुद्ध दिवस मनाएको छ।

कार्यक्रममा प्रमुख अतिथि महिला संघ क्रान्तिकारीकी जिल्ला संयोजक सृष्टि र अतिथि नगर इन्चार्ज रुपलाल थिए। उक्त भेलाले कल्पनाको संयोजकत्वमा १३ सदस्यीय कमिटी निर्माण गरेको छ। कार्यक्रमको सञ्चालन सुस्माले गरेकी थिइन्।

यसैगरी लम्किचुवा तथा जानकी नगर कमिटीले पनि जनयुद्ध दिवस भब्य रूपमा सम्पन्न गरेको छ। जनयुद्ध दिवसको अवसरमा जनयुद्धका घाइते तथा अपांग समाजका पुर्व केन्द्रीय अध्यक्ष प्रर्वतको प्रमुख आतिथ्यतामा बिशिस्ट अतिथि, हृदय, अतिथि बिनिता, भानु थिए भने कार्यक्रममा घाइते अपाङ्ग समाजका केन्द्रीय अध्यक्ष तथा प्रमुख अतिथि प्रर्वतलाई सम्मान गरिएको थियो। सोही कार्यक्रममा लोकेस चलाउने र रबिना चौधरी बीच जनवादी बिवाह सम्पन्न गरेको प्राप्त समाचारमा जनाइएको छ।

त्यस्तै भजनी नगर कमिटी, कैलारी गाउपालिका, घोडाघोडी नगरपालिका, टिकापुर, जोशीपुर, बर्दगोरिया लगायतका स्थानहरुमा २६ औँ महान जनयुद्ध दिवस मनाएको कैलालीबाट प्राप्त समाचारमा जनाइएको छ।

# बलात्कार तथा हत्याहिंसाका विरुद्ध झापा र मोरङमा प्रदर्शन

**विर्तामोड।** नेपाल कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारी र अखिल नेपाल महिला संघ क्रान्तिकारीले झापा र मोरङमा बलात्कार तथा हत्याहिंसाको संयुक्त रूपमा विरोध गर्दै प्रदर्शन गरेको छ। बैतडीकी भागरथी भट्ट, मोरङमा भएको सामूहिक बलात्कार एवम् झापामा शिक्षकको कुटाइबाट मृत्यु भएका १० वर्षीय बालक मृत्यु प्रकरणका दोषीलाई अविलम्ब कारबाहीको माग राख्दै अखिल क्रान्तिकारी र अनेम संघ क्रान्तिकारीले प्रदर्शन गरेको हो। झापाको विर्तामोडमा सयौँ विद्यार्थी तथा अनेम संघ क्रान्तिकारीका सदस्यहरूको उपस्थितिमा भएको विरोध प्रदर्शनलाई अखिल क्रान्तिकारीका नेता विपी मगर र महिला संघ क्रान्तिकारीकी नेतृ समीक्षाले सम्बोधन गरेकी थिइन् भने मोरङमा विद्यार्थी नेता सिमान्तले सम्बोधन गरेका थिए।

उक्त विरोध प्रदर्शनलाई सम्बोधन गर्दै नेताहरूले भागरथी भट्ट, मोरङ घटना र झापामा शिक्षकको पिटाइबाट मृत्यु भएका बालकको परिवारलाई न्यायको माग राख्दै दोषीलाई कडाभन्दा कडा कारबाहीको माग गरेका छन्। विरोध प्रदर्शनमा केपी ओली मुर्दावाद, बलात्कारीलाई अविलम्ब कारबाही गर, भागरथी भट्टलाई न्याय दे, विद्यार्थीहरूमाथि हुने यौन शोषण बन्द गर, यस्तो सरकार चाहिँदैन विद्यार्थी कुट्न पाइँदैन, प्रतिबन्ध खारेज गर, बलात्कारीलाई फासि दे लगायतका विभिन्न नाराहरू लेखिएका प्लेकार्डसमेत प्रदर्शन गरिएको थियो।

# जनयुद्ध दिवसको अवसरमा पहिलोपटक अमेरिकामा अन्तरक्रिया

**रातो खबर संवाददाता/काठमाडौं**

२६ औँ जनयुद्ध दिवस आयोजक समिति अमेरिकाले पहिलोपटक अमेरिकामा भव्य अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा विशेष अतिथिहरू गुणराज लोहनी र लेखनाथ न्यौपानेलाई आमन्त्रण गरिएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि गुणराज लोहनीले नेपालमा अझै पनि पूर्ण रूपमा क्रान्ति सम्पन्न नभएकाले सबैले आ-आफ्नो ठाउँबाट योगदान गर्नुपर्ने बताए। यो व्यवस्था ल्याउन भूमिका नरहेको व्यक्तिको हातमा सरकारको नेतृत्व जानाले अहिले नेपालमा यस्तो संकटपूर्ण परिस्थिति उत्पन्न भएको बताए। नेपालमा अहिले दलाल पुँजीवादी सत्ता छ। यो दलाल पुँजीवादी उत्पीडनको अन्त्य अरू कुनै विचार र व्यवस्थाबाट हुँदैन। यसको हल भनेको वैज्ञानिक समाजवादी क्रान्तिले मात्र गर्ने बताए।

त्यसैगरी, न्यौपानेले नेपालमा आमूल परिवर्तनका निमित्त जनयुद्ध आवश्यक थियो, ऐतिहासिक जनयुद्धको कारणले नै गणतन्त्र आएको हो। युद्ध लड्ने साथीहरू अहिले आफ्नो देश छोडेर अन्यत्र पलायन हुनु परेकोमा आफूलाई दुःख लागेको बताए। अबको यात्रा भनेको समाजवादतर्फ रहेको हुँदा नयाँ पुस्ताले पहल गर्नुपर्ने बताए। अतिथिको रूपमा बौल्दै विश्वबहादुर शाह, कन्यैन परियार र तिलक केसीले जनयुद्ध दिवसको वर्तमान अवस्थामा झनै महत्व रहेको कुरा व्यक्त गरेका थिए। यसैगरी मन्तव्य राख्ने क्रममा पत्रकार किशोर पन्थीले जनयुद्धको महत्व र बिष्णु भुजेलले नेपालको कम्युनिस्ट आन्दोलनको आवश्यकताबारे चर्चा गर्दै २६ औँ जनयुद्ध दिवसको शुभकामना व्यक्त गरेका थिए भने मधुसागर पौडेलले स्वागत गरेका थिए। काशीनाथ पौडेलको अध्यक्षता रहेको कार्यक्रमलाई दिपक लामिछानेले सञ्चालन गरेका थिए। कार्यक्रममा अमेरिका, युरोप, मध्यपूर्व र मलेसियालगायतका देशहरूबाट उत्साहजनक सहभागिता जनाएका थिए।







## भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृत गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९
इमेल : prasasan.customs@gmail.com

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **बसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ